सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१८ असोज २०८०, बिहीबार (5 Oct 2023, Thursday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १७५ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

युरोपेली मुलुकसँग पनि श्रम सम्झौता हुँदै

रोमानियासँग शुक्रबार र जर्मनीसँग मंगलबार श्रम सम्झौता हुँदै, जर्मनीमा सरकारले तथा रोमानियामा म्यानपावर व्यवसायीले श्रमिक पठाउने



६ वर्षमा युरोपेली मुलुक कति गए नेपाली श्रमिक ?

आव	साइप्रस	पोल्यान्ड	रोमानिया	टर्की	माल्टा	जर्मनी	पोर्चुगल
०७४/७५	१५७४	३६२०	३१६	१८१५	६००	३३२	२४
०७५/७६	२३४०	११९५	१२३९	१६३२	१७४९	९३	४६१
०७६/७७	१४४७	१८४	१९३०	१०००	१६६८	३६	६२७
०७७/७८	१०१२	४५३	१९१२	७१०	६४	१९	५७
०७८/७९	३२२२	१५०२	६४१८	८५२	१२६८	४९	७७
०७९/८०	४२७५	४९१५	१३१३७	११५	५६०३	५१	७३०
जम्मा	**१३८७०**	**११८६९**	**२४९५२**	**६१२४**	**१०९५२**	**५८०**	**१९७६**

स्रोत : नेपाल वैदेशिक रोजगार विभाग

मुना कुँवर/नयाँ पत्रिका

युरोपका विभिन्न मुलुकमा श्रमका लागि नेपाली कामदारको अवैध प्रवेश भइरहेका वेला अब दुई मुलुकमा सरकारले नै श्रम सम्झौता गरेर पठाउने भएको छ। सरकारले जर्मनी र रोमानियासँग श्रम सम्झौता गर्न लागेको हो।

रोमानियासँग शुक्रबार र जर्मनीसँग मंगलबार श्रम सम्झौता हुँदै छ। युरोपेली मुलुकसँग यो नै नेपालको पहिलो श्रम सम्झौता हुनेछ। सम्झौतापछि नेपाली श्रमिकले श्रम स्वीकृति लिएपै औपचारिक रूपमा जर्मनी र रोमानिया जान पाउनेछन्। जर्मनीमा सरकार आफैंले र रोमानियामा म्यानपावर व्यवसायीमार्फत कामदार पठाउनेछ।

जर्मनी र रोमानियासँग श्रम सम्झौता गर्न बुधबार श्रममन्त्री शरत्सिंह भण्डारीसहित चारजना रोमानियातर्फ उडेका छन्। मन्त्री भण्डारीसँगै श्रम मन्त्रालयका सचिव केवलसिंह भण्डारी, उपसचिवहरू डम्बरबहादुर सुनुवार र निर्मला गुरुङ कट्टेल छन्। श्रम मन्त्रालयको टोलीसँगै परराष्ट्रका केही प्रतिनिधि पनि गएको श्रम मन्त्रालय रोजगार व्यवस्थापन महाशाखाका प्रमुख राजीव पोखरेलले जानकारी दिए। नेपाली श्रमिकको गन्तव्यलाई सुदृढ गर्न सम्भावित नयाँ मुलुकको खोजी गरिएको उनले बताए। जर्मनी र रोमानियाले चासो देखाएपछि नेपालले श्रम सम्झौताको कदम अगाडि बढाएको उनको भनाइ छ।

जर्मनी र रोमानियाजस्तै युरोपियन देशहरूले आप्रवासी श्रमिक भित्र्याउने नीति लिएका छन्। न्यून ज्यालामा आप्रवासी कामदार पाउने भएपछि युरोपियन मुलुकहरू यसतर्फ उत्साहित भएका हुन्। यी मुलुकहरूको मागअनुसार धेरै नेपाली युवा युरोपका विभिन्न मुलुक पुगेका छन्। तर, श्रम सम्झौता नहुँदा दलालहरूले नेपाली युवाबाट ठूलो रकम असुल्ने गरेको उनले बताए। 'युवाहरूबाट रकम असुल्ने मात्रै होइन, पैसा खाएर भागिदिने, अवैधानिक बाटो हुँदै बीचमा छोडिदिने घटना बढ्न थालेका छन्,' उनले भने। श्रम सम्झौतापछि भने यस्ता घटना नियन्त्रण हुने उनको जिकिर छ।

जर्मनीले प्रशिक्षार्थी श्रमिक लैजाने

जर्मनीले नेपालबाट प्रशिक्षार्थी श्रमिक लैजाने भएको छ। जर्मनीले छनोटमा परेका नेपाली श्रमिकलाई एक वर्षसम्म तालिम दिनेछ। सो अवधिमा श्रमिकलाई निश्चित रकम दिइने श्रम मन्त्रालयका रोजगार व्यवस्थापन महाशाखा प्रमुख राजीव पोखरेलले बताए। एक वर्षपछि काममा निपुण हुने र पूर्ण रोजगारी दिने जर्मन सरकारको योजना रहेको उनले बताए। तर, जर्मनीले कुन क्षेत्रका लागि श्रमिक लैजाने हो भन्ने विषयमा भने निर्क्योल गरेको छैन।

जर्मनी जान चाहने श्रमिकलाई नेपाल सरकारले पठाउनेछ। जर्मनीले तोकेको मापदण्ड पूरा गरेका श्रमिकलाई नेपाल सरकारले नै छनोट गर्नेछ। यो प्रक्रियामा म्यानपावर व्यवसायीको संलग्नता हुनेछैन। 'जर्मनी पठाउने काम सरकारले नै गर्नेछ। तर, जर्मन सरकारले कुन क्षेत्रका लागि श्रमिक चाहिने हो त्यो भने बताएको छैन। श्रम सम्झौतापछि नै यसमा छलफल हुनेछ,' उनले भने।

तर, रोमानिया जाने नेपाली श्रमिकलाई भने नेपाली म्यानपावर व्यवसायीले पठाउन सक्नेछन्। व्यवसायीले अन्य मुलुकमा जस्तै गरी रोजगारदातासँग श्रमिकको डिमान्ड प्राप्त गरेर वैदेशिक रोजगार विभागबाट स्वीकृति लिनुपर्नेछ। विभागको अनुमतिपछि व्यवसायीले विज्ञापन जारी गर्नुपर्नेछ।

» पृष्ठ ११ मा क्रमशः

प्रधानमन्त्री कार्यालयमै बस्न रुचाउँदैनन् सचिव

औसत कार्य अवधि ६ महिना ३ दिन मात्र, अधिकांश सचिवको मानसिकता नै सजाय गरेर प्रधानमन्त्री कार्यालयमा तानियो भन्ने हुन्छ र आएदेखि नै राम्रो मन्त्रालय कसरी जाने भन्ने तयारीमा लाग्छन्

सुवास भट्ट/नयाँ पत्रिका

सरकारका नीतिगत निर्णय कार्यान्वयनदेखि मन्त्रालयहरूको अनुगमन गर्नेसम्मका प्रमुख भूमिका खेल्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय नै प्रशासनिक अस्थिरताबाट गुज्रिने गरेको छ। प्रधानमन्त्री कार्यालयमा प्रशासनिक नेतृत्व गर्ने सचिवहरू नै औसत ६ महिना १३ दिनमै फेरिने गरेका छन्।

नीति अनुसन्धान प्रतिष्ठानले हालै गरेको रणनीतिक अध्ययनले सचिवहरूको तीव्र सरुवाका कारण त्यहाँबाट हुने कामसमेत प्रभावित हुने गरेको देखाएको छ। प्रतिष्ठानले हालै सरकारलाई बुझाएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सुदृढीकरण रणनीतिक योजना प्रतिवेदनले उच्चपदस्थ कर्मचारीको सरुवालाई कार्यालयको प्रमुख एक समस्याका रूपमा औंल्याएको छ। हाल प्रधानमन्त्री कार्यालयमा पाँच सचिवको दरबन्दी छ।


'राजनीतिक नेतृत्वले मन नपराएका, अवकाश हुन लागेका र अन्य मन्त्रालयमा जान चाहेका सचिवहरू थुपर्ने थलोका रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको पहिचान बन्न पुगेको छ,' प्रतिवेदनमा भनिएको छ। अध्ययन टोलीले तथ्यांक नै संकलन गरेर कार्यालयमा सचिवहरूको सरुवा प्रवृत्तिलाई समेटेको छ। उच्चपदस्थ सचिव, सहसचिवहरूको तीव्र सरुवा हुने प्रचलन कार्यालयको चरित्रजस्तै बन्न पुगेको र यसले सार्वजनिक टीकाटिप्पणी साथै आलोचना निम्त्याएको प्रतिवेदनमा उल्लेख छ। सचिवहरू पनि यहाँ आएदेखि नै राम्रो मन्त्रालय कसरी जाने भन्ने तयारी गर्नमा लाग्छन्।

प्रधानमन्त्री कार्यालयको रणनीतिक योजना बनाउने सुरुवाती चरणमा नेतृत्वसमेत गरेका नीति अनुसन्धान प्रतिष्ठानका पूर्वकार्यकारी

» पृष्ठ ११ मा क्रमशः



०७६ साउनदेखि ०७९ चैतसम्मका ४५ महिनामा प्रधानमन्त्री कार्यालयमा सरुवा भई आएका ४० सचिव को-कति टिके ?





प्रधानमन्त्री कार्यालयमा आउने सचिवहरूको ध्याउन्न नै राम्रो मन्त्रालय कसरी जाने भन्नेमा हुन्छ

● **डा. विष्णुराज उप्रेती**
पूर्वकार्यकारी अध्यक्ष, नीति अनुसन्धान प्रतिष्ठान

प्रधानमन्त्री कार्यालयमा आउने सचिवहरूको मानसिकता नै मलाई सजाय गरेर यहाँ पठायो भन्नेजस्तो देखिन्छ। त्यहाँ पुगेपछि उहाँहरूको ध्याउन्न नै राम्रो मन्त्रालय जाने तयारी गर्नमा हुन्छ। यसले गर्दा काममा उहाँहरूको लगाव नै हुँदैन। सरुवा भएर गएपछि विषय बुझ्नै पाएको हुँदैन, फ्याट्ट सरुवा हुन्छ। योजना बनाउन र त्यसको कार्यान्वयन तथा निर्णय लिनै पाउनुहुन्न। यसले अन्ततः राज्यलाई नै क्षति हुन्छ। प्रधानमन्त्री कार्यालयको 'इमेज' नै बिग्रियो।

स्थानीय तहमा पठाइएका प्रमुख प्रशासकीय धमाधम फिर्ता

कतिपयले पहुँचका आधारमा सरुवा नै रद्द गराए, काठमाडौं छाड्न नचाहने कर्मचारीको संगठित दबाब र संघले पठाएकालाई नस्विकार्ने तथा अनुकूल खोज्ने स्थानीय तहको हठका कारण पनि सरुवा प्रभावित

नयाँ पत्रिका

कर्मचारी नेतृत्वको अभावमा स्थानीय तहले समस्या भेकेलिरहेका वेला संघीय सरकारले पठाएका प्रमुख प्रशासकीय अधिकृत पनि धमाधम फिर्ता हुन थालेका छन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार ३० जनाजति प्रमुख प्रशासकीय अधिकृत खटाइएको ठाउँमा पुगेका छैनन्। उनीहरूमध्ये कतिपयले शक्ति र पहुँचका आधारमा सरुवा नै रद्द गराएका छन्।



● **विनोदप्रकाश सिंह**
सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सरुवा निर्णय गरिएका केही प्रमुख प्रशासकीय फिर्ता भएका छन्। उनीहरूमध्ये केहीलाई अन्य स्थानीय तहमा पठाइएको छ भने केही संघमै फर्किएका छन्। यसअघि मन्त्रालयले स्थानीय तहमा प्रमुख प्रशासकीय पठाउँदा गरेको सरुवा प्रक्रियामै पनि केही त्रुटि देखिन्छ। अब यी सबैलाई हेरेर स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पठाउनुपर्छ।

मन्त्रालयले विभिन्न लटमा गरेर एक सय २६ स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पठाएको थियो। त्यसमध्ये गाउँपालिकामा प्रमुख प्रशासकीय तोकेरै ९४ शाखा अधिकृत र नगरपालिकाको प्रमुख प्रशासकीय तोकेर ३२ उपसचिवलाई पठाएको थियो। त्यसभित्र कतिपयलाई अन्तर स्थानीय सरुवा पनि गरिएको थियो।

तर, मन्त्रालयले जिम्मेवारी तोकेर पठाएका करिब ३० जना प्रमुख प्रशासकीय अधिकृत खटाएको ठाउँमा पुगेका छैनन्। उनीहरूमध्ये कतिपय सरुवा रद्द भएर साबिककै निकायमा पुगेका छन्। संघ छाड्न नचाहने कर्मचारीको संगठित दबाब, स्थानीय तहले पनि संघले पठाएकालाई नस्विकार्ने हठ र राजनीतिक दबाबले सरुवा रद्द हुन पुगेको हो।

मन्त्रालयका अनुसार अहिले नै करिब एक सय ४५ स्थानीय तह निमित्त प्रमुख प्रशासकीय अधिकृतको भरमा चलिरहेका छन्। केही समयअघि

» पृष्ठ ११ मा क्रमशः

■ सुरक्षा परिषद् बैठक

सामाजिक असहिष्णुता बढाउने गतिविधि न्यूनीकरणबारे छलफल




तस्बिर : रासस


काठमाडौं/ विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पुग्ने गतिविधि बढेपछि सरकारले सुरक्षा अवस्थाको विश्लेषण गर्दै आवश्यक रणनीति बनाएको छ। देशमा धार्मिक तथा जातीय टकरावका घटना शृंखलाबद्ध रूपमा बढ्न थालेपछि राष्ट्रिय सुरक्षा परिषद्को बैठक बसेर पछिल्लो सुरक्षा अवस्थाबारे विश्लेषण गरिएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको अध्यक्षतामा बुधबार बसेको बैठकमा वर्तमान अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय सुरक्षा वातावरणसम्बन्धी समीक्षा भएको छ। सिंहदरबारस्थित राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयमा बसेको बैठकले धार्मिक तथा जातीय सद्भाव बिथ्रँदा राष्ट्रिय सुरक्षामै असर पर्न सक्ने भएकाले सुरक्षा निकायले थप चनाखो हुनुपर्ने निष्कर्ष निकालेको छ।

» पृष्ठ ११ मा क्रमशः



राम्रो आचरणका कैदी अब जेलबाहिरै



टेकराज थामी/नयाँ पत्रिका

एक वर्षभन्दा बढी कैद सजाय पाई सजायको दुईतिहाई अवधि भुक्तान गरिसकेका र राम्रो आचरण भएका कैदी सुपरिवेक्षणमा जेलबाहिरै रहन पाउने भएका छन्। सर्वोच्च अदालतले कारागारका कैदीलाई प्रोबेसन वा प्यारोल (सुपरिवेक्षणमा कैदीलाई कारागारबाट छाड्ने)मा राख्न सरकारका नाममा गरेको आदेश तीन वर्षपछि कार्यान्वयनमा आउन लागेको हो।

सुधारात्मक दण्ड सजाय कार्यान्वयनमा आए कारागारमा कैदीबन्दीको चाप घट्छ

सरकारले मापदण्ड पुगेका कैदीलाई प्रोबेसन वा प्यारोलमा राख्न सम्बन्धित कारागार प्रशासकलाई नै प्यारोल अधिकृत तोक्ने निर्णय गरेपछि सर्वोच्चको आदेश कार्यान्वयनमा आउने

» पृष्ठ ११ मा क्रमशः

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ के हो प्रोबेसन वा प्यारोल ?

प्रोबेसन वा प्यारोल सुधारात्मक दण्ड सजायको एउटा रूप हो। यो सुविधा लिई छुटेका कैदी पूर्ण रूपमा कैदमुक्त भने हुँदैनन्। उनीहरू सरकारले तोकेको सुपरिवेक्षकको निगरानीमा कारागारभन्दा बाहिर रहन्छन्। यस क्रममा उनीहरूले श्रम गर्न सक्छन्। पुनर्स्थापित हुन सामाजिक कार्यमा आबद्ध हुन सक्छन्। परिवारसँग पुनर्मिलन हुन सक्छन्। यसका लागि अदालतले तोकेको सजायको दुईतिहाई अवधि भने कैदीले कारागारमै बसेर भुक्तान गरेको हुनुपर्छ। त्यस्तै, उसको आचरण पनि राम्रो हुनुपर्छ। यस्तो कैदीलाई प्रोबेसन वा प्यारोल बोर्डको सिफारिसमा सम्बन्धित अदालतले प्यारोलमा राख्न सक्छ। यस अवधिमा ऊ तोकिएको मापदण्डभित्र रहनैपर्छ। मापदण्ड उल्लंघन गरे उसलाई बोर्डले पुनः कारागारमा फिर्ता गर्न सक्छ।

■ कस्ता कैदीले पाउँछन् यस्तो सुविधा ?

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले कैदीका लागि सुधारात्मक दण्ड सजायको व्यवस्था गरेको छ। यसका लागि कैदीले तोकिएको मापदण्ड भने पूरा गरेकै हुनुपर्छ। सोही व्यवस्थाअनुसार नेपालको कानुनमा पहिलोपटक कैदीलाई प्रोबेसन वा प्यारोलमा राख्ने व्यवस्था गरिएको थियो। जसअनुसार सजाय भुक्तान अवधिभित्रै प्यारोल अधिकृतको निगरानीमा कैदी कारागारबाहिर रहन पाउँछ। यसका लागि उसले दुईतिहाई सजाय भने भुक्तान गरिसकेको र आचरण पनि राम्रो हुनुपर्नेछ।

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २९ मा भनिएको छ, 'एक वर्षभन्दा बढी कैद सजाय पाई कैद सजायको दुईतिहाई अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसुरदारलाई सम्बन्धित प्रोबेसन तथा प्यारोल बोर्डको सिफारिसमा जिल्ला अदालतको न्यायाधीशले प्यारोलमा राख्ने आदेश दिन सक्नेछ।' तर, जन्मकैद, भ्रष्टाचार, जबर्जस्ती करणी, तेजाब हमला, मानव बेचबिखन तथा ओसारपसार, संगठित अपराध, सम्पत्ति शुद्धीकरण, यातना, मानवताविरुद्धको अपराध, राज्यविरुद्धको अपराधजस्ता नकारात्मक सूचीका अपराधमा संलग्न कसुरदारको हकमा भने यो सुविधा लागू नहुने फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले भनेको छ।

१७ र १८ कात्तिकमा भिटामिन 'ए' कार्यक्रम

काठमाडौं/ सरकारले बालबालिकालाई आगामी १७ र १८ कात्तिकमा देशव्यापी रूपमा यस वर्षको 'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम' सञ्चालन गर्ने भएको छ। आर्थिक वर्ष ०८०/८१ को नियमित रूपमा पहिलो चरणमा २ र ३ कात्तिकमा खुवाउँदै आएको भिटामिन 'ए' कार्यक्रम दसैं परेकाले १७ र १८ कात्तिकमा सञ्चालन गर्ने स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले जानकारी दिए। उनका अनुसार भिटामिन 'ए' क्याप्सुल ६ महिनादेखि ५९ महिनाका बालबालिका तथा जुकाको औषधि एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाइनेछ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भिटामिन 'ए' कार्यक्रम सफल बनाउन सातवटै प्रदेश सरकारअन्तर्गतका सामाजिक विकास मन्त्रालय र स्थानीय तहलाई परिपत्र गरिसकेको छ। दोस्रो चरणमा भिटामिन 'ए' कार्यक्रम वैशाखमा महिनामा गर्ने गरिएको छ। भिटामिन 'ए' करिब २७ लाख र जुकाको औषधि करिब २४ लाख बालबालिकालाई खुवाइनेछ।

इक्यानद्वारा छात्रवृत्ति स्थापना

काठमाडौं/ नेपाल शैक्षिक परामर्श संघ (इक्यान)ले सफ्टएड ग्रुपमा ५० नेपाली विद्यार्थीलाई एक करोडबरारबको छात्रवृत्ति दिने भएको छ। संघको 'स्टडी इन' नेपाल अभियानअन्तर्गत सामाजिक उत्तरदायित्व विभागको संयोजनमा सनवे कलेजसँगको सहकार्यमा सन् २०२३ र २०२४ का शैक्षिक सत्रमा सूचना प्रविधि विषयको स्नातक तहका लागि सो छात्रवृत्ति दिनेसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर भएको छ। कलेजले बिएस्सी, अनर्स कम्प्युटर साइन्स विथ आर्टिफिसियल इन्टेलिजेन्स कोर्सका लागि छात्रवृत्ति प्रदान गर्नेछ। ती विषयमा अध्ययन गर्न चाहने दुईजना विद्यार्थीलाई पूर्ण र ४८ विद्यार्थीलाई आंशिक छात्रवृत्ति दिने भएको छ। विद्यार्थीको छनोट उत्कृष्टताका आधारमा हुनेछ। इक्यानका अध्यक्ष शेषराज भट्टराईले सूचना प्रविधि क्षेत्रको उच्च शिक्षा हासिल गर्ने विद्यार्थीले यो अवसरको उपयोग गर्न सक्ने बताए।

काठमाडौं महानगरले कार्यान्वयन गरेन ई: सँगको सहमति

वडाध्यक्ष भन्छन्- १५ हजार व्यापारीका कारण ५० हजार नागरिकले दु:ख पाउनुहुँदैन

शान्ति तामाङ/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले अभियन्ता ई:सँग गरेको सहमति हप्ता दिनमै तोडेको छ। सहमतिअनुसार साबिकमा फुटपाथ/सार्वजनिकस्थलमा व्यापार गरेका व्यापारीका लागि महानगरपालिकाले एक साताभित्र पुनर्स्थापनाका लागि पहल गर्ने भनिएको थियो। तर, एक साता बित्दा पनि महानगरले ती व्यापारीका लागि उपयुक्त स्थान पहिचान गर्न सकेको छैन।

अभियन्ता ई:का अनुसार आफूसँग गरेको लिखित सहमतिप्रति महानगर इमानदार भएन। 'महानगरलिखित सहमतिमा इमानदार देखिएन। तैपनि निराश भइहाल्ने अवस्था भने छैन,' ई: ले भने, 'व्यापारीहरूको एकतिहाइ व्यापार चाडबाडका वेला नै हुन्छ। त्यो सहमतिपछि महानगर फुटपाथ व्यापारीमाथि लचक बनेको छ।' ई: चाडबाडको वेला भएकाले महानगरको विरोध गर्ने र पेल्ने अवस्थामा नभएको बताउँछन्। फुटपाथ व्यवसायीको उचित व्यवस्थापन गर्नुपर्ने भन्दै अभियन्ता ई:ले १९९ घन्टा उभिएर राष्ट्रिय सभागृहअगाडि विरोध प्रदर्शन गरेपछि गत बुधबार राति सम्झौता भएको थियो।

महानगर र ई: बीच यो सहमति हुन निकै लामो समय लागेको थियो। गत मंगलबार ६ घन्टासम्म वार्ता चल्दा सहमति नभए पनि बुधबारको वार्तामा सहमति कायम भएको थियो। उक्त सहमतिबाहेक फुटपाथ/सार्वजनिकस्थलमा व्यापार गर्ने क्रममा जफत गरिएका सामान महानगरपालिकाको स्टोरमा भएसम्म यकिन गरी सम्बन्धित घरधनीलाई फिर्ता गर्ने, अनौपचारिक क्षेत्रमार्फत हुने व्यापार व्यवसायलाई व्यवस्थित गर्न व्यापार गर्ने स्थल, समय, व्यापार गर्न आवश्यक मानिने व्यक्ति यकिन गर्न र स्थान उपलब्ध गराउने विधि, प्रक्रिया तथा कानुनी व्यवस्थासमेतको प्रबन्ध गर्नुपर्ने विषयमा अध्ययन गरी दुई महिनाभित्र महानगरपालिकामा प्रतिवेदन पेस गर्न समिति गठन गर्ने सहमति भएको थियो। महानगरविरुद्ध 'चमेली समूह' अभियान सुरु गर्ने केही स्वतन्त्र युवासमेतले सभागृह परिसरमा उभिएर विरोध प्रदर्शन गरेका थिए। उनीहरूको समूहले तीन महिनादेखि 'गरिबलाई चमेली बाल दिने कोही छैन' भन्ने अभियान सञ्चालन गर्दै बागदरबार घेर्ने, सभागृह घेर्ने, अनलाइन डिस्कोर्स चलाएर फुटपाथको विषयमा आवाज उठाउने काम गरेका थिए।



■ ई:, अभियन्ता



लिखित सहमतिप्रति महानगर इमानदार भएन। तैपनि निराश भइहाल्ने अवस्था भने छैन। व्यापारीहरूको एकतिहाइ व्यापार चाडबाडको वेलानै हुन्छ। त्यो सहमतिपछि महानगर फुटपाथ व्यापारीमाथि लचक बनेको छ।

■ चिनिकाजी महर्जन, वडाध्यक्ष, काठमाडौं महानगर



महानगरको अबको नीति भनेको फुटपाथलाई व्यापारमुक्त गर्ने नै हो। फुटपाथ व्यापारीलाई दसैं, तिहारपछि भनै कडाइ गरिनेछ। अहिले स्रोत, साधन र जनशक्ति नभएका कारण अलि लचिलोजस्तो देखिएको छ। तर, महानगर लचिलो भएको होइन। १५ हजार फुटपाथ व्यापारीका लागि ५० हजार नागरिकले दु:ख पाउनुहुँदैन।

■ फुटपाथ व्यापारीलाई कडाइ गर्ने नै हो : महानगर

ई:सँग सहमति गरे पनि महानगर भने फुटपाथ व्यापारीप्रति लचिलो हुने पक्षमा छैन। 'सहमतिपछि सोमबार अभियन्ता र महानगर टोलीबिच फेरि छलफल भएको छ। जुन छलफलले कुनै निर्णय गरेको छैन। महानगरभित्र कानुनले निषेध गरेको स्थानबाहेकका उपयुक्त स्थलहरू पहिचान गर्न महानगरले एक साताभित्र पहल गर्ने भनी सहमति गरेपनि तत्काल लागू नहुने अवस्था देखिएको छ,' कार्यपालिका सदस्य तथा वडा नम्बर २२ का अध्यक्ष चिनिकाजी महर्जनले भने, 'महानगरको अबको नीति भनेको फुटपाथलाई व्यापारमुक्त गर्ने नै हो।' उनका अनुसार फुटपाथ व्यापारीलाई दसैं-तिहारपछि भनै कडाइ गरिनेछ। 'अहिले हामीसँग स्रोत, साधन र जनशक्ति नभएका कारण फुटपाथ व्यापारमा अलि लचिलोजस्तो देखिएको छ। तर,फुटपाथ व्यवसायीका लागि महानगरको लचिलो भएको होइन। दसैं-तिहारपछि कडाई नै गर्ने हो। १५ हजार फुटपाथ व्यापारीका लागि ५० हजार नागरिकलाई असर पुऱ्याउन सक्दैनौं,' महर्जनले भने।

बुधबार उपत्यकामा

थानकोट : युरोपियन मुलुक माल्टा पठाइदिने प्रलोभनमा ठगी गर्ने तनहुँ व्यास नपा- १२ का थानकोट बस्ने २९ वर्षीय रञ्जन पाण्डेलाई प्रहरीले पक्राउ गरेको छ। माल्टा पठाइदिने भन्दै चारजनाबाट ६ लाख रुपैयाँ लिई उनी फरार भएका थिए। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले उनलाई काठमाडौं मनपा- २६ सामाखुसीबाट पक्राउ गरेको हो। उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

सूर्यविनायक : बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी सूर्यविनायक नपा- १ का ५१ वर्षीय गोकुल थापालाई प्रहरीले पक्राउ गरेको छ। उनीविरुद्ध काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएको थियो। त्यसयता उनी फरार थिए। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएका प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो।

हनुमानढोका : काठमाडौं महानगरपालिका- २४ हनुमानढोकापरिसरअगाडि ओखलढुंगा लिखु गाउँपालिका- ४ घर भई हाल काठमाडौं क्षेत्रपाटी बस्ने १७ वर्षीय सनि कार्कीको धारिलो हतियार प्रहार गरी हत्या गरेको अभियोगमा चारजनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका- १९ घर भई हाल ललितपुर लुकुसी बस्ने २० वर्षीया सोनिया श्रेष्ठ खड्गी, ललितपुर महानगरपालिका- १९ एकान्तकुना बस्ने २२ वर्षीय सन्देश खड्गी, मकवानपुर हेटौंडा उपमहानगरपालिका- २ घर भई हाल काठमाडौं महानगरपालिका- २४ बस्ने १९ वर्षीया भूमि मल्ल र ललितपुर गोदावरी नगरपालिका- ५ घर भई हाल ललितपुर नागाबाहल बस्ने १९ वर्षीय अरबिन ठकुरी रहेका छन्। हतियार प्रहारबाट सोमबार राति गम्भीर घाइते भएका कार्कीको मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर महाराजगन्जमा उपचारको क्रममा मृत्यु भएको थियो। घटना अनुसन्धानको क्रममा घटनास्थलबाट भाग्न लागेको अवस्थामा सन्देश खड्गी र सोनिया श्रेष्ठ खड्गीलाई सोही दिन काठमाडौं महानगरपालिका-२४ मखनबाट, भुमी मल्ललाई काठमाडौं क्षेत्रपाटीबाट र अरबिन ठकुरीलाई ललितपुर महानगरपालिका-१६ बाट घटनामा प्रयोग भएको चक्कुसहित मंगलबार प्रहरीले पक्राउ गरेको हो।

विमानस्थल : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट एक सय १५ अमेरीकी डलर, ४४ सिंगापुर डलर, २० हजार नौ सय ९० थाई भाट, २८ हजार १० भारतीय रुपैयाँ, ६ लाख सात हजार चार सय ९६ नेपाली रुपैयाँ र नेपालीसहित विभिन्न भाषामा उल्लेखित रकम खुल्न नसकेका प्राचीन मुद्रा ६४ थानसहित ७० वर्षीय अमेरिकी नागरिक डेभिड एलन हरउडलाई प्रहरीले पक्राउ गरेको छ। थाई उडानद्वारा काठमाडौंबाट बैंकक जान लागेका उनलाई विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान होल्ड ब्यागेज चेकिङ एरियामा जाँच तथा तलासी गर्ने क्रममा अवैध रूपमा लुकाइछिपाइ बाहिरी मुलुकतर्फ लैजान लागेको अवस्थामा विभिन्न दर र सिक्कामा रहेका उक्त मुद्रासहित फेला पारी पक्राउ गरेको हो। उनलाई आवश्यक कारबाही तथा अनुसन्धानका लागि भन्सार कार्यालयमा बुझाइनेछ।

महालक्ष्मी : ललितपुरको महालक्ष्मी नपा- ९ गहते हाइट बस्ने २ ९ वर्षीय पुष्कर खड्काको मदिरा पसलबाट ६ लाख ९० हजार रुपैयाँबराबरको धनमाल चोरी भएको छ। सटरको ताल्चा फोडी नगदसहित धनमाल चोरी भएको प्रहरीको भनाइ छ। प्रहरी प्रभाग लुभुबाट खटिएको प्रहरीले चोरीमा संलग्न अभियुक्त खोजी रहेको प्रहरीको भनाइ छ।

तारकेश्वर : तारकेश्वर नपा- ५ का २५ वर्षीय होमबहादुर बस्नेतको घरमा कोही नभएको अवस्थामा झ्यालबाट प्रवेश गरेर सुनका विभिन्न गहनासहित करिब चार लाख ५० हजारबराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न व्यक्तिको खोजी गर्नुको साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको जनाएको छ।

धितोमा रहेको चल/अचल सम्पत्ति बोलपत्र मार्फत लिलाम बिक्री गरिने ३५ (पैंतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति: २०८०/०६/१८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको सावाँ ब्याज संस्थासँग गर्नु भएको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक/पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत बेवास्ता गरी ऋण/कर्जा भुक्तान नगर्नु भएकोले राष्ट्रिय दैनिक पत्रिकामा ऋणको सावाँ ब्याज चुक्ता/भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जाको सावाँ ब्याज भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भई ऋण लिदाँको बखत गर्नु भएको सम्पुर्ण शर्त/बन्देज तथा सम्झौताहरु उलंघन गर्नु भएकोले सो ऋण लिदाँको बखत सुरक्षण बापत धितो लेखी दिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ, सोहि अवस्थामा नै प्रचलित कानुनको अधिनमा रहि बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गर्नको लागि **३५ (पैंतिस) दिने लिलाम सम्बन्धि सूचना** प्रकाशित गरिएको छ। धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत खरिद गरिलिनु हुन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य सघं संस्थाले यो सूचना प्रकाशित भएको ३५ (पैंतिस) दिन (सो दिन सार्वजनिक बिदा परेमा, बिदा पश्चात् कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्त/बन्देजको अधिनमा रहि, रितपुर्वक बोलपत्र फारम भरि यस संस्थाको सेवाकेन्द्र कार्यालय नारायणगढ चितवनमा आइपुग्ने गरी बोलपत्र पेश गर्न आह्वान गरिन्छ। साथै लिलाम प्रक्रिया बाट धितोमा रहेको तपसिल बमोजिमको चल/अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री गर्दा संस्थाको सम्पुर्ण लेना रकम असुल उपर हुन नसकेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको संसोधित कर्जा असुली नियमावली २०७९ र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

१. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना

ऋणी : शारदा देवी पण्डित
पति : ईश्वरी विलास न्यौपाने
ससुरा : रविलाल न्यौपाने
ना.प्र.नं. : २६५५
जारी मिति : २०४४/१२/२६ (लमजुङ)
ठेगाना : लमजुङ जिल्ला साविक सुन्दरबजार गा.वि.स.वडा नं २, स्थायी ठेगाना भई हाल चिवबन जिल्ला भरतपुर म.न.पा.वडा नं. ०७ बस्ने।



व्यक्तिगत जमानीकर्ता : ईश्वरी विलास न्यौपाने
बाबु : रविलाल न्यौपाने
बाजे : देविदत्त न्यौपाने
ना.प्र.नं. : ३५/१७२५
जारी मिति : २०४४/०२/२० (चितवन)
ठेगाना : चितवन जिल्ला साविक शारदानगर गा.वि.स.वडा नं ३, स्थायी ठेगाना भई हाल चिवबन जिल्ला भरतपुर म.न.पा.वडा नं. ०७ बस्ने।



व्यक्तिगत जमानीकर्ता : पुष्कर प्रसाद पुडासैनी
बाबु : खडानाथ पुडासैनी
बाजे : जिवनाथ पुडासैनी
ना.प्र.नं. : २३७३१
जारी मिति : २०४९/०९/२९ (मकवानपुर)
ठेगाना : मकवानपुर जिल्ला साविक भिमफेदी गा.वि.स वडा नं. ७, स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा ९ ठेगाना भएका



व्यक्तिगत जमानीकर्ता : आयुष न्यौपाने
बाबु : ईश्वरी विलास न्यौपाने
बाजे : रविलाल न्यौपाने
ना.प्र.नं. : ३५-०१-७६-००२८३
जारी मिति : २०७६/०१/०९ (चितवन)
ठेगाना : चितवन जिल्ला साविक भरतपुर म.न.पा. वडा नं. १७, ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा.वडा नं. ०७ बस्ने।




धितोको विवरण


❖ शारदा देवी पण्डितको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला साविक शिवनगर गा.वि.स.वडा नं. १, नक्सा सिट नं. १क स्थित कित्ता नं. १५९३, १५९६, १५९५, १६०३, १६००, १६०२, १६०५, १६०७, १६०४, १५९७, १५९२, १५९९ र १५९८ को जम्मा क्षेत्रफल ५७९६.९३ वर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

२. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना


ऋणी : ईश्वरी विलास न्यौपाने
बाबु : रविलाल न्यौपाने
बाजे : देविदत्त न्यौपाने
ना.प्र.नं. : ३५/१७२५
जारी मिति : २०४४/०२/२० (चितवन)
ठेगाना : चितवन जिल्ला साविक शारदानगर गा.वि.स.वडा नं ३, स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा.वडा नं. ०७ बस्ने।




व्यक्तिगत जमानीकर्ता : शारदा देवी पण्डित
पति : ईश्वरी विलास न्यौपाने
ससुरा : रविलाल न्यौपाने
ना.प्र.नं. : २६५५
जारी मिति : २०४४/१२/२६ (लमजुङ)
ठेगाना : लमजुङ जिल्ला साविक सुन्दरबजार गा.वि.स.वडा नं २, स्थायी ठेगाना भईहाल चितवन जिल्ला भरतपुर म.न.पा.वडा नं. ०७ बस्ने।



व्यक्तिगत जमानीकर्ता : पुष्कर प्रसाद पुडासैनी
बाबु : खडानाथ पुडासैनी
बाजे : जिवनाथ पुडासैनी
ना.प्र.नं. : २३७३१
जारी मिति : २०४९/०९/२९ (मकवानपुर)
ठेगाना : मकवानपुर जिल्ला साविक भिमफेदी गा.वि.स वडा नं. ७, स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा ९ ठेगाना भएका



व्यक्तिगत जमानीकर्ता : आयुष न्यौपाने
बाबु : ईश्वरी विलास न्यौपाने
बाजे : रविलाल न्यौपाने
ना.प्र.नं. : ३५-०१-७६-००२८३
जारी मिति : २०७६/०१/०९ (चितवन)
ठेगाना : चितवन जिल्ला साविक भरतपुर म.न.पा. वडा नं. १७, ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा.वडा नं. ०७ बस्ने।



धितोको विवरण

❖ ईश्वरी बिलाष न्यौपानेको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला साविक शिवनगर गा.वि.स.वडा नं. ५ नक्सा सिट नं. ५क स्थित कित्ता नं. १६६४ को जम्मा क्षेत्रफल ५०७.९३ वर्गमिटरको पुरा जग्गा र सो जग्गामा बनेको घर सहित उक्त घरजग्गाले चर्चेको सम्पूण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धि अन्य शर्त र बन्देजहरु

१. लिलाम बिक्री सम्बन्धि शर्त/बन्देज सहितको बोलपत्र फारम यस संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको ऋण/कर्जा असुली विभाग वा यस संस्थाको सेवा केन्द्र कार्यालयहरु बाट रु. १०००/- (फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ।
२. लिलाम बिक्री सम्बन्धि सम्पुर्ण शर्त/बन्देजहरु बोलपत्र फारमको सि.नं. १ देखि १५ सम्म उल्लेख भए अनुसार नै हुनेछ।
३. बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्विकृत गर्ने सम्बन्धि सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
४. लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्न र लिलाम सम्बन्धि विस्तृत जानकारी लिन आवश्यक ठानेमा केन्द्रिय कार्यालय कान्तिपथ, काठमाण्डौं वा सेवाकेन्द्र कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिउसो ठिक ३:०० बजे बोलपत्र खोलिने हुँदा ऋणी जमानतकर्ता, धितो सुरक्षण दिनुहुने व्यक्ति, बोलपत्रदाता तथा सम्बन्धित सबैलाई सम्बन्धित सेवाकेन्द्र कार्यालय नारायणगढ चितवनमा उपस्थित हुनको लागि समेत जानकारी गराइन्छ।
६. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा (बिदा पश्चात् कार्यालय खुलेको दिन) सोहि समयमा नै बोलपत्र खोलिनेछ।
७. बोलपत्र फारममा उल्लेखित अन्य सम्पुर्ण शर्त लागु हुनेछ।
८. संस्थाले चाहेको खण्डमा लिलाम मिति थपघट गर्न सक्ने छ।

पुनश्चः उल्लेखित धितो लेखिदिएको सम्पत्ती लिलाम बिक्री गर्दा वा संस्थाले आफै सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तीको उचित मुल्य प्राप्त नभै कम मुल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय
२०८०/०७/२२ गते कार्यालय समय सम्म

बोलपत्र खोलिने मिति, समय र स्थान
२०८०/०७/२३ गते विहिबार सेवाकेन्द्र कार्यालय नारायणगढ चितवन दिउँसो ३ बजे

नेपाल सरकार साविक डिभिजन सहकारी कार्यालय हाल: सहकारी विभागबाट इजाजत प्राप्त संस्था
IME Co-operative Service Ltd.
आईएमई को अपरेटिभ सर्भिस लि.
Kantipath, Kathmandu, Nepal
01-5329601 01-5339602 01-5339603
info@imecsl.com www.imecsl.com

Biratnagar : 021-514540
Nepalgunj: 081-532708
Itahari: 025-590109
Satdobato: 01-5151169
Airport: 01-5903500
Pokhara : 061-541683
Narayanghad : 056-598864
Ghorahi : 082-561717
Newroad : 01-5351581
Lahan : 033-565184
Gongabu : 01-4964761
Butwal : 071-546585
Dhangadhi : 091-590581
Lainchaur : 01-4443096
Baglung : 068-524280

शंखरापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँखू, काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०६/१८)

यस कार्यालयबाट तपशिलमा उल्लेखित कार्यको लागि बोलपत्र आव्हान सम्वन्धी सूचना अनुसार अन्तिम म्यादभित्र पर्न आएको बोलपत्रहरुको प्रस्ताव मध्ये न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्वन्धित सवै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. न	योजनाको नाम	ठेक्का न	न्युन्तम मुल्याङ्कित बोलपत्रदाताको नाम	कबोल अङ्क रू. (भ्याट बाहेक)
1	Supply and Delivery Of Medicine	Medicine/Goods/ SMO/02/80-81	Newton Medico Pharma, Madhyapur Thimi-01, Bhaktapur	23,00,387/-

प्रमुख प्रशासकिय अधिकृत

एसजेवीएन अरूण-3 पॉवर डवलपमेंट कंपनी प्रा. लि.
SJVN Arun-3 Power Development Company Pvt. Ltd.
(एसजेवीएन की पूर्ण स्वामित्व वाली अधीनस्थ कंपनी)
(A wholly owned subsidiary of SJVN)
900 मेगावाट अरूण-3 जलविद्युत परियोजना
900 MW Arun-3 Hydro Power Project
Regd. No.: 111808/69/070

PRESS NOTICE

SJVN Arun-3 Power Development Company (P) Ltd. (SAPDC) invites sealed open tender enquiries from the eligible bidders/contractors of Nepal as per the following details:

Contract No.	Description of Work	Publishing date on websites	Last date for Submission/ Opening of bid Proposals
PCD-245/2023	Annual Civil Maintenance, Green Belt and Landscaping Plan Development of Package-C-2 of Arun-3 HEP at Diding/Power house site at Pukhuwa, Distt. Sankhuwasabha, Nepal.	04.10.2023	**Submission:** at (Tumlingtar Office) 19.10.2023 upto 1500 Hrs. **Opening:** at (Tumlingtar Office) 20.10.2023 at 1600 Hrs.

The Tender Documents can be downloaded from websites: **https://sapdc.com.np** & **http://sjvn.nic.in/tender.htm**
Further, Amendment(s) / Notification(s) etc. shall be issued on above websites only.

Sd/-
Sr. Manager (P&C),
Tel.: +977-29-575154
e-mail: pnc.sapdc@sjvn.nic.in

भूकम्पको त्रासमा बझाङवासी

७६ निजी घरमा पूर्ण क्षति, बझाङमा मात्र ६४ घर ध्वस्त

भूकम्पका कारण तीन सय ७८ घरपरिवारका एक हजार नौ सय जनसंख्या घरबाहिर

डडेल्धुरामा **नवराज पनेरू**

बझाङ भूकम्पले सुदूरपश्चिम प्रदेशमा ७६ निजी घर पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले संकलन गरेको प्रारम्भिक विवरणअनुसार ६.३ म्याग्निच्युड र त्यसपछिका भूकम्पले बझाङमा ६४, बाजुरामा नौ, बैतडीमा दुई र अछाममा एक निजी घर पूर्ण रूपमा क्षतिग्रस्त भएका हुन् ।

भूकम्पले सात पहाडी जिल्लाका तीन सय दुई घरमा आंशिक क्षति पुगेको छ । जसमध्ये सबैभन्दा धेरै बझाङमा दुई सय ७७ घर छन् । प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्का अनुसार निजी घरबाहेक सातवटा विद्यालय भवन, एउटा स्वास्थ्य चौकी र २५ वटा सरकारी भवनमा पनि आंशिक क्षति पुगेको छ । भूकम्पका कारण तीन सय ७८ घरपरिवारका एक हजार नौ सय जनसंख्या घरबाहिर पुगेका छन् । भूकम्पपीडितलाई बस्न तीन सय ७८ सेल्टर बनाइएको छ, जसमध्ये सबैभन्दा बढी बझाङमा तीन सय ४१ छन् । भूकम्पमा परी एक महिलाको ज्यान गएको छ भने २७ जना घाइते भएका छन् ।

भूकम्पपीडितलाई अस्थायी आवासका लागि राहत बाँड्न तत्काल दुई करोड चाहिने भएको छ । विपत्बाट घर गुमाएकालाई अस्थायी आवासका लागि प्रतिपरिवार ५० हजार दिने व्यवस्था छ । त्यसबाहेक बझाङ भूकम्पबाट प्रभावित भएकालाई पाँच हजार ३७ टेन्ट, २० हजार एक सय ८५ ब्ल्यांकेट र पाँच हजार ३७ टेन्ट आवश्यक पर्ने आकलन प्राधिकरणले गरेको छ ।



भूकम्पको त्रासले जिल्ला अस्पताल बझाङको प्रांगणमै रातभर बिरामीको उपचार हुँदै ।

■ रातभर बिरामीको उपचार खुला आकाशमा

भूकम्पले बझाङको जयपृथ्वी नगरपालिका- ४ गोलाईका कविराज जोशीको घर भत्किंयो । मंगलबारको भूकम्पपछि पटक-पटक गइरहने परकम्पका कारण जोशीले घरभित्रको सामान पनि निकाल्न पाएका छैनन् । जोशी भन्छन्, 'मंगलबार त खुला आकाशमै रात कटायौं । पटक-पटक गइरहने परकम्पले बुधबार पनि त्यस्तै होला जस्तो छ ।' बुधबार पनि बझाङ सदरमुकाम चैनपुर र आसपासका क्षेत्रमा पटक-पटक भूकम्पको धक्का महसुस गरिएको छ । गोलाईका केही घर भूकम्पले भत्किएका छन् भने बाँकी रहेका घरमा पनि चिरा परेको छ ।



जयपृथ्वी नगरपालिकाकै पूर्णप्रसाद उपाध्यायको पीडा पनि उस्तै छ । 'चिसो बढ्दै गएकाले खुला आकाशमा रात कटाउन निकै मुस्किल छ,' उनले भने, 'वेलावेला हल्लाइरहेको छ । मंगलबारको भूकम्पले असुरक्षित बनेको घरभित्र जान सक्ने अवस्था छैन ।' उनले भूकम्प प्रभावित क्षेत्रमा विभिन्न निकायबाट निरीक्षण भए पनि कतैबाट सहयोग नपाएको गुनासो गरे ।

भूकम्पले बझाङवासीलाई मात्रै होइन, जिल्ला अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी, भर्ना भएका बिरामी र कुरुवा पनि खुला आकाशमा रात बिताउन बाध्य छन् । अस्पतालका डा. इन्द्र शाहका अनुसार ६.३ रेक्टरको भूकम्प गएपछि बिरामी र कुरुवा अस्पतालभित्र जान मानेका छैनन् । 'बिरामीले नै अस्पतालभित्र जान नमानेपछि हामीले पनि उपचार अस्पताल प्रांगणमै गरिरहेका छौं,' शाहले भने, 'मंगलबार रातभर अस्पतालको प्रांगणबाटै सेवा दियौं । बुधबार पनि वेलावेला भूकम्पको धक्का महसुस भइरहेको छ ।' डा. शाहका अनुसार भूकम्पका कारण घाइते भएका ११ जना जिल्ला अस्पतालमा भर्ना भएका थिए । '११ मध्ये जयपृथ्वी नगरपालिका- ११ की सलिना जोशी र प्रमिला जोशीलाई थप उपचारका लागि धनगढी रेफर गरेका छौं,' उनले भने, 'बाँकी नौजना जिल्ला अस्पतालमै उपचारपछि घर फर्किएका छन् ।'

बाजुराका प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेयका अनुसार भूकम्पका कारण एकजनाको मृत्यु भएको छ । जिल्लामा २० जना घाइते भएका छन् । 'जयपृथ्वी नगरपालिका- ११ ओखलकी ४० वर्षीया गुणमति धामीको भूकम्पपछि आएको सुक्खा पहिरोमा परेर मृत्यु भएको हो,' उनले भने, 'घाइते २० मध्ये १३ जना उपचारपछि घर फर्किएका छन् भने पाँचजनालाई थप उपचारका लागि रेफर गरिएको छ । दुईजनाको स्थानीय अस्पतालमा उपचार भइरहेको छ ।' पाण्डेयले प्रभावित क्षेत्रमा राहत व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउने निर्णय भएको बताए ।

■ घाइतेको उपचार प्रदेश सरकारले गर्ने, एकद्वार प्रणालीमा राहत वितरण

भूकम्पका कारण घाइते भएकाको उपचार सुदूरपश्चिम प्रदेश सरकारले गर्ने भएको छ । मुख्यमन्त्री कमलबहादुर शाहको अध्यक्षतामा बुधबार बसेको प्रदेश विपद् व्यवस्थापन समितिको बैठकले भूकम्पका घाइतेको सम्पूर्ण उपचार खर्च प्रदेश सरकारले व्यहोर्ने निर्णय गरेको हो । बुधबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छलफलमा घाइतेको उपचार प्रदेश सरकारले गर्ने, उद्धार, खोज र प्रभावितलाई आवश्यक राहत सामग्री एकद्वार प्रणालीमा वितरण गर्ने निष्कर्ष निकालिएको हो ।

खोज, उद्धार र राहत वितरणको सम्पूर्ण जिम्मेवार प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायको समन्वयमा गर्नेछ । बैठकमा मुख्यमन्त्री शाहले बझाङलगायत प्रदेशका विभिन्न जिल्लाका भूकम्प प्रभावितलाई तत्काल उचित राहतको व्यवस्थापन गर्न सम्बन्धित निकायलाई निर्देशन दिए । घाइतेको तदारुकताका साथ उपचार गर्न र क्षति भएको भौतिक संरचनाको यकिन विवरण संकलन गर्न उनले भनेका थिए । मंगलबार दिउँसो बझाङ केन्द्रबिन्दु बनाएर दुईपटक भूकम्प गएको थियो । पहिलोपटक २:४० मा तलकोट केन्द्रबिन्दु बनाएर ५.३ र दोस्रोपटक चैनपुरआसपासको क्षेत्रलाई केन्द्रबिन्दु बनाएर ६.३ रेक्टर स्केलको भूकम्प गएको हो ।

संक्षेप

सुन तस्करी गिरोहका नाइके चिनियाँ पक्राउ

काठमाडौं/ चीनबाट दोलखाको नाका हुँदै सुन तस्करी गर्ने गिरोहका नाइकेमध्ये एक चिनियाँ नागरिकलाई प्रहरीले पक्राउ गरेको छ । केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) र दोलखा प्रहरीले चिनियाँ नागरिक आगर लामालाई बुधबार काठमाडौंको स्वयम्भूबाट पक्राउ गरेको हो । गत साता लामाबगरमा बरामद भएको ११ किलो सुन तस्करीको मुख्य व्यक्तिमध्ये उनी एक भएको दोलखाका डिएसपी दीपक खड्काले बताए । 'उनी चीनबाट सुन ल्याउने व्यक्ति हुन्,' उनले भने, 'सुन ल्याउने धेरै पक्राउ परिसकेका छन्, अर्को तहका व्यक्तिमाथि अनुसन्धान जारी राखेको छ ।' लामा लामो समयदेखि काठमाडौं बस्दै आएका थिए । उनले विगतमा पनि सुन तस्करी गर्दै आएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ । सो प्रकरणमा हालसम्म ११ जना पक्राउ परिसकेका छन् । प्रहरीले संगठित अपराधसम्बन्धी कसुरमा पनि अनुसन्धान अघि बढाएको छ ।

सशस्त्र प्रहरीमा ६ महिनाभन्दा लामो समय काजमा बसे कारबाही

काठमाडौं/ सशस्त्र प्रहरी बलले आफूअनुकूलको कार्यालयमा लामो समय काजमा बस्ने प्रवृत्तिलाई रोक्ने भएको छ । काजसम्बन्धी नयाँ मापदण्ड कार्यान्वयन गरी ६ महिनाभन्दा लामो समय काजमा बसेमा त्यस्ता प्रहरी कारबाहीमा पर्नेछन् । सशस्त्र प्रहरीले ६ महिनाभन्दा लामो समय काजमा बस्ने कर्मचारीलाई वृत्तिविकासअन्तर्गत बढुवामा प्रत्यक्ष असर पर्ने गरी वार्षिक कार्यसम्पादन र चुनौतीपूर्ण वा विशेष जिम्मेवाबापतको मूल्यांकन अंक दिइने नीति बनाएको छ । काजमा बस्ने कर्मचारीले कबुलियतनामा फाराममा उल्लेख भएका कल्याणकारी सेवासुविधा, अनपोल तथा एफपियू मिसन, विदेश तालिम तथा अन्य निकायबाट सञ्चालन हुने तालिम, कमान्डलगायत सुविधाबाट वञ्चित हुनुपर्ने सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले बताए । हाल काजमा कार्यरत कर्मचारीलाई नयाँ मापदण्डअनुसार २२ असोजदेखि लागू हुने गरी ६ महिना अवधि दिइने त्यसपछि तोकिएको दरबन्दीमा अनिवार्य हाजिर हुन सशस्त्र प्रहरी बलले परिपत्र गरेको छ । अस्थायी कार्यालयमा संगठनले आवश्यक ठानी काज खटाइएका तथा स्वास्थ्य, सञ्चार तथा इन्जिनियरिङ, लेखा, कानुन एवं प्राविधिक समूहतर्फका कर्मचारीलाई आवश्यकताअनुसार काजमा कामकाज गर्न सक्नेछन् । एकपटक काजको सुविधा लिइसकेका कर्मचारीले कम्तीमा दुई वर्षसम्म काजको अर्को सुविधा नपाउने मापदण्डमा उल्लेख छ ।

ट्रकको ठक्करबाट दुई विद्यार्थीको मृत्यु

धादिङ/ पृथ्वी राजमार्गअन्तर्गत धादिङको गजुरी गाउँपालिका- २ मलेखुमा बाटो काट्ने क्रममा ट्रकको ठक्करबाट दुई स्कुले विद्यार्थीको ज्यान गएको छ । सिद्धलेक गाउँपालिका- ६ का राजकुमार श्रेष्ठका छोरा निर्मल र उद्धव श्रेष्ठका छोरा सञ्जीवको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले बताए । काठमाडौंबाट चितवनतर्फ जाँदै गरेको प्रदेश ०२-००१ ख ६४१३ नम्बरको ट्रकको ठक्करबाट बागेश्वरी माध्यमिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत दुई विद्यार्थीको मृत्यु भएको हो । दुर्घटनापछि स्थानीय, आफन्त तथा विद्यार्थीले क्षतिपूर्ति माग राख्दै राजमार्ग बन्द गरेका थिए । दुर्घटनापछि सडक अवरुद्ध गर्ने विद्यार्थी, स्थानीय तथा मृतकका आफन्त र प्रहरीबीच छलफल गरी राजमार्ग सुरु गरिएको डिएसपी जैसवारले बताए ।

सडक दुर्घटनामा एकको मृत्यु, १० घाइते

मकवानपुर/ मकवानपुरमा बुधबार भएको छुट्टाछुट्टै दुर्घटनामा एकको मृत्यु र १० जना घाइते भएका छन् । बकैया गाउँपालिकामा दूध बोक्ने ट्यांकर दुर्घटना हुँदा हेटौंडा उपमहानगरपालिका- ९ का ३४ वर्षीय सिद्धान्त लामाको मृत्यु भएको प्रहरीले जनाएको छ । ट्यांकरका सहचालक धादिङ गजुरी गाउँपालिकाका प्रेम अधिकारी घाइते भएका छन् । उनको दाहिने खुट्टा भाँचिएको छ । मकवानपुर प्रहरी प्रवक्ता एवं डिएसपी लक्ष्मी भण्डारीका अनुसार तिनपिप्लेस्थित धरान-चतरा सडकखण्डमा बा.१घ ५४४ नम्बरको दूध बोक्ने ट्यांकर आफैं अनियन्त्रित भई दुर्घटना भएको हो । यस्तै, हेटौंडा उपमहानगरपालिका- १९ सान्तानीटारमा ट्रकले म्याजिकलाई ठक्कर दिँदा नौजना घाइते भएका छन् ।



■ टिआरसी विधेयकको मस्यौदामा उपसमितिमा सहमति

शीर्ष नेताले अनुमोदन गरेपछि संसद्मा लगिने

- विधेयकमा मूल विवादको विषय रहेको 'हत्याको वर्गीकरण'मा व्यापक संशोधन
- गम्भीर मानव अधिकार उल्लंघन र मानव अधिकार उल्लंघनको सच्याइयो परिभाषा
- दोहोरो भिडन्तबाहेकका स्वेच्छाचारी र नियन्त्रणमा लिएर भएका हत्यालाई गम्भीर मानव अधिकार उल्लंघन मान्ने
- दोहोरो भिडन्तमा मारिएकालाई परिपूरणमा सुरक्षित गर्ने, द्वन्द्वमा मारिएका वा बेपत्ता पारिएका व्यक्तिको सम्पत्ति परिवारको नाममा गरिदिने
- संक्रमणकालीन न्यायसम्बन्धी मुद्दामा विशेष अदालतले गर्ने निर्णयमा चित्त नबुझे पीडित पुनरावेदनमा जान पाउने
- यौनजन्य हत्याका लागि म्याद थप गर्ने

● पीडितका सरोकार सम्बोधन भएको छ

ध्रुवबहादुर प्रधान, संयोजक
संसदीय उपसमिति



पीडित पक्षलाई विशेष सम्बोधन हुने गरी आयोगमातहत छुट्टै समिति राख्ने सहमति भएको छ। पीडितले माग गरेका अन्य कुरा पनि सम्बोधन गर्ने गरी विधेयकको मस्यौदामा व्यवस्था गरिएको छ।

● कन्टेन्टमा नजिक पुगेका छौं

महेश बर्तौला, एमाले सचेतक



कन्टेन्टमा नजिक पुगेका छौं। समिति तहबाट केही प्रश्न समेटेर टुंग्याउँछौं। त्यसपछि सरकारले पीडितलाई केन्द्रमा राखेर पोलिटिकल सहमति बनाउनुपर्छ। विश्वासको वातावरण बनाएर अगाडि बढाउनुपर्छ।

कमलराज भट्ट/नयाँ पत्रिका

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकमा दलहरूबीच सहमति जुटेको छ। २५ फागुनमा प्रतिनिधिसभामा दर्ता भई १५ वैशाखमा कानुन, न्याय तथा मानव अधिकार समितिमा पुगेको विधेयकमा पाँच महिना दफावार छलफल गरेर संसदीय उपसमितिले मस्यौदामा सहमति जुटाएको हो।

उपसमिति संयोजक ध्रुवबहादुर प्रधानले विधेयकमा उल्लेखित विवादित प्रावधानमा सहमति जुटेको र सहमतिका आधारमा शुक्रबार प्रतिवेदनलाई अन्तिम रूप दिएर मूल समितिमा पेस गरिने बताए। उक्त प्रतिवेदनलाई शीर्ष नेताको तहबाट अनुमोदन गराएर संसद्मा लगिने समझदारी छ। कानुन समितिले ५ जेठमा ११ सदस्यीय उपसमिति गठन गरेको थियो।

केही दिनअघि राष्ट्रसंघको महासभालाई सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपालको शान्ति प्रक्रिया निष्कर्षतिर पुऱ्याउन सरकार र दलहरू लागिरहेको बताएका थिए। प्रधानमन्त्रीले राष्ट्रसंघका महासचिव एन्टिनियो गुटेरेसको नेपाल भ्रमणको तयारी भइरहेको बताइरहँदा प्रमुख दलहरूबीच टिआरसी विधेयकको मस्यौदामा सहमति भएको हो।

प्रधानका अनुसार विधेयकमा मूल विवादको विषय हत्याको वर्गीकरणमा व्यापक संशोधन गरिएको छ। खास गरी गम्भीर मानव अधिकार उल्लंघन र मानव अधिकार उल्लंघनको परिभाषालाई सच्याइएको छ। दोहोरो भिडन्तबाहेकका स्वेच्छाचारी र नियन्त्रणमा लिएर भएका हत्यालाई गम्भीर मानव अधिकार उल्लंघनको परिभाषामा राख्ने सहमति भएको छ। 'अहिले हत्याको वर्गीकरण गरिएको छैन।

मानव अधिकारको गम्भीर उल्लंघनको विषयलाई मात्रै परिभाषित गरिएको छ। यसमा स्वेच्छारी हत्या, यौनजन्य हत्या, अपहरण, बन्धक बनाउने, बेपत्ता पार्ने कुराहरू छन्,' उनले भने। दोहोरो भिडन्तमा मारिएकालाई परिपूरणमा सुरक्षित पारिएको उनले बताए। द्वन्द्वमा मारिएका वा बेपत्ता पारिएका व्यक्तिको सम्पत्ति परिवारको नाममा गरिदिने व्यवस्थामा सहमति भएको छ।

त्यसैगरी, संक्रमणकालीन न्यायसम्बन्धी मुद्दामा विशेष अदालतले गर्ने निर्णयमा चित्त नबुझे पीडित पुनरावेदनमा जान पाउने सुनिश्चित गरिएको छ। महिलासँग जोडिएको यौनजन्य हत्याका लागि म्याद थप गर्ने निर्णय गरिएको छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोगको पदावधि चार वर्ष बनाउने प्रस्ताव गरिएको छ।

साथै, पीडित पक्षलाई विशेष सम्बोधन हुने गरी आयोगमातहत छुट्टै समिति राख्ने सहमति भएको छ। पीडितले माग गरेका अन्य कुराहरू पनि सम्बोधन गर्ने गरी विधेयकको मस्यौदामा व्यवस्था गरिएको संयोजक प्रधानले जानकारी दिए। 'अहिले हेर्दाखेरी सबैका सरोकार सम्बोधन भएका छन्,' उनले भने।

प्रमुख प्रतिपक्षी एमाले सचेतक एवं उपसमिति सदस्य महेश बर्तौलाले पनि टिआरसीमा आफूहरू सहमतिनजिक पुगेको बताए। राजनीतिक तहमा घनिष्ठतम छलफल गरेर फिनिसिङको वातावरण बनाउनुपर्ने उनको भनाइ छ। 'कन्टेन्टमा नजिक पुगेका छौं। समिति तहबाट केही प्रश्न समेटेर टुंग्याउँछौं। त्यसपछि सरकारले पीडितलाई केन्द्रमा राखेर पोलिटिकल सहमति बनाउनुपर्छ। विश्वासको वातावरण बनाएर अगाडि बढाउनुपर्छ,' उनले भने।

सत्तारूढ जसपा सांसद रञ्जु झाले विधेयकमा प्रश्न उठेका सबै विषयमा कुरा मिलिसकेको बताइन्। 'सबै विषयमा कुरा मिलिसकेको छ। शुक्रबारको बैठकले प्रतिवेदन फाइनल गर्छ,' उनले भनिन्।

शान्ति प्रक्रियाको बाँकी काम संक्रमणकालीन न्याय टुंग्याउन ०७१ मा कानुन बने पनि पीडितमैत्री नभएको, अन्तर्राष्ट्रिय मूल्य-मान्यताविपरीत भएको भन्दै सर्वोच्च अदालतले पूर्ण कानुन बनाउन आदेश दिएको थियो। राजनीतिक मतभिन्नताका कारण अझै कानुन संशोधन हुन सकेको छैन। कानुन सक्रिय नहुँदा संक्रमणकालीन न्यायको काम अघि बढेको छैन।

न्यायाधीशको वरिष्ठताक्रम निर्धारणमा पूर्वन्यायाधीश फोरमको आपत्ति

काठमाडौं/ न्यायाधीशहरूको क्रम निर्धारण गर्ने न्यायपरिषद्को निर्णयप्रति पूर्वन्यायाधीश फोरमले आपत्ति जनाएको छ। फोरमका अध्यक्ष टोपबहादुर सिंहद्वारा बुधबार जारी विज्ञप्तिमा न्यायाधीशहरूको क्रम निर्धारण गर्ने निर्णय संविधान प्रतिकूल रहेको उल्लेख छ।

परिषद्को निर्णयअनुसार न्यायाधीशहरूको वरिष्ठताक्रममा फेरबदलको सूचना १ असोजमा नेपाल राजपत्रमा प्रकाशित भएको थियो। जसमा न्यायाधीशको पदमा नियुक्तिभन्दा पनि न्याय सेवाको विशिष्ट श्रेणीमा नियुक्तिको मितिलाई आधार मानेर वरिष्ठताक्रम निर्धारण छ। अर्थात् न्याय सेवाको विशिष्ट श्रेणीका कर्मचारीहरू उच्चका न्यायाधीश बनेर गएमा उनीहरू विशिष्ट श्रेणीमा नियुक्त भएको मितिबाट वरिष्ठताक्रम गणना हुनेछ।

पूर्वन्यायाधीश फोरमले यसै विषयमा गम्भीर ध्यानाकर्षण भएको जनाउँदै र न्यायपरिषद् नियमावलीमा गरिएको उक्त संशोधन गैरन्यायिक भएको ठहर गरेको छ।

'सीमित व्यक्तिलाई लक्षित गरी गरिएको यो संशोधनले न्यायालयभित्रको विकृति तथा विसंगति अझै प्रोत्साहित गर्ने निश्चित छ,' फोरमले विज्ञप्तिमा भनेको छ। फोरमको विज्ञप्तिमा यो संशोधन संविधानको धारा १४१(३) को पनि विपरीत रहेको निष्कर्ष छ।

न्यायाधीश पदमा नियुक्ति भएको मितिको आधारमा वरिष्ठता कायम गर्ने मौजुदा व्यवस्था परिवर्तन गरी भएको क्रम निर्धारणमा संशोधनले परिषद् आफ्नो दायित्वबाट विचलित भएको फोरमले जनाएको छ। 'न्यायाधीशहरूको पदीय मर्यादा, सुरक्षा, स्वतन्त्रता र निष्पक्षताको संरक्षण गर्दै न्यायपालिकालाई राजनीतिक हस्तक्षेपबाट स्वतन्त्र राखी न्यायाधीशहरूको उच्च मनोबल कायम राख्नेसमेतको संवैधानिक दायित्व निहित रहेको न्यायपरिषद्ले न्यायाधीशहरूको नियुक्ति, सरुवा, काज तथा अनुशासनसम्बन्धी कारबाही गर्दा आफ्नो उल्लेखित संवैधानिक दायित्वबाट विचलित हुनु आपत्तिजनक छ,' विज्ञप्तिमा उल्लेख छ।

संक्षेप

हात्तीको बथानले घर भत्कायो

कञ्चनपुर/ उत्तरी चपरतला गाउँमा जंगली हात्तीको बथानले तीन घर भत्काइदिएको छ। हात्तीको बथानले कृष्णपुर नगरपालिका- ४ स्थित चपरतलाका तीन घर भत्काइदिएको हो। कृष्णपुर नगरपालिका- ४ का वडाध्यक्ष धर्मबहादुर सिंहले जंगली हात्तीले गाउँ पसेर घर तथा अन्नबालीमा क्षति गरेको बताए। वडाध्यक्ष सिंहका अनुसार स्यानु चौधरी, गोपाल चौधरी र जयराज चौधरीको घर भत्काइदिएको छ। हात्तीले बस्ने घरै भत्काइदिएपछि चौधरीत्रय परिवार बिचल्लीमा परेका छन्। उनीहरू सोही घरमा बस्दा पुनः हात्ती आउने त्रास र नयाँ बनाउन रकम नहुँदा समस्यामा परेका छन्। उक्त गाउँका १५ स्थानीयको झन्डै साढे तीन-चार बिघाको धानबाली नष्ट गरिएको छ। पाक्ने लागेको धानबाली हात्तीले नष्ट गरिदिएपछि किसान मर्कामा परेका छन्।

बागमती प्रदेश सभा बैठक अनिश्चितकाल स्थगित

मकवानपुर/ बागमती प्रदेश सभाको बैठक अनिश्चितकालका लागि स्थगित भएको छ। बुधबार पाँच मिनेटका लागि बसेको बैठकले एउटा विधेयक दफावार छलफलका लागि समितिमा पठाउने अनुमति दिएसँगै अनिश्चितकाका लागि बैठक स्थगित गरिएको हो। सभामुख भुवनकुमार पाठकले अर्को सूचना जारी नभएसम्मका लागि बैठक स्थगित गरेको जानकारी दिए। यसअघि बुधबारको बैठकले 'प्रदेश सरकारी कामकाजी भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'लाई दफावार छलफलका लागि समितिमा पठाउने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको थियो। यसअघि पटकपटक अवरुद्ध हुँदै आएको प्रदेश सभा बैठक बुधबार भने सञ्चालन भएको थियो।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय : धरान, सुनसरी, फोन: ०२५-५३३०४८/४९

शाखा कार्यालय : इटहरी, सुनसरी, फोन: ०२५-५८७३११

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०६/१८ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री गर्ने सम्बन्धि १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय : इटहरी, सुनसरी

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यलयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति : २०७०/०५/२६ मा दर्ता नं. ११५२९७ कायम भई दर्ता भएको सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १५, स्थित **साझ्गारी इन्टरनेशनल ग्रुप प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. बाग्राबिर लिम्बुको नाति, हेम बहादुर लिम्बुको छोरा, मोरङ जिल्ला, मृगौलीया गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थाई ठेगाना भएको **सुरेश कुमार लिम्बु (ना.प्र.प.नं. ७१६८, मोरङ)**

२. भरत भण्डारीको नाति, कुल बहादुर भण्डारीको छोरा, मोरङ जिल्ला, उर्लावारी गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थाई ठेगाना भएको **सुभाष भण्डारी (ना.प्र.प.नं. ५४२१, मोरङ)**

३. इन्द्र सिंको नाति, बाग्राबिर लिम्बुको छोरा, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं. १५ स्थित स्थाई ठेगाना भएको **भुवन सिं लिम्बु (ना.प्र.प.नं. ७२२/२५२७ (२७२), सुनसरी)**

४. बाग्राबिर लिम्बुको बुहारी, भुवन सिं लिम्बुको पत्नी, सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थाई ठेगाना भएको **घनरानी लिम्बु (ना.प्र.प.नं. ७०२/१३७६, सुनसरी)**

५. इन्द्र सिंको नाति, बाग्राबिर लिम्बुको छोरा, मोरङ जिल्ला, मृगौलीया गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थाई ठेगाना भएको **हेम बहादुर लिम्बु (ना.प्र.प.नं. ८६२, मोरङ)**

६. हेम बहादुर लिम्बुको बुहारी, सुरेश कुमार लिम्बुको पत्नी, मोरङ जिल्ला, शिशबनीबडहरा गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थाई ठेगाना भएको **गंगा कुमारी लिम्बु (ना.प्र.प.नं. ४५३२१, मोरङ)**

७. कुल बहादुर भण्डारीको बुहारी, सुभाष भण्डारीको पत्नी, मोरङ जिल्ला, राजघाट गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थाई ठेगाना भएको **मेनुका श्रेष्ठ (ना.प्र.प.नं. १३७३, मोरङ)**

८. भरत भण्डारीको बुहारी, कुल बहादुर भण्डारीको पत्नी, मोरङ जिल्ला, उर्लावारी गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थाई ठेगाना भएको **चन्द्र कला भण्डारी (ना.प्र.प.नं. २७५/११८५, मोरङ)**

धितोमा रहेको सम्पतिको विवरण

१. **भुवन सिं लिम्बुको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं. ७क स्थित कित्ता नं. ४५९ को क्षेत्रफल ०-१-१४ (बि-क-धु) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।

२. **हेम बहादुर लिम्बुको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं. ७क स्थित कित्ता नं. ४५८ को क्षेत्रफल ०-१-१४ (बि-क-धु) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।

३. **चन्द्र कला भण्डारीको** नाममा मालपोत कार्यालय बिराटनगर, मोरङको लगातमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला, टंकिसिनवारी गा.वि.स./न.पा. वडा नं. २ख स्थित कित्ता नं. ८४, ८५, ६१७, ९४५, ९४७, ९४९, ९५१ र ९५३ को क्रमश क्षेत्रफल ०-०-१२, ०-०-१२, ०-१-७, ०-०-६.२५, ०-०-८, ०-०-१३, ०-०-१६.२५ र ०-०-९ (बि-क-धु) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।

शाखा कार्यालय : धरान, सुनसरी

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, सुनसरीमा प्राइमेट फर्म रजिष्ट्रशन ऐन, २०१४ बमोजिम मिति २०७०/१२/१७ मा प्रा.फ.र.नं. २९३५/०७०/०७१ कायम भई दर्ता भएको सुनसरी जिल्ला, धरान न.पा./उ.म.न.पा वडा नं. ३ स्थित **विपिन रेडिमेड पसल प्रोप्राइटर : विपिन कुमार साह**

२. ऋणीको विवरण

अवधि साह हलुवाईको नाति, लक्ष्मिन्द्र साह हलुवाईको छोरा, सप्तरी जिल्ला, रमपुरा मल्हानिया गा.वि.स/न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला धरान न.पा./उ.म.न.पा. वडा नं. ३ बस्ने **विपिन कुमार साह (ना.प्र.प.नं. ४१६३, सप्तरी)**

व्यक्तिगत जमानतकर्ताको विवरण

अवधि साह हलुवाईको नाति, लक्ष्मिन्द्र साह हलुवाईको छोरा, सप्तरी जिल्ला, रमपुरा मल्हानिया गा.वि.स/न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला धरान न.पा./उ.म.न.पा. वडा नं. ३ बस्ने **विपिन कुमार साह (ना.प्र.प.नं. ४१६३, सप्तरी)**

धितोमा रहेको सम्पतिको विवरण

विपिन कुमार साहको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगातमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला, हरैचा गा.वि.स/न.पा. वडा नं. ५घ स्थित कित्ता नं. २७४९ को क्षेत्रफल ०-१-५-० (विघा) र मोरङ जिल्ला, हरैचा गा.वि.स/न.पा. वडा नं. ८ ख स्थित कित्ता नं. १६५२, १६५३ र २०८२ को क्रमश: क्षेत्रफल ०-०-५-०, ०-०-५-० र ०-०-५-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पुर्ण लिगालगापात समेत ।

नोट : माथि उल्लेखित दुबै ऋणीहरु (विपिन रेडिमेड पसल र विपिन कुमार साह) को लागि धितोमा रहेको सम्पति र व्यक्तिगत जमानतकर्ताको विवरण एकै भएको ।

३. ऋणीको विवरण

हकिम मियाको नाति, तैयव हुसेन मियाको छोरा, सुनसरी जिल्ला, खनार गा.वि.स/न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, इटहरी न.पा./उ.म.न.पा. वडा नं. १४ बस्ने **सदाम हुसेन (ना.प्र.प.नं. ०६-१००६/१४७१२३, सुनसरी)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. हकिम मियाको नाति, तैयव हुसेन मियाको छोरा, सुनसरी जिल्ला, इटहरी न.पा./उ.म.न.पा. वडा नं. १४ स्थित स्थायी ठेगाना भएको **नजाम हुसेन (ना.प्र.प.नं. ०६-०१-७१-१०२०२, सुनसरी)**

२. दिल मोहम्मद मियाको नाति, हकिम मियाको छोरा, सुनसरी जिल्ला, खनार गा.वि.स/न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **तैयव हुसेन मिया (ना.प्र.प.नं. १२४१, सुनसरी)**

३. तैयव हुसेन मियाको बुहारी, मो. नइम रैनको पत्नी, सुनसरी जिल्ला, खनार गा.वि.स/न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **नजिमा खातुन (ना.प्र.प.नं. ०६ १००६/१५२८६५, सुनसरी)**

४. हकिम मियाको बुहारी, तैयव हुसेन मियाको पत्नी, सुनसरी जिल्ला, चाँदवेला गा.वि.स/न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **सविता मिया (ना.प्र.प.नं. ५९२/१४१७, सुनसरी)**

५. हकिम मियाको नाति, तैयव हुसेन मियाको छोरा, सुनसरी जिल्ला, खनार गा.वि.स/न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **मो. नइम रैन (ना.प्र.प.नं. ०३३००६/८२५, सुनसरी)**

धितोमा रहेको सम्पतिको विवरण

तैयव हुसेन मियाको नाममा मालपोत कार्यालय सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, खनार गा.वि.स/न.पा. वडा नं. ५क स्थित कित्ता नं. ४६२ र ९०० को क्रमश: क्षेत्रफल ०-२-१०-० र ०-२-५-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

४. ऋणीको विवरण

असर्फी स्वर्णकारको नाति, मिश्री लाल स्वर्णकारको छोरा, सुनसरी जिल्ला, इनरुवा न.पा./उ.म.न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **रविन्द्र स्वर्णकार (ना.प्र.प.नं. ०६३०३७/७२, सुनसरी)**

व्यक्तिगत जमानतकर्ताको विवरण

मिश्री लाल स्वर्णकारको बुहारी, रविन्द्र स्वर्णकारको पत्नी, सिराहा जिल्ला, लहान गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **सरीता कुमारी साह (ना.प्र.प.नं. ५२६०७२६६, सिराहा)**

धितोमा रहेको सम्पतिको विवरण

१. **रविन्द्र स्वर्णकारको** नाममा मालपोत कार्यालय ईनरुवा, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, ईनरुवा न.पा. वडा नं. १क स्थित कित्ता नं. २१५६ को क्षेत्रफल ०-०-१२-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. **सरीता कुमारी साहको** नाममा मालपोत कार्यालय ईनरुवा, सुनसरीको लगातमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, ईनरुवा न.पा. वडा नं. १क स्थित कित्ता नं. १२६४, १२६५, ११७२, २५०४, २९८८ र २५०५ को क्रमश: क्षेत्रफल ०-१-०-०, ०-०-८.२५-०, ०-०-७-०, ०-०-२-०, ०-०-४.२५-० र ०-०-११-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/०६/१८ गते बिहिबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु धरान, सुनसरी र इटहरी, सुनसरी बाट प्राप्त गर्न सकिनेछ ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफ्नो खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/०६/२४ गते बुधबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय धरान, सुनसरीमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८०/०६/२५ गते बिहिबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय धरान, सुनसरीमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगातै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय धरान, सुनसरीबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु धरान, सुनसरी र इटहरी, सुनसरीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

क्यानडामा नेपथ्यको प्रस्तुति

नेपथ्यले आफ्नो क्यानडा टुरका दौरान अल्बर्टा राज्यको क्यालगरी सहरमा कन्सर्ट दिएको छ। गायक अमृत गुरुङले 'चरी मन्चो', 'जोमसोमे बजार', 'शिरफूल', 'नैनाताल'लगायत गीतहरू गाएर सुनाएका हुन्। समाजमा मानवता प्रवर्द्धन गर्ने अभिप्रायले नेपथ्यले गत वर्षदेखि 'मानवताका लागि संगीत' अभियान अघि बढाउँदै आएको छ।

'कौसिद' असोज २६ गतेबाट

कुमार भाष्कर निर्देशित फिल्म 'कौसिद' असोज २६ गतेबाट प्रदर्शनमा आउने भएको छ। फिल्ममा भोलाराज सापकोटा, ऋचा शर्मा, रूपेश दाहाल, परीक्षितविक्रम राणा, सदीक्षा गौतम, निर्भीक भट्टराई, सन्दीप लोहनीलगायतको अभिनय छ। केदार भुसालको निर्माणमा तयार भएको यो फिल्मको कार्यकारी निर्माता दिमेश श्रेष्ठ र सह-निर्माता लक्ष्मण बानियाँ हुन्।

कामकाजी महिलामा बढ्दै छ जिममोह

• पवन बराइली

पछिल्लो डेढ वर्षयता ललितपुरकी सिर्जना सुवेदी बिहान ६ नबज्दै ललितपुरकै हरिसिद्धिस्थित चार्मिङ फिटनेस पुग्छिन्। 'नियमित एक्सरसाइजले मलाई स्वस्थ रहन सहयोग पुगेको छ। यसका शारीरिक र मानसिक फाइदा धेरै छन्। जिम आउँदा धेरैसँग मित्रता हुन्छ, यो उमेरमा पनि फ्रेस रहन सहयोग पुग्छ,' इट्को नेपाल प्रालिकी वरिष्ठ प्रशासक सुवेदीले भनिन्।

ललितपुरकी वर्षा गुरुङले पनि फिटनेस सेन्टर धाउन थालेको एक वर्षभन्दा बढी भयो। उनी शिक्षण पेसामा आबद्ध छिन्। बिहान व्यायाम गरेपछि दिनभर स्फूर्ति मिल्ने उनी सुनाउँछिन्। उनी भन्छिन्, 'मेरो लागि स्वस्थ रहन यो उत्तम उपाय हो। जुम्बालगायत एक्सरसाइज एकदम फाइदाजनक छ। मेरो तौल नियन्त्रण र दिमागलाई ताजा राख्न मद्दत गरेको छ। बिहान पसिना बगाउँदा मानसिक रूपमा ताजा र आनन्द महसुस हुन्छ। अझै तौल घटाउने प्रयासमा छु,' लिटिल एन्जल्स कलेजकी लेक्चरर गुरुङले भनिन्।

चार्मिङ फिटनेसका सञ्चालक तथा डान्स कोरियोग्राफर राज महर्जन पछिल्लो समय शारीरिक व्यायामका लागि अघबैंसे महिलाको संख्या ह्वात्तै बढेको बताउँछन्। 'तौल बढेर आजित भएका महिला आउने गर्छन्। बिहान जिममा एक्सरसाइज गरेर आफ्नो दिनचर्या सुरु गर्ने धेरै छन्,' उनी भन्छन्, ' फ्याट लस र मसल्स गेन गर्न पनि आउने गर्छन्। एकजनाको जिम सुरु गर्दा ९६ केजी तौल थियो, अहिले ८१ केजीमा झरेको छ। '

नियमित आफूले ३० जना महिलालाई जिम हलमा एक्सरसाइज गराउने उनले बताए। एक्सरसाइजमा दुई दिन कार्डियो र एरोबिक, दुई दिन जुम्बा, एक दिन थेरापी तथा बडी लिफ्टिङको एक्सरसाइज गराउने उनको भनाइ छ। उनी भन्छन्, 'पुरुषको तुलनामा महिलाको तौल घटाउन समय लाग्छ। एक्सरसाइज मात्रै नभएर डाइट प्लान पनि गर्नुपर्छ।'

काठमाडौं शारीरिक सुगठन तथा फिटनेस संघका अध्यक्ष सुरेश सुवेदी केही वर्षयता काठमाडौंलगायत सहरिया महिलामा जिम गर्ने चेतको विकास भएको बताउँछन्। भन्छन्, 'पहिले पुरुष मात्रै थिए, जिम सेन्टर जाने। तर, हिजोआज आकर्षक शरीर देखाउनका लागि पनि जिम सेन्टर धाउने सहरिया महिलाको संख्या बढ्दो छ।'

काठमाडौंस्थित सामाखुसीमा श्री लाइनस् फिटनेस सेन्टरका सञ्चालक खेमराज निरौला कामकाजी महिला नियमित एक्सरसाइजका लागि आउने गरेको बताउँछन्। अहिले श्री लाइनस् फिटनेस सेन्टरमा बिहान-बेलुका ६० जना महिला आउने उनको भनाइ छ।

उनी भन्छन्, 'सुगर, युरिक एसिड, मोटोपनालगायत समस्या भएका महिला स्वस्थ रहन आउने गर्नुभएको छ। कतिपय महिला फिट रहनका लागि आउनुहुन्छ। हाम्रोमा अधिकांश गृहिणी महिला नै आउनुहुन्छ।'







राज महर्जन

सञ्चालक तथा डान्स कोरियोग्राफर
चार्मिङ फिटनेस

बिहान जिममा एक्सरसाइज गरेर आफ्नो दिनचर्या सुरु गर्ने धेरै छन्, फ्याट लस र मसल्स गेन गर्न आउने गर्छन्।

व्यायामले मानिसलाई सामाजिक रूपमा घुलमेल हुन सहयोग पुऱ्याउने उनी बताउँछन्। 'कतिपय महिला सामाजिक हुन भने सकिरहेका हुँदैनन्। गृहिणी महिला झन् घरको काममै व्यस्त हुन्छन्। व्यायाम गर्दा उनीहरूलाई सामाजिक हुन सहयोग पुग्छ,' निरौला भन्छन्, 'एरोबिक, जिम, डान्स वा जेसुकै गर्दा पनि बिस्तारै सामाजिक रूपमा घुलमेल हुन सहयोग पुग्छ। हामी वेला-वेलामा गृहिणीका लागि छुटसहितको प्याकेज पनि खुलाउँछौं।'

दक्ष प्रशिक्षकद्वारा महिलाहरूका लागि जुम्बा, कार्डियोलगायतको अन्य एक्सरसाइज पनि गराइने उनले बताए। 'नियमित एक्सरसाइजले स्वस्थ मात्र नभएर योङ देखाउन पनि सयोग गर्छ। शरीरको तौल घटाउन वा बढाउन आवश्यकताअनुसार एक्सरसाइज पनि गर्न सकिन्छ,' उनले भने।

तौल घटाउनका लागि एक्सरसाइज गरेर मात्रै नपुग्ने कोरियोग्राफर राज महर्जन बताउँछन्। 'हामीले विशेषगरी खानेकुरामा ध्यान दिनुपर्छ। मुख्य भनेको डाइट ब्यालेन्स नै हो। त्यसैले बिहान-बेलुका खाने समयतालिका मिलाउनुपर्ने हुन्छ,' उनले भने।

जिम, जुम्बा, एरोबिकलगायत अन्य एक्सरसाइज पनि आफ्नो इच्छाअनुसार गर्न सकिने महर्जनले बताए। उनी भन्छन्, 'जुम्बा एक्सरसाइज गर्ने सजिलो माध्यम पनि हो। यो गीतमा नाचेर रमाउँदै गर्न सकिन्छ। यो अहिले प्रभावकारी र लोकप्रिय पनि बन्दै गएको छ।'

सिंगिङ बाउलका फाइदा





डिबी सुनुवार
प्राकृतिक चिकित्सक
होलिस्टिक युनिभर्सल हस्पिटल

तिब्बती सिंगिङ बाउल एक प्रकारको सुमधुर ध्वनि दिने डिभाइस हो, जसमा कम्पन उत्पन्न हुन्छ। यो बजाउँदा शान्त, समृद्ध र गहिरो स्वर उत्पन्न हुन्छ। त्यसैले यसलाई सिंगिङ बाउल वा हिमालयन बाउल भनेर चिनिन्छ। यसलाई विभिन्न समस्या समाधान गर्नका लागि थेरापीका रूपमा प्रयोग गरिन्छ। हजारौं वर्ष पहिले चीनमा उत्पत्ति भएका यी बाउल पछिल्ला केही दशकमा अन्य देशमा पनि लोकप्रिय भएका छन्।

सिंगिङ बाउल थेरापीका फाइदा

तनावबाट राहत : तिब्बती सिंगिङ बाउलको प्रयोगले आराम दिन सहयोग मिल्छ। यसले चिन्ताको भावना कम गर्न सहयोग मिल्छ।

निद्रामा सुधार : सिंगिङ बाउल थेरापीले आनन्दसँग निदाउन मद्दत मिल्छ।

रक्तचाप घटाउने : सन् २०१४ को एक अध्ययनअनुसार १२ मिनेट सिंगिङ बाउल ध्वनिको आनन्द लिनेबारे अध्ययन गरिएको थियो। यस अध्ययनले मौनताको तुलनामा सिस्टोलिक रक्तचाप र मुटु धड्कने दरमा कमी फेला परेको थियो।

डिप्रेसन घटाउने : एक अध्ययनले मुडमा सुधार गर्न सिंगिङ बाउल थेरापीलाई जोड दिएको छ।

प्रतिरक्षा प्रणालीमा सहायता : कसै-कसैले तिब्बती सिंगिङ बाउलले प्रतिरक्षा प्रणालीलाई उत्तेजित गर्न र मस्तिष्क तरंगहरूमा लाभकारी परिवर्तन ल्याउन सक्ने दाबी गरेको पाइन्छ।

दुखाइमा राहत : सिंगिङ बाउल थेरापी उपचार पद्धति अपनाउँदा दुखाइ र तनाव कम गर्न मद्दत मिल्छ।

शरीरलाई सन्तुलन र तालमेल : सिंगिङ बाउल कम्पनले कोषिकाहरूलाई समन्वय गरेर र शरीरको ऊर्जा प्रणाली सन्तुलन गरेर शरीरमा लाभकारी परिवर्तन ल्याउन सक्छ। ध्यान र गहिरो सास फेर्नका लागिसमेत सिंगिङ बाउल प्रयोग गरिएको पाइन्छ।

नियमित अध्ययनका लागि...



- नियमित अध्ययनले मानिसको बौद्धिकता बढेर जान्छ, धेरैभन्दा धेरै जानकारी मिल्छ र तनाव कम भएर जान्छ। मानिसको सिर्जनात्मक क्षमता अभिवृद्धि हुन्छ। तर, कतिपय मानिसको पढ्ने स्वभावमा कमी आइसकेको हुन्छ र उनीहरूले अध्ययनलाई नियमित गर्न सकेका हुँदैनन्। यसका लागि निरन्तरको प्रतिबद्धता आवश्यक पर्छ।
- दैनिक रूपमा कुनै निश्चित समय अध्ययनका लागि छुट्याउनु राम्रो हुन्छ। कम्तीमा १५ मिनेट नै किन नहोस्, दैनिक पढ्नुपर्छ।
- रातको समयमा पढ्नुहुन्छ भने लाइटिङ राम्रो हुन जरुरी छ। यसले आँखामा समस्या गर्दैन। शान्त वातावरणमा बसेर पढ्दा ध्यान केन्द्रित गर्न सकिन्छ।
- विभिन्न भेराइटी तथा जनराका पुस्तकमध्येबाट आफूलाई मन पर्ने पुस्तक छानेर पढ्न सकिन्छ। पुस्तक पढ्दा मन परेका कुरालाई हाइलाइट गर्ने, नोट बनाउने र अन्य मानिससँग यसबारे छलफल गर्ने गर्न सकिन्छ। यस्तो हुँदा सम्बन्धित विषयमा थप अध्ययनको भोक बढेर जान्छ।
- सामाजिक सञ्जालले मानिसको ध्यानलाई भंग गरिरहेको हुन्छ। त्यही कारण फोनलाई साइलेन्समा राखेर शान्त स्थानमा बसेर पढ्नु राम्रो हुन्छ।

आउटडोरका लागि पोलोराइज्ड सनग्लास

पोलोराइज्ड सनग्लास धेरैको रोजाइमा पर्ने गर्छ। विशेषगरी, बाहिर हिँड्दा यो सनग्लास निकै उपयोगी हुन्छ। यद्यपि, सबैका लागि यो सनग्लास उपयुक्त हुन्छ भन्ने होइन। एकपटक दृष्टि विशेषज्ञसँग सल्लाह लिएर मात्रै यसको प्रयोग गर्नु राम्रो हुन्छ। यसका केही फाइदा यस्ता छन् :

ग्लेर घटाउँछ : पोलोराइज्ड सनग्लासले ग्लेर घटाउँछ र आँखाका लागि आरामदायक छ। साधारण ग्लासको तुलनामा यसबाट हेर्दा वस्तुहरू स्पष्ट देखिन्छन्।

हानिकारक किरणबाट सुरक्षा : युभी प्रोटेक्सनसहितका पोलोराइज्ड सनग्लासले सूर्यका विकिरणबाट आँखालाई जोगाउँछ।

पानीमा प्रयोग : यस ग्लासलाई पानीभित्र पनि प्रयोग गर्न सकिन्छ। त्यसैले स्विमिङ गर्नेले यस्तो ग्लास लगाउने गर्छन्। बोटिङ, फिसिङ, वाटर-स्किइङलगायत गतिविधिका लागि पनि यो ग्लास लगाउनु राम्रो हुन्छ।



आँखामा कम तनाव : यसको प्रयोगले आँखामा तनावको मात्रा कम हुन्छ। बाहिर निस्कँदा चर्को प्रकाशले कहिलेकाहीं आँखामा समस्या पार्छ। यस्तोमा यसले आँखालाई ढाकेर सहज महसुस गराउने काम गर्छ। आँखामा थकान पनि कम हुन्छ।

प्रदूषण : यसले प्रदूषणको असर कम गरेर आँखालाई सुरक्षित राख्ने काम गर्छ।

ड्राइभिङ : ड्राइभिङ गर्दा पोलोराइज्ड सनग्लास लगाउनाले अगाडिको दृश्य स्पष्ट हेर्न सकिन्छ। यद्यपि, सबै अवस्थामा पोलोराइज्ड सनग्लास उपयुक्त नहुन पनि सक्छ। जस्तो- डिजिटल स्क्रिनमा पढ्नका लागि यो उपयुक्त हुँदैन, यसले स्क्रिनको भिजिबिलिटीमा हस्तक्षेप गर्छ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/०६/१८

यस मनहरी गाउँपालिका अन्तर्गत विभिन्न निर्माण कार्यको लागि मिति २०८०/०४/३० गते प्रकाशित सूचना अनुसार समय सीमा भित्र दर्ता हुन आएका बोलपत्रहरुको नियमानुसार मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी न्युनतम् मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भनि स्वीकृतको लागि सिफारिस भए अनुसार तपशिलको सिलबन्दी बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजीम सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

सि.नं.	ठेक्का नं.	छनौट भएका बोलपत्रदाताको नाम	कामको विवरण	कबोल अंक (मु.अ.क. सहित)
1	UGR/NCB/ MAN-01/080-81	Maha Rudra Construction, Manahari-07, Makwanpur	UPGRADING OF MANEDANDA RAMAULI ROAD	60,50,923.47

प्रमुख प्रशासकीय अधिकृत

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
भक्तपुर अस्पताल
भक्तपुर, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/०६/१८

यस अस्पतालले विद्युतीय माध्यमबाट बोलपत्र आव्हानको लागि मिति २०८०/०२/३१ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार देहायका बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ अनुसार सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

सि.न.	ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कुल कबोल अंक (भ्याट बाहेक)
१	BHB/G/NCB -6/2080-81	Procurement of Stationeries and Office Supplies	श्री नर्मदा ईन्टरनेशनल कागेश्वरी मनोहरा-७ काठमाडौं	१३,५५,३८५।८०
२	BHB/G/NCB -7/2080-81	Procurement of Surgical Goods	श्री दिपेश ईन्टरप्राईजेज प्रा.लि. वानेश्वर, काठमाडौं	१९,१२,१२८।६०
३	BHB/G/NCB -8/2080-81	Procurement of Lab Chemicals	श्री सगरमाथा ट्रेड लिंक, वानेश्वर-१० काठमाडौं	८,८३,६५२।७०

नि.प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ट

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
जीपीकोईराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र
दुलेगौंडा, तनहुँ

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०/०६/१८

यस केन्द्रको मिति २०८०/०५/१३ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता भएका बोलपत्रमध्ये देहायका बोलपत्र सारभुत रुपमा प्रभावग्राही हुँदा सार्वजनिक खरिद ऐन २०६३ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं.	योजनाको नाम	छनोट भएको बोलपत्रदाता	कबोल अंक (VAT) सहित
(GPKNCRD/GOODS/ NCB/03/2080-081)	Purchase of Surgical Items For Hospital Pharmacy	RUBI SURGICAL ENTERPRISES (Pokhara)	3424570.68

अस्पताल प्रमुख

अपांगता अधिकार र दिगो विकास लक्ष्य

तीनै तहका सरकारले अपांगता भएका व्यक्तिका सवालमा प्राथमिकता दिएमा मात्र दिगो विकास लक्ष्यको विश्वव्यापी अभियान सफल हुनेछ



● प्रकाश पन्थ

अग्रलेख

नेपालको संविधानले अपांगताका आधारमा गरिने सबै किसिमका भेदभावलाई निषेध गरेको छ भने सामाजिक न्याय, राजनीतिक अधिकार, सामाजिक सुरक्षा, शिक्षालगायत मौलिक हकअन्तर्गत अपांगता भएका व्यक्तिका अधिकार र सवाललाई सम्बोधन गरेको छ। नेपालमा अपांगता भएका व्यक्तिको संख्या २०७८ को जनगणनाअनुसार कुल जनसंख्याको २.२ प्रतिशत छ। प्राकृतिक रूपमा भूकम्प, दुर्घटना, हिंसा, द्वन्द्व तथा विभिन्न रोगका कारण जुनसुकै समयमा कुनै पनि व्यक्तिमा अपांगता देखिन सक्छ। अपांगता भएका व्यक्तिका अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्नु राज्य, समाज र परिवारको दायित्व हो। नेपालको संविधान, अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, मौलिक हकसँग सम्बन्धित विभिन्न ऐन, कानुनमा अपांगता भएका व्यक्तिका अधिकारसम्बन्धी व्यवस्था उल्लेख भए पनि कार्यान्वयन पक्ष फितलो र कमजोर भएका कारण नेपालमा अपांगता भएका व्यक्तिले अधिकार प्राप्त गर्न सकेका छैनन्। संयुक्त राष्ट्रसंघीय महासन्धिले दीर्घकालीन शारीरिक, मानसिक, बौद्धिक वा ज्ञानेन्द्रिय विचलन भएका व्यक्तिलाई अपांगता भएका व्यक्ति मानेको छ। जसलाई समाजमा विद्यमान अवरोधका कारण अन्य व्यक्तिसरह समाजमा पूर्ण र प्रभावकारी सहभागी हुन बाधा पुगिरहेको छ। अपांगता अधिकारसम्बन्धी ऐन, ०७४ ले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता वा विद्यमान अवरोधका कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्तिलाई अपांगता भएको व्यक्ति सम्झेको छ।

अपांगता भएका व्यक्तिको अधिकार मानवअधिकारको एक महत्त्वपूर्ण भाग हो। यसलाई विभिन्न अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनी ढाँचामा समेटिएको छ। समाजमा अपांगता भएका व्यक्तिको पूर्ण र समान सहभागिता सुनिश्चित गर्न अपांगता मानवअधिकार प्रवर्द्धन र संरक्षण आवश्यक छ। अपांगता भएका व्यक्तिको अधिकारलाई सम्बोधन गर्ने सबैभन्दा व्यापक अन्तर्राष्ट्रिय सन्धि अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि नै हो। महासन्धिले यसले गैरभेदभाव, कानुनका अगाडि समानता र जीवनका सबै पक्षमा भाग लिने अधिकारसहित अधिकार र सिद्धान्तको विस्तृत दायरा निर्धारण गरेको छ। मानवअधिकारको आधारभूत सिद्धान्त भनेकै कसैलाई पनि अपांगताका आधारमा भेदभाव गर्न नहुने हो। यो सिद्धान्त महासन्धिसहित विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दस्ताबेजमा उल्लेख गरिएको छ। यसको अर्थ अपांगता भएका व्यक्तिलाई शिक्षा, रोजगारी, स्वास्थ्य सेवा र जीवनका अन्य सबै पक्षमा भेदभावरहित समान पहुँच हुनुपर्छ। अपांगता भएका व्यक्तिका लागि मानवअधिकारको मुख्य पक्ष भौतिक स्थान, सूचना र सञ्चारमा पहुँच हुनु हो। यसमा सार्वजनिक भवन पहुँचयोग्य छन् भन्ने सुनिश्चित गर्नु र पहुँचयोग्य ढाँचामा सूचना प्रदान गर्नु हो। अपांगता भएका व्यक्तिको मानवअधिकार व्यापक मानवअधिकार ढाँचाको अभिन्न अंग हो। सबैका लागि समावेशी र समतामूलक समाज निर्माण गर्ने अन्तिम लक्ष्यसाथ महासन्धिले अन्य अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनसँगै यी अधिकारको संरक्षण र प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्छ।

अपांगता भएका व्यक्तिको अधिकार र कल्याणसँग सामाजिक न्याय घनिष्ठ रूपमा जोडिएको हुन्छ। समाजका प्रत्येक व्यक्तिले लिंग, अपांगतालगायत पृष्ठभूमि वा विशेषतालाई ध्यान दिई जीवनका सबै पक्षमा अवसर, स्रोत र सहभागितामा समान पहुँचको हकदार हुन्छ भन्ने धारणा नै सामाजिक न्याय हो। सामाजिक न्याय अपांगता भएका व्यक्तिसँग सम्बन्धित छ, सामाजिक न्यायले समतामूलक व्यवहार र व्यवस्थालाई जोड दिन्छ। अपांगता भएका व्यक्तिलाई अपांगता नभएका व्यक्तिजस्तै समान अधिकार र अवसर हुनुपर्छ। अपांगता भएका व्यक्तिका लागि समान परिणाम सुनिश्चित गर्न थप स्रोत र साधनको आवश्यकता हुन सक्छ। सामाजिक न्यायका सिद्धान्तले अपांगता भएका व्यक्तिविरुद्धको भेदभाव उन्मूलन गर्न माग गर्छ। गैरभेदभाव र समान व्यवहारलाई प्रवर्द्धन गर्ने कानुन र नीति अपांगता भएका व्यक्तिका लागि सामाजिक न्यायका महत्त्वपूर्ण पक्ष हुन्। सामाजिक न्यायले अपांगता भएका व्यक्तिलाई शिक्षा, स्वास्थ्य सेवा, रोजगारी र यातायातजस्ता अत्यावश्यक सेवा र स्रोतमा पहुँच गर्नबाट रोक्ने अवरोध हटाउन आह्वान गर्छ। यसले यी सेवा र स्रोतलाई पहुँचयोग्य र समावेशी बनाउन पनि आवश्यक छ।

अपांगता भएका व्यक्तिलाई उनीहरूको जीवनलाई असर गर्ने निर्णय प्रक्रियामा सक्रिय रूपमा भाग लिने अधिकार छ। सामाजिक न्यायले अपांगता भएका व्यक्तिलाई राजनीतिक, सामाजिक र सांस्कृतिक गतिविधिमा समावेश गर्न प्रवर्द्धन गर्छ र उनीहरूको आवाज सुनिएको सुनिश्चित गर्छ। अपांगता भएका व्यक्तिका लागि सामाजिक न्यायले स्वीकार गर्छ कि व्यक्तिसँग धेरै पहिचान र भेदभावको अनुभव हुन सक्छ। यसले जाति, लिंग, यौन झुकाव र सामाजिक आर्थिक स्थितिजस्ता अन्य कारकसँग अक्षमताको प्रतिच्छेदनलाई विचार गर्छ। यसर्थ, सामाजिक न्याय एक आधारभूत सिद्धान्त हो, जसले अपांगता भएका व्यक्तिको अधिकार र कल्याणलाई जोड दिन्छ। यसले समावेशी, समतामूलक समाजका लागि आह्वान गर्छ, जहाँ अपांगता भएका व्यक्तिलाई समान अवसर हुन्छ र उनीहरूलाई सम्मानसाथ व्यवहार गरिन्छ।



अपांगता भएका व्यक्तिलाई संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्यभित्र एक महत्त्वपूर्ण र पछाडि परेको कमजोर समूहका रूपमा लिइएको छ। दिगो विकास लक्ष्यहरू ०३० सम्ममा सामाजिक, आर्थिक र वातावरणीय चुनौतीको विस्तृत दायरालाई सम्बोधन गर्न डिजाइन गरिएका १७ विश्वव्यापी लक्ष्यको समूह हो। यीमध्ये धेरै लक्ष्य प्रत्यक्ष रूपमा अपांगता भएका व्यक्तिको अधिकार र समावेशितासँग सम्बन्धित छन्। अपांगता भएका व्यक्तिका लागि दिगो विकास लक्ष्यहरू निकै सान्दर्भिक छन्। दिगो विकास लक्ष्यले सबै प्रकारका गरिबी उन्मूलन गर्ने लक्ष्य राखेको छ। शिक्षा, रोजगारी र सामाजिक समावेशीकरणमा अवरोधका कारण अपांगता भएका व्यक्तिले गरिबी अनुभव गर्ने सम्भावना बढी हुन्छ। उनीहरूको आर्थिक समावेशीकरण सुनिश्चित गर्न र उनीहरूले सामना गरिरहेको गरिबीलाई सम्बोधन गर्न यो लक्ष्य हासिल गर्न महत्त्वपूर्ण छ। लक्ष्य नं. ३ ले स्वस्थ जीवन सुनिश्चित गर्न र समृद्ध जीवनस्तर प्रवर्द्धन गर्न खोज्छ। अपांगता भएका व्यक्तिले प्रायः स्वास्थ्य असमानता सामना गरिरहेका छन्। उनीहरूको अद्वितीय आवश्यकता मिलाउने स्वास्थ्य सेवामा पहुँच आवश्यक हुन सक्छ। सबैका लागि समावेशी र समतामूलक शिक्षा लक्ष्य नं. ४ को केन्द्रबिन्दु हो। यसले अपांगता भएका व्यक्तिका लागि समावेशी शिक्षा सुनिश्चित गर्ने आवश्यकतालाई स्पष्ट रूपमा उल्लेख गर्छ। समाजमा उनीहरूको पूर्ण सहभागितालाई सक्षम बनाउन शिक्षामा रहेका अवरोध हटाउनुपर्ने कुरालाई स्वीकार गर्छ। अपांगता भएका महिला र बालिकाले प्रायः अन्तर्क्रियात्मक भेदभावको सामना गर्छन्। दिगो विकास लक्ष्य नं. ५ ले लैंगिक समानतालाई सम्बोधन गर्छ, यसका सिद्धान्त महिला र अपांगता भएका बालिकामा पनि लागू हुनेमा जोड दिन्छ।

> समावेशी, पहुँचयोग्य र दिगो सहरी वातावरणको सिर्जनाले सहर र मानवबस्तीलाई समावेशी, सुरक्षित, लचिलो र दिगो बनाउने हुनाले यसबाट अपांगता भएका व्यक्ति र अरू सबैलाई एकसाथ फाइदा पुग्छ

अपांगता भएका व्यक्तिलाई मर्यादित कामको अधिकार छ र रोजगारीमा भेदभावको सामना गर्नु हुँदैन। लक्ष्य नं. ८ ले दिगो, समावेशी र दिगो आर्थिक वृद्धिको प्रवर्द्धनका साथै अपांगता भएका व्यक्तिसहित सबैका लागि पूर्ण र उत्पादनशील रोजगारीलाई प्रवर्द्धन गर्न आह्वान गर्छ। लक्ष्य नं. १० देशभित्र र बीचको असमानता कम गर्नमा केन्द्रित छ। अपांगता भएका व्यक्तिले प्रायः धेरै प्रकारका भेदभाव र सीमान्तीकरणको सामना गर्छन् र दिगो विकास लक्ष्य नं. १० ले यी असमानतालाई सम्बोधन गर्ने आवश्यकतालाई जोड दिन्छ। समावेशी, पहुँचयोग्य र दिगो सहरी वातावरणको सिर्जना अपांगता भएका व्यक्तिका लागि आवश्यक छ। यसले सहर र मानव बस्तीलाई समावेशी, सुरक्षित, लचिलो र दिगो बनाउने लक्ष्य राखेको छ, जसले अपांगता भएका व्यक्ति र अरू सबैलाई फाइदा पुऱ्याउँछ।

दिगो विकास लक्ष्यको मूल मर्म नै विकासका हरेक क्षेत्रमा कसैलाई पनि पछाडि नछोड्नु हो। दिगो विकास लक्ष्यले अपांगता भएका व्यक्तिलाई मुख्य लाभग्राहीका रूपमा समेटेको छ। व्यावहारिक रूपमा यसको अर्थ विकासमा हालसम्म सबैभन्दा पछाडि परेकालाई प्राथमिकतामा राखेर विकासका कार्यक्रम लागू गर्नुपर्छ भन्ने हो। नेपालमा संविधानलगायत विकासका विभिन्न दस्ताबेजले अपांगता भएका व्यक्तिलाई सामाजिक, आर्थिकलगायत सबै क्षेत्रमा पछाडि पारिएको समुदायका रूपमा स्विकारिसकिएको छ। तर, नेपाल सरकारले दिगो विकासलाई लक्षित गरी लागू गरेका कार्यक्रमले अपांगता भएका व्यक्तिलाई समेट्न सकेको छैन। दिगो विकास लक्ष्यका विभिन्न कार्यक्रमले अहिलेसम्म कति अपांगता भएका व्यक्तिलाई के लाभ दियो भन्ने विषयमा सरकारसँग कुनै स्पष्ट तथ्यांक वा सूचना छैन। मुलुकमा व्यवस्था परिवर्तन भई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको करिब १५ वर्ष, संविधान जारी भएको करिब आठ वर्ष र संविधान जारी भएपछि तीनै तहको निर्वाचन सम्पन्न भई संविधान कार्यान्वयन गर्दै समृद्धिका लागि तीनै तहका सरकारले नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गरेको पनि करिब ६ वर्ष बितिसकेको छ। यस अवधिमा केही कानुनी प्रबन्धसमेत भए पनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा संविधानप्रदत्त अधिकार अपांगता भएका व्यक्तिको जीवनमा चरितार्थ हुन सकेका छैनन्। अपांगता भएका व्यक्तिका लागि अवरोधमुक्त, समतामूलक, सम्मानजनक तथा मर्यादित जीवनयापनका लागि संविधान तथा कानुनप्रदत्त मौलिक हक तथा नेपाल पक्ष रहेको अपांगता अधिकारसम्बन्धी महासन्धिले सुनिश्चित गरेका अधिकारको प्रभावकारी कार्यान्वयन गर्नु नेपाल राज्यका सबै तहका सरकारी निकाय तथा सम्बन्धित सरोकारवालाको उच्च प्राथमिकता, दायित्व र जिम्मेवारी हो।

सबै दिगो विकास लक्ष्य हासिल गर्न सरकार, नागरिक समाजका संघसंगठन र विभिन्न सरोकारवालाबीचको सहकार्य आवश्यक छ। समावेशी र दिगो विकासका लागि अपांगता भएका व्यक्तिको प्रतिनिधित्व गर्ने संस्थाको सक्रिय सहभागिता सुनिश्चित गर्नु महत्त्वपूर्ण छ। यी प्रत्यक्ष सन्दर्भका अतिरिक्त, कसैलाई पछाडि नछोड्ने सर्वाङ्गीण सिद्धान्त सबै दिगो विकास लक्ष्यको मार्गदर्शक सिद्धान्त हो। यसले अपांगता भएका व्यक्तिसहित सीमान्तकृत, कमजोर र पछाडि परेका समुदायको आवश्यकता र अधिकारलाई सम्बोधनलाई जोड दिन्छ। अपांगता भएका व्यक्ति दिगो विकास लक्ष्यका लाभार्थी मात्र होइनन्, यी लक्ष्य प्राप्त गर्न लागिपरेका परिवर्तनका सक्रिय समूह पनि हुन्। विकासका सबै पक्षमा उनीहरूको समावेशीकरण विश्वव्यापी दिगो विकास लक्ष्यको सफलताका लागि महत्त्वपूर्ण छ। अपांगता भएका व्यक्तिको अधिकार दिगो विकास लक्ष्यको उपलब्धिको केन्द्रबिन्दु हो भनी सुनिश्चित गर्न सरकार, नागरिक समाज र अन्तर्राष्ट्रिय निकाय मिलेर काम गर्नुपर्छ। यस परिस्थिमा तीनै तहका सरकार र सरोकारवालामाझ अपांगताको अधिकार र सवाल उठाउने प्रयास गर्नुपर्छ। तीनै तहका सरकारले अपांगताका सवालमा प्राथमिकता दिनुपर्छ। अनि मात्र विश्वव्यापी अभियान सफल हुनेमा आशावादी हुन सकिन्छ।

(पन्थ राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिका सभापति हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **डम्बर खतिवडा**लाई



नेपालगन्ज घटनालाई कसरी हेर्नुभएको छ ?

हाम्रो देशमा हजारौँ वर्षदेखि जातीय, धार्मिक तथा सामाजिक सद्भाव कायम छ। यसलाई बिगार्न सकियो या यसमा कुनै पनि कोणबाट खलल पुऱ्याउन सकियो भने दक्षिणपन्थी राजनीतिलाई उठाउन सकिन्छ कि भन्ने सोचले यस्ता घटनामा थोरै प्रभाव पारेको हुन सक्छ। दक्षिणी छिमेकको राजनीतिको प्रभाव सीमावर्ती निकट गाउँ तथा सहरमा परेको पनि हुन सक्छ। पहिचानको राजनीति गर्नेहरूमध्ये पनि कतिपयमा अतिवादी सोचले काम गरिरहेको हुन सक्छ। जातीय, धार्मिक र सामाजिक सद्भाव बिथोल्न पाए राजनीतिक ध्रुवीकरण बढाएर स्वार्थपूर्ति गर्न सकिन्छ भन्ने अतिवादी सोचले पनि यसमा मलजल गरेको हुन सक्छ।

हजारौँ वर्षदेखि कायम सद्भावलाई जोगाइराख्न के गर्नुपर्छ ?

यसलाई जोगाउन त्यति कठिन छैन। किनकि, हाम्रो समाज दुई-तीन सय वर्षको इतिहास बोकेको समाज होइन। यो चार-पाँच हजार वर्षभन्दा लामो इतिहास बोकेको समाज हो। त्यसैले, यहाँको धार्मिक, सामाजिक सद्भावमा खलल पुऱ्याउन सजिलो छैन। यस तथ्यलाई यहाँका सम्पूर्ण समुदायले पनि राम्ररी बुझेका छन्। त्यसैले, हाम्रो समाजले नै यहाँको सद्भावलाई कायम राख्छ। केही गलत तत्त्वले खेल्न खोजे पनि त्यो क्षणिक साबित हुने छ। यहाँ कसैले चाहँदैमा ठुलो 'स्केल'मा हाम्रो सद्भावलाई भाँड्न सक्दैनन्।

सद्भाव जोगाउन हाम्रो राजनीतिले कस्तो भूमिका खेल्नुपर्छ ?

राजनीतिक दलले आआफ्नो प्रभाव क्षेत्रमा सकारात्मक भूमिका खेल्न सक्नुपर्छ। उनीहरूले सद्भाव कायम राख्न आआफ्ना कार्यकर्तालाई प्रशिक्षित गरेर यस्ता घटनाबाट उनीहरूलाई टाढै राख्न सक्नुपर्छ।

प्रेरक प्रसंग

मिटरब्याजी र चलाख युवती

सयौँ वर्षपहिले इटलीको एउटा सहरमा एकजना साना व्यवसायी बस्थे। व्यवसाय अघि बढाउने क्रममा उनले एक मिटरब्याजीबाट ठूलो रकम ऋण लिए। तर, व्यापार राम्ररी फस्टाउन नसक्दा उनले समयमै ऋण चुक्ता गर्न सकेनन्।

वृद्ध मिटरब्याजी खराब थिए। कसैलाई ऋण दिनु र उसलाई ट्युापमा पारेर स्वार्थ पूरा गर्नु उसको विशेषता नै थियो। मिटरब्याजीको आँखा व्यवसायीकी सुन्दर, सुशील र बुद्धिमान् छोरीमाथि परेको थियो। उसले व्यवसायीसित भन्यो- तिमीले सर्तअनुसार ऋण तिर्न सकौला जस्तो लागेन। त्यसैले, अब म तिमीलाई अन्तिम मौका दिन चाहन्छु। म तिम्रो बर्गैचाबाट एउटा कालो र अर्को सेतो ढुंगा टिपेर झोलामा राख्छु। तिम्री छोरीले झोलामा हात हालेर छामेकै भरमा एउटा ढुंगो निकाल्नुपर्नेछ। यदि उनले कालो ढुंगो निकालिन् भने तिमीले मेरो बाँकी ऋण तिर्नुपर्नेछैन। तर, तिम्री छोरीको बिहे मसित गरिदिनुपर्नेछ। सेतो ढुंगो निकालिन् भने ऋण पनि मिनाहा हुनेछ र उनको बिहे पनि मसित गरिदिनुपर्नेछैन। व्यवसायीले मिटरब्याजीको प्रस्ताव स्विकारेनन्। तर, उनकी छोरीले बुबालाई ऋणमुक्त गर्न उसको प्रस्ताव स्विकारिन्। मिटरब्याजीले बर्गैचाबाट दुईवटा ढुंगा टिपेर झोलामा राख्यो। उसले दुवै कालो ढुंगा टिपेको व्यापारीकी छोरीले देखिन्। उनले एकैछिन सोचेर झोलामा हात घुसारिन्। पालैपालो दुवै ढुंगा छामेजस्तो गरिन्। अनि एउटा ढुंगो टिपेर ढुंगाको थुप्रोमा फुत्त फालिदिइन्। उनले यति शीघ्रतासाथ काम गरिन् कि उनले कालो या सेतो कुन ढुंगो टिपेर फालिन् भन्ने कसैले भेउ पाउनै सकेन। यसपछि उनले मिटरब्याजीलाई भनिन्- महोदय, झुक्केर मेरो हातबाट एउटा ढुंगो त खसेर थुप्रोमा मिसिइहाल्यो। त्यो कुन रङको थियो, पत्तो भएन। त्यसैले, अब आफ्नो झोलाको ढुंगो देखाउनुहोस्, मैले निकालेको ढुंगो त्यसको विपरीत रङको हुनेछ। म परिणाम भोग्न तयार छु। उनको प्रस्तावले मिटरब्याजी झस्कियो। ऊ आनाकानी गर्न थाल्यो। तर, त्यहाँ उपस्थित सबैले उसको झोला तानेर ढुंगो निकाले। झोलामा कालो रङको ढुंगो थियो। त्यसैले, व्यवसायीकी छोरीले सेतो ढुंगो निकालेको ठहरियो। व्यवसायी ऋणमुक्त भए र उनकी छोरीको बिहे पनि लोभी र खराब मिटरब्याजीसित गर्नुपरेन।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सुशासनको अनुभूति भएन

हाम्रोजस्तो सानो देशभित्र विगत लामो समयदेखि विभिन्न राजनीतिक धार अस्तित्वमा छन्। देशको शासन व्यवस्थालाई प्रभावकारी बनाउन देश संघीयतामा गएको छ। यति सानो देशमा पनि सातवटा त प्रदेश नै छन्। हरेक स्थानीय तह आफैंमा एउटा स्थानीय सरकार हो। तर, जेजस्तो शासन व्यवस्था भए पनि यहाँका जनताले सुशासनको अनुभूति गर्न पाएका छैनन्। जनताले शिक्षा र स्वास्थ्य सेवाको ग्यारेन्टी पाएका छैनन्। देशमा बेरोजगारीको अवस्था भयावह छ। यो सब हामीले अँगालेको शासन प्रणाली र हामीले स्विकारेका राजनीतिक दलहरूका कारण भएको हो।

त्यसैले, अब सबैभन्दा पहिले प्रदेश संरचना खारेज गर्नुपर्छ। स्थानीय तहलाई अझै अधिकार दिए पनि हुन्छ। प्रतिनिधिसभामा बढीमा सयजना मात्र सदस्य हुने व्यवस्था गर्नुपर्छ। राष्ट्रिय सभालाई पनि खारेज गर्दा केही फरक पर्दैन। हाम्रोजस्तो सानो देशको आर्थिक स्तरमा सुधार ल्याउन मन्त्री, प्रधानमन्त्री र भूपूहरूले पाइरहेको सुविधामा कटौती हुनुपर्छ। नेता र कर्मचारीको सम्पत्ति विवरण अनिवार्य सार्वजनिक गरिनुपर्छ।

● **हेमकुमार थापा**, भक्तपुर
hemkth@yahoo.com

सामाजिक सद्भाव नभुलौं

पछिल्ला दिनमा पूर्वी तराईका विभिन्न स्थानमा साम्प्रदायिक सद्भाव बिथोलिने खालका कतिपय गतिविधि भइरहेका थिए। मंगलबार बाँकेको नेपालगन्जमा हिन्दू र मुस्लिम समुदायबीच केही अप्रिय घटनासमेत भएको खबर आएको छ। नेपाल सदियौँदेखि भिन्नभिन्न धार्मिक, सामाजिक तथा सांस्कृतिक समुदाय आपसमा असाध्यै मिलेर बसेको देश हो। यस्तो देशमा यसरी सामाजिक सद्भाव बिथोलिने खालका घटना हुनु कुनै हालतमा स्वाभाविक होइन। यसबारे संयम नगुमाऔं र हामीलाई आपसमा भिडाउने तत्त्वलाई चिनेर सद्भाव कायम गरौं।

● **अमृता बराइली**
पकनाजोल, काठमाडौं

प्रतिवेदन सार्वजनिक गर

कान्ति बाल अस्पतालको आकस्मिक कक्षमा उपचार नपाएर बालिकाको मृत्यु भएपछि त्यस घटनाबारे सत्यतथ्य पत्ता लगाएर प्रतिवेदन बुझाउन गठन गरिएको छानबिन समितिले प्रतिवेदन बुझाए पनि त्यसलाई अझै सार्वजनिक गरिएको छैन। सरकारले प्रतिवेदन चुपचाप दराजमा थन्क्याएर न्यायको प्रतीक्षामा रहेको मृतक बालिकाको परिवारका सदस्यलाई थप प्रताडित गराएको छ। समितिको प्रतिवेदन तत्काल सार्वजनिक गर। प्रतिवेदनले कसैलाई दोषी या जिम्मेवार ठहऱ्याएको छ भने उसलाई कानुनबमोजिम कारबाही गर र पीडित परिवारलाई न्यायको अनुभूति दिलाऊ।

● **अमृत लम्साल**
सानोभऱ्याङ, काठमाडौं

बजारको नियमित अनुगमन गर्नुपऱ्यो

दसैं, तिहार, छठजस्ता चाडबाडको मुखैमा महँगी अचाक्ली बढेको छ। दैनिक उपभोग्य खाद्यान्नको भाउ अचाक्ली बढेको छ। चिनीबाट सुरु भएको मूल्यवृद्धि अहिले सम्पूर्ण खाद्यान्नसम्म आइपुगेको छ।

यसरी उद्योगी र व्यापारीले क्षणिक लाभका लागि बजारमा अत्यावश्यक सामग्रीको कृत्रिम अभाव सिर्जना गरेर महँगीमा सामान बिक्री गर्दा त्यसको प्रत्यक्ष असर अत्यावश्यक वस्तुमा परे पनि यसको अप्रत्यक्ष असर सबै वस्तुमा पक्कै पनि पर्छ। जसले गर्दा सर्वसाधारणलाई दैनिक जीवनयापन गर्न निकै कठिन हुन्छ। यसर्थ, त्यस्ता कालोबजारी गर्ने उद्योगी र व्यापारीलाई कडाभन्दा कडा कारबाही गर्नुपर्छ। यसर्थ, सरकारले बजारको नियमित एवं सूक्ष्म रूपमा अनुगमन गर्नु अति जरुरी छ।

हुन त सरकारले समय-समयमा ठाउँ-ठाउँमा बजारको अनुगमन गरी कारबाही नगरेको होइन। तर, अनुगमन फितलो एवं अपर्याप्त हुनाले यसमा कमी आउन सकेको छैन। यसर्थ, अब सरकारले बढीभन्दा बढी ठाउँमा स्थानीय निकाय तथा सुरक्षा निकायसँग समन्वय गरेर संयुक्त रूपमा बजारको नियमित अनुगमन गर्नु अति जरुरी छ।

● **अच्युतमान सिंह प्रधान** 'उत्सुक', बालुवाटार, काठमाडौं
achutpradhan@yahoo.com

लाम्पेडुसा त्रासदीले सम्झाइरहने आप्रवासन समस्या

दुरुह परिस्थितिबाट उम्किएका जोकोही पनि शरण र नयाँ जीवनका लागि हकदार छन्



देश/विदेश

● जिओभाना डि बेनेडेटो

इटलीको लाम्पेडुसा टापुको तटमा ३ अक्टोबर २०१३ मा भूमध्यसागरको सबैभन्दा खराबमध्ये एक जहाज दुर्घटना भएको थियो। करिब पाँच सयजनालाई बोकेको जहाज डुब्दा कम्तीमा तीन सय ६८ को ज्यान गएको थियो। यो घटना हुँदा म रोममा मानवीय क्षेत्रमा काम गरिरहेकी थिएँ र मेरो घरनजिकै यस्तो दुःखद घटना भएको देख्दा म निकै विचलित भएकी थिएँ। सहकर्मीबाट मैले गोताखोरले समुद्रमा डुबेका लासलाई लहरै बन्दरगाहमा राख्दै गरेका घटनावृत्तान्त सुनेकी थिएँ। गोदाममा मिलाएर राखिएका कफिन त्यसमाथि पनि बालबालिकाका शव रहेका साना सफेद कफिनले मेरो मुटु कुँडिएको थियो।

यो त्रासदीको १० वर्ष बितिसक्यो र यसका डरलाग्दा स्मृतिले लाम्पेडुसालाई अझै पिरोलिरहेको छ। दुर्भाग्यवश, यस्ता त्रासदी नदोहोरिऊन् भनेर पर्याप्त कदम चालिएका छैनन्। सन् २०१४ देखि भूमध्यसागरमा २८ हजारभन्दा बढी मानिस मरेका वा बेपत्ता भएका छन् र यी मारिनेमा एक हजार एक सयभन्दा बढी बालबालिका छन्।

त्रासदीको वर्षगाँठको केही साताअगाडि म लाम्पेडुसामा थिएँ। र, यो टापु फेरि एक कठिन समयबाट गुज्रिरहेको थियो। एक साताभा यसले अनुमानित १० हजार मानिसको आगमन देखेको छ, जुन यो टापुको स्थायी जनसंख्याभन्दा झन्डै दोब्बर हो। मानवीय क्षेत्रका संस्थासँगको मेरो वर्षौंको अनुभवका दौरान मैले यो टापुको अहिलेजस्तो भयानक अवस्था कहिल्यै देखेकी थिइनँ। आउने मानिसका लागि बनाइएको वासस्थान पुरुष, महिला र बालबालिकाको लामो लाइनले भरिएका थिए। तीमध्ये कतिपयसँग सडकमै सुत्नुको विकल्प थिएन। कैयौं दिनसम्म भोकै रहेका मानिस खाना र पानीको खोजीमा सहर चहार्दै थिए।

टापुमा प्रत्येक आउने असीमित सहनशीलता बोकेका व्यक्तिले ठूलै मूल्य चुकाएका छन्। धेरै मानिस त केही पनि बोकेर आएका छैनन् र केहीले आफ्ना प्रियजनलाई सम्झाउने वस्तु वा मातृभूमिको माटोसहितको झोला मात्रै बोकेका छन्। टापुमा पुग्नेमा लैंगिक हिंसा व्यहोरेका बालबालिका र बलात्कृत आमा पनि थिए। केही बाटामै आफ्ना प्रियजन गुमाएर लाम्पेडुसा पुगेका थिए। डुंगाबाट आउने मानिसको पीडा र दुःखमाझ म एक मानवतावादी कथा सम्झिन्छु। पश्चिम अफ्रिकाका एक १८ वर्षीय युवक भर्खर तीन वर्ष पुगिरहेका एक बालक बोकेर टापुमा आएका थिए। ती बालकको युवासँग कुनै साइनो थिएन। युवाले बालकलाई मरुभूमिमा टुहुरो अवस्थामा भेटेका थिए र भूमध्यसागर पार गर्दाको खतरनाक यात्रामा बालकलाई सुरक्षित राखेका थिए। बालकले राम्रै हेरचाह पाइरहेका छन्, तर उनको नाम, राष्ट्रियता र उमेर स्पष्ट हुन सकेको छैन। दुःखको कुरो यस्ता कैयौं बालक परिचयविहीन भएर हुर्किरहेका छन्।

इटलीभरि हामी यो वर्ष एक लाख ३३ हजारभन्दा बढी आप्रवासीको आगमनको साक्षी बनेका छौं। इटलीको गृह मन्त्रालयका अनुसार जहाँ ११ हजार ६ सय टुहुरा बालबालिका समावेश छन्। यी बालबालिकामा नवजात शिशुदेखि ६ वर्षका बालबालिकाको संख्या दुई प्रतिशतभन्दा बढी छ। यो संख्या अघिल्ला वर्षमा दुई गुणाले बढेको छ। यसैबीच भूमध्यसागर पार गर्ने प्रयासमा कैयौं बालबालिकाले ज्यान गुमाइरहेका छन्। यस वर्षको सुरुवातदेखि नै उल्लेख्य संख्यामा बालबालिकासहित



तस्बिर : एन्टोनियो पेरिनेलो/रोयटर्स

चार हजार पाँच सयभन्दा बढी मानिस समुद्रबाट युरोप जाने जोखिमपूर्ण यात्रा गर्ने क्रममा मारिएका वा बेपत्ता भएका छन्।

लाम्पेडुसामा मैले दुई यस्ता आमालाई भेटें, जसले हालसालै आफ्ना साना बच्चा गुमाएका छन्। यसरी बेपत्ता हुनेमा नवजात शिशु र पाँच महिनाका बालक थिए। यी दुई आमाको कथाले सात वर्षदेखि मलाई झस्काइरहने एक दर्दनाक घटनाको सम्झना गराएको थियो। प्रेम एवं निराशाको उत्कट अभिव्यक्ति प्रदर्शन गर्दै त्यसवेला एउटी आमाले आफ्नो ज्यानको आहुती दिँदै दुर्घटित जहाज डुब्नुअघि एक व्यक्तिलाई आफ्नो बच्चा सुम्पिएकी थिइन्।

तर, काम गरिरहँदा मैले आशाका कथा पनि सुनेकी छु, जसले मलाई आशावादी बनाइराख्छ। यही जुनमा मैले सिसिली सहरमा गाम्बियाका १४ वर्षीय बालकलाई भेटेकी थिएँ र उनलाई पढेर ठूलो मानिस हुने रहर छ। र, आज उनी इटलीको विद्यालयमा पढिरहेका छन् र आफ्नो शिक्षाको सपना पूरा गर्ने अवसर दिएकामा उनी अत्यन्तै कृतज्ञ पनि छन्।

प्रत्येक बालबालिका सुरक्षित रहनुपर्छ र तिनले उचित हेरचाह एवं शिक्षा पाउनैपर्छ। दुरुह परिस्थितिबाट उम्किएका जो कोही पनि शरण र नयाँ जीवनका लागि हकदार छन्। त्रासदीको एक दशकपछि पनि हामीले युरोपेली संघभित्र यो हक सुनिश्चित गर्न सक्ने पर्याप्त सुधार र सक्रिय उपाय देख्न सकेका छैनौं। हामीलाई अझै पनि समन्वित युरोपेली खोज एवं उद्धार संयन्त्र आवश्यक छ। त्यसैगरी गरिबी, द्वन्द्व तथा जलवायु परिवर्तनसम्बन्धी प्रकोपबाट बाध्य भई आफ्नो थातथलो छोडेर युरोप आउनेका लागि नियमित एवं सुरक्षित मार्ग आवश्यक छ। ऐक्यबद्धता र समन्वित पहलकदमीका लागि अहिलेभन्दा उपयुक्त समय अर्को हुन सक्दैन। सुरक्षित आश्रय खोज्ने मानिसलाई सुरक्षा उपलब्ध गराउनु हाम्रो सामूहिक जिम्मेवारी हो। हामी सबैले सुरक्षा र जनहित सुनिश्चित गर्न एकीकृत ढंगले काम गर्नैपर्छ।

आप्रवासन कुनै संकटकालीन अवस्था होइन, तर मानवीयतासम्बन्धी एक समस्या हो, जसलाई सम्बोधन एवं उचित व्यवस्थापन गर्न आवश्यक छ। भूमध्यसागरमा हुने सामूहिक मृत्यु पूर्ण रूपमा रोक्न सकिन्छ र यसलाई रोक्नैपर्छ।

*(बेन

कम्पनीले आफ्नो जारी पूँजी रु. ७०,००,००,०००/- (अक्षरेपी सत्तरी करोड रुपैया मात्र) को २०% ले हुन आउने रु.१४,००,००,०००/- (अक्षरेपी चौध करोड रुपैया मात्र) रकम बराबरको प्रति शेयर रु.१००/– अंकित दरको १४,००,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुका लागि छुट्टयाएको र सो शेयर मध्येको १०% ले हुन आउने १,४०,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि निष्काशन गरिएको ।

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानी विवरण

विवरण	वास्तविक			अपरिस्कृत	प्रक्षेपित		
	आ.व. ०७६/०७७	आ.व. ०७७/०७८	आ.व. ०७८/०७९	आ.व. २०७९/०८०	आ.व. ०८०/०८१	आ.व. ०८१/०८२	आ.व. ०८२/०८३
प्रति शेयर नेटवर्थ (रु.)	१०९.४६	१०४.२६	७६.८१	९०.३२	१०१.१८	१०७.३९	११६.७९
प्रति शेयर आम्दानी (रु.)	३.०१	०.१८	(२८.४४)	३.४८	८.७३	१४.३०	२२.९६
संचित नाफा/नोक्सानी (रु.)	१७,०१९,८९४	१३,१९९,०४५	(७५९००,५२७)	(४८,३८७,११८)	६,२७२,४१२	५६,१४३,६५१	१०७,६९०,५२३

दरखास्त दिनुपर्ने न्यूनतम सेयर संख्या: १० कित्ता
दरखास्त दिन पाउने अधिकतम सेयर संख्या : १,००० कित्ता

दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु. १००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।

मुक्तिनाथ कृषि कम्पनी लि.

MUKTINATH KRISHI COMPANY LTD.

(An Associate Company of Muktinath Bikas Bank Ltd.)

Basundhara Ringroad, Kathmandu, Nepal

Tel: +977-1-4950097, Email: info@muktinathkrishi.com

Web: www.muktinathkrishi.com

आव्हान-पत्र

यो विवरण-पत्र नभई केवल आव्हान पत्र मात्र हो ।

वैदेशिक रोजगारमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधि

निष्काशन खुल्ला मिति :	२०८०/०७/१० गते
निष्काशन बन्द हुने मिति :	२०८०/०७/२४ गते (बैंकिङ्ग समय पश्चात्)

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतिय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

कम्पनीको क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम संस्थाको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट इस्युर रेटिङ्ग गराई "[ICRANP -IR] BB-" (pronounced as ICRA NP Issuer Rating Double B Minus) रेटिङ्ग मिति २०७९/१०/०६ मा प्राप्त गरेको छ । "[ICRANP -IR] BB-" (Issuer Rating) ले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा मध्यम जोखिम (Moderate risk of default regarding timely servicing of financial obligation) जनाउँदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ भने [ICRANP-IR] D ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । यसको अर्थ "[ICRANP -IR] BB-" स्थिती "[ICRANP -IR] BB" भन्दा एक चिन्ह तल रहन्छ । उक्त विवरण स्वीकृत विवरणपत्रको दफा ग.२२(ट) पृष्ठ नं. ४२ मा समेत उल्लेख गरिएको छ ।

ग्रेड प्रदान गरेको मिति : वि.सं. २०७९/१०/०६ **ग्रेड बहाल रहने अवधि : वि.सं. २०८०/१०/०२**

श्री नेपाल धितोपत्र बोर्डबाट विवरण पत्र स्वीकृत भएको मितिः २०८०/०६/१०, कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति : २०८०/०६/१०

१. संगठित संस्थाको नाम :

मुक्तिनाथ कृषि कम्पनी लिमिटेड (Muktinath Krishi Company Limited)

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

कम्पनी ऐन, २०६३ बमोजिम स्थापित कम्पनी ।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३, बसुन्धारा, रिङ्गरोडमा रहेको छ । आवश्यकता अनुसार स्वीकृति लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय विस्तार गर्न सकिनेछ ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं ३, बसुन्धारा, रिङ्गरोडमा रहेको छ ।

५. संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

कम्पनी ऐन, २०६३ बमोजिम स्थापित मुक्तिनाथ कृषि कम्पनी लि., मुक्तिनाथ विकास बैंक लि. लगायत नेपालका सफल व्यवसायिक व्यक्तिहरुको लगानीमा देशको समग्र कृषि क्षेत्रको दिगो विकासमा टेवा पुर्याउने उद्देश्यले वि.स. २०७५ सालमा स्थापना भएको पब्लिक कम्पनी हो ।

कम्पनीले आफ्नो उद्देश्य अनुसार कृषक तथा कृषि व्यवसायिहरुको उत्पादन र उत्पादकत्व बृद्धिको लागि आवश्यक गुणस्तरीय उत्पादनका साधनहरु जस्तै मल, बिउ, विषादी, औजार उपकरण सहित अनुसन्धान, विकास, प्रविधि हस्तान्तरण, प्रशोधन र मूल्य अभिबृद्धिको साथै कृषि उत्पादनहरुको खरीद सुनिश्चितता गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारीकरण सम्बन्धी क्रियाकलापहरु गरिरहेको छ ।

नेपालमा छरिएर रहेको कृषि व्यवसायका अवसर र चुनौतिहरुलाई एकीकृत गरी उत्कृष्ट संस्थागत व्यवस्थापनको माध्यमबाट कृषि तथा सम्बन्धित क्षेत्रलाई मर्यादित र प्रतिस्पर्धी बनाई युवाहरुको आकर्षणको केन्द्रबिन्दु बनाउन कृषि क्षेत्रको दिगो विकासमा अति आवश्यक भएको सन्दर्भमा मुक्तिनाथ कृषि कम्पनी लि. ले बढि भन्दा बढि कृषकहरुलाई गुणस्तरीय सेवा प्रदान गर्ने तथा गुणस्तरीय सेवा कृषकसम्म पुर्याउनको लागि बडा, गाँउपालिका, नगरपालिका र जिल्लामा स्थापना भइसकेका तथा नयाँ स्थापना गरी व्यवसाय गर्न चाहने सहकारी, कृषि कम्पनी तथा फर्महरुलाई व्यापक रुपमा सहयोग तथा प्रवर्द्धन गरी स्थापित गराउनका लागि उत्पादन, प्रशोधन (उद्योग) र वितरणमा व्यवस्थापकिय काम गर्ने उद्देश्य लिएको छ ।

कम्पनीको प्रवन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

कृषि तर्फ :

(क) कृषिको व्यवसायीकरण, बजारीकरण, यान्त्रीकरण र मुल्य श्रृंखलाको निर्माण गर्ने ।
(ख) कृषि उत्पादन बृद्धि गर्न आवश्यक पर्ने मल, बिउ, औषधी, उपकरण, प्रविधि तथा अन्य आवश्यक प्राविधिक सेवाहरु उपलब्ध गराउने ।
(ग) कृषक, स्थानीय व्यक्ति तथा संघ/संस्थाबाट उत्पादित कृषि उपजहरुलाई संकलन, भण्डारण, प्रशोधन, प्याकेजिङ्ग आदी गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्ने वा बजारीकरणको व्यवस्था गर्ने ।
(घ) कृषि सामग्रीको आपूर्ति सहज गर्न स्थानिय सहकारी संघ/संस्था वा व्यक्तिहरुको सहकार्यमा पृष्ठारिक/रासायनिक मल कारखाना, कृषि औजार कारखाना, जैविक औषधि उत्पादन आदि सम्बन्धी कारखाना स्थापना र संचालन गर्ने तथा उत्पादित वस्तुहरुको बिक्री वितरण गर्ने ।
(ङ) कृषि क्षेत्रको प्रवर्द्धन तथा विकास गर्न विभिन्न किसिमका अनुसन्धान, माटो परिक्षण (Soil Test), वातावर्णिय प्रभाव मुल्याङ्कन (Enviromental Impact Assessment-EIA), Detail Project Report (DPR) आदि जस्ता कार्य गर्ने ।
(च) कृषिसंग सम्बन्धित रुण र बन्द उद्योगहरुलाई सरकार/ सहकारी निजी क्षेत्रको सहकार्यमा वा एकल वा संयुक्त रुपमा खरिद वा पट्टामा (लिज) लिई सञ्चालन गर्ने तथा उत्पादित वस्तुहरुको बिक्री वितरण गर्ने,
(छ) कृषि सम्बन्धी व्यापार केन्द्रको स्थापना/सञ्चालन गर्ने, कृषि सम्बन्धी मेला/महोत्सव/प्रदर्शनीको आयोजना गर्ने,
(ज) कृषि सूचना/संचार केन्द्रको स्थापना/सञ्चालन गर्ने, कृषि संचार/सूचना संप्रेषण गर्न आवश्यक कार्यहरु गर्ने, कृषि सम्बन्धी पुस्तक, वेवसाईट, मोवाईल एप्लीकेशन आदी प्रकाशन गर्ने र बिक्री वितरण गर्ने ।
(झ) कृषि प्रयोजनार्थ विभिन्न उपकरणहरु आयात निर्यात, खरिद/बिक्री वितरण गर्ने,
(ञ) कृषि उत्पादन सम्बन्धी पकेट क्षेत्रको पहिचान गरी उत्पादन बृद्धी गर्ने, तथा शित गृह/भण्डार गृहको निर्माण गरी सञ्चालन गर्ने ।
(ट) संघिय/प्रान्तीय/स्थानीय सरकारको कृषि सम्बन्धी नीती तथा कार्यक्रमसंग समन्वय गरी कार्य गर्ने ।
(ठ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा निजी क्षेत्रसंग सहकार्य गरी कृषि सम्बन्धी कार्यहरु गर्ने ।
(ड) कृषि तथा पशुपन्छीको बीमाको लागि एजेन्टको रुपमा काम गर्ने ।
(ढ) कृषक, कृषि व्यवसायी, कृषक समुह तथा सहकारीहरुलाई बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा लिनको लागि आवश्यक पर्ने प्राविधिक तथा आर्थिक प्रस्तावहरु बनाउने । साथै सोको लागि आवश्यकता अनुसार बैंक तथा वित्तीय संस्थाहरुको एजेन्ट भई काम गर्ने ।
(ण) पशुपन्छी तथा माछापालन व्यवसायसंग सम्बन्धित सामाग्रीहरु जस्तै दाना, औजार उपकरण, औषधिहरुको आयात निर्यात गर्ने ।
(त) कृषिसंग सम्बन्धित औजार तथा उपकरणहरु मर्मत संहारको लागि वर्कसपको स्थापना तथा संचालन गर्ने ।
(थ) विभिन्न प्रकारका जैविक, प्रांगारीक तथा रासायनिक मल/सुक्ष्म पौष्टिक तत्व तथा विषाधिहरु, स्थानिय/उन्नत तथा वर्णशंकर (Hybrid) बिउहरुको आयात, स्थानिय संकलन र दर्ताको लागि आवश्यक अनुसन्धान स्थल/क्षेत्र/केन्द्रको स्थापना गर्ने र यसको लागि आवश्यक सिफारिस सम्बन्धित निकायहरुबाट लिने । साथै, कृषक, कृषिक समुह र सहकारीहरुमा क्षेत्रगत परीक्षणको लागि दिने ।
(द) कृषि सम्बन्धी मल, बिउ, विषादि, औजार उपकरण तथा खाद्य वस्तुहरुको अनलाइन कारोबार गर्ने ।

प्राविधिक तथा कृषि शिक्षा तर्फ :

(क) कृषि सम्बन्धी अध्ययन तथा तालीमको लागि सम्बन्धित निकायको स्वीकृती लिई प्राविधिक स्कुल/कलेज/तालिम/अनुसन्धान केन्द्रको स्थापना गर्ने ।
(ख) कृषक अध्ययन, अवलोकन तथा अनुसन्धानका लागि आवश्यकता अनुसार नमुना कृषि फार्म तथा होटल/रिसोर्ट आदि सञ्चालन गर्ने/गराउने ।
(ग) सरकार तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ/संस्थाहरुसंग मिलेर आवश्यक सीपमूलक तालिमहरु संचालन गर्ने ।

वन पैदावार/जडिबुटी तर्फ :

(क) स्थानीय समुदाय, सहकारी वा अन्य संघ/संस्था वा समुहको सहकार्यमा जडिबुटी लगायत वन पैदावारमा आधारित उद्योग स्थापना र सञ्चालन गर्ने/गराउने ।
(ख) स्वास्थ्य सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउन आयुर्वेदिक औषधालय तथा कारखाना स्थापना गर्ने/गराउने ।
(ग) वन पैदावारमा आधारित उद्यमहरुको विकास गर्ने र उत्पादित वस्तुहरुको बजारिकरण तथा बिक्री वितरण गर्ने/गराउने ।

कृषि सहकारी तर्फ :

(क) स्थानिय साधन र श्रोतलाई उच्चतम उपयोग गर्न पूँजी, सीप र क्षमताको प्रभावकारी कार्यान्वयन गर्दै कृषि तथा बहुउद्देश्यिय सहकारी संस्थाहरु स्थापना गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्ने,
(ख) स्थानिय रुपमा स्थापना भएका सहकारी संघ/संस्थाहरुलाई सक्रिय गराई कृषि उत्पादन सम्बन्धी कार्यका लागि आवश्यक सहयोग तथा समन्वय गर्ने,

अन्य उद्देश्य :

(क) कृषि सम्बन्धी उद्योग तथा व्यापारमा विदेशी कम्पनीहरुको संयुक्त लगानीमा (Joint Venture) परियोजनाहरु संचालन गर्ने ।
(ख) स्वदेश तथा विदेशमा उत्पादित वस्तुहरुको बिक्री वितरणको लागि प्रतिनिधि (Agent) भई काम गर्ने/गराउने ।
(ग) वैदेशिक रोजगारमा जान चाहने वा गई फर्केका व्यक्ति तथा युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न विभिन्न प्रकारका सिप तथा तालिम प्रदान गरी अवसरहरु श्रृजना गर्ने,
(घ) कृषि सम्बन्धी जोखिम न्यूनिकरण गर्न आवश्यक कार्यहरु गर्ने/गराउने ।
(ङ) कृषि उत्पादनमा टेवा पुऱ्याउन स्थानिय निकाय तथा संघ, संस्था, कम्पनी, समूह तथा व्यक्तिहरुको सहकार्यमा आवश्यकतानुसार जलविद्युत र नविकरणीय उर्जा उत्पादन गरी बिक्री वितरण गर्ने ।
(च) कृषि सामाग्रीहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बुवानीलाई सहजिकरण गर्नको लागि नेपाल तथा नेपाल बाहिर बुवानी तथा यसको व्यवस्थापन सम्बन्धी सहायक कम्पनीहरुको स्थापना गर्ने ।

६. पूँजी संरचना सम्बन्धी जानकारी :

अधिकृत पूँजी (Authorised Capital) : कम्पनीको अधिकृत पूँजी रु. १,००,००,००,०००/- (अक्षरेपी एक अर्ब मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका १,००,००,००० (एक करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

जारी पूँजी (Issued Capital) : कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. ७०,००,००,०००/- (अक्षरेपी सत्तरी करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका ७०,००,००० (सत्तरी लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

चुक्ता पूँजी (Paid up Capital) : कम्पनीको जारी पूँजी मध्ये संस्थापकहरुले तत्काल चुक्ता गरेको पूँजी रु. ५६,००,००,०००/- (अक्षरेपी छपन्न करोड मात्र) रहेको छ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका ५६,००,००० (छपन्न लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । सर्वसाधारणका निमित्त (सामुहिक लगानी कोष, कर्मचारीहर तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहर समेत) छुट्टाइएको रु.१४,००,००,०००/-(अक्षरेपी चौध करोड) रकम बराबरको रु.१००/-अंकित दरको १४,००,००० कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु. ७०,००,००,०००/- (अक्षरेपी सत्तरी करोड) हुनेछ ।

७. साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	५६,००,०००	८०%	५६,००,००,०००/–	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (सामुहिक लगानी कोष तथा कर्मचारीहरु र वैदेशिक रोजगारमा रहेका नेपालीहरु समेत)	१४,००,०००	२०%	१४,००,००,०००/–	भुक्तानी हुन बाँकी (यस विवरण पत्र मार्फत शेयर निष्काशन पश्चात् शतप्रतिशत रकम भुक्तानी हुने)
	जम्मा	७०,००,०००	१००%	७०,००,००,०००/–	

८. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम २७ मा भएको संसोधित व्यवस्था अनुसार ६ (छ) जना संचालक सदस्य रहेको संचालक समिति रहने व्यवस्था छ । संचालक समितिमा संचालक सदस्यहरुको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

संस्थापक शेयरधनीहरुको तर्फबाट	४ जना
स्वतन्त्र संचालक	१ जना
सर्वसाधारण शेयरधनीहरुको तर्फबाट	१ जना
जम्मा	**६ जना**

सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था:
कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार संचालक हुनको लागि कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनुपर्नेछ ।

९. आधारभूत शेयरधनीहरु तथा संचालकहरुको विवरण :

क्र. सं.	नाम	पद	उमेर (वर्ष)	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव	प्रस्तावित व्यापार/ व्यवसायमा अनुभव
१	मुक्तिनाथ विकास बैंक लि.	संस्थापक	लागु नहुने	राष्ट्रिय स्तरको "ख" वर्गको विकास बैंक	कमलादी, काठमाण्डौं	१४,५५,५००	लागु नहुने	लागु नहुने	लागु नहुने
२	भरतराज ढकाल	संस्थापक	४९	नेपाली	फापरथुम ४ स्याङ्जा	१,४८,०००	स्नातकोत्तर	समग्र व्यवस्थापनमा २० वर्ष भन्दा बढि (मुक्तिनाथ विकास बैंकको संस्थापक पुर्मुख कार्यकारी अधिकृत (२०६३ सालदेखि २०७४ सालसम्म, त्यसपश्चात हालसम्म अध्यक्ष ।	मिति २०७६/०५/१४ गतेबाट संचालक समिति अध्यक्ष
३	तुलसीराम ढकाल	संस्थापक	५४	नेपाली	दमक ३ झापा	१,४०,२१७	स्नातक	हाल सफलपथ बचत तथा ऋण सहकारी संस्था लि. को अध्यक्ष, चिलिमे जलविद्युत कं. लि. र मध्य भोटकोशी जलविद्युत कम्पनी लि.को संचालक तथा लगानी व्यवस्थापनमा २० वर्षभन्दा बढिको अनुभव	मिति २०७६/०५/१४ गतेबाट संचालक समिति सदस्य
४	नारायण कुमार श्रेष्ठ	संस्थापक	५२	नेपाली	बुढानुम ८ धादिङ	१,०९,२६३	स्नातक	सिमिक विकास बैंकको पूर्व अध्यक्ष, मुक्तिनाथ विकास बैंकको पूर्व संचालक र हाल मान्टिनेशन मिडिया प्रा.लि. नामको मार्केटिङ कम्पनीमा कार्यरत गरी २० वर्ष भन्दा बढिको अनुभव	मिति २०७७/०६/०२ देखि २०७८/१२/२७ सम्म संचालक समिति सदस्य
५	तिताराम काफ्ले	संस्थापक	५२	नेपाली	का.म.न.पा. ३, काठमाण्डौं	७८,२२०	स्नातक	रोयल बहुउद्देश्यिय सहकारीमा २५ वर्षदेखि निरन्तर कार्यरत तथा विगत ४ वर्षदेखि मुक्तिनाथ क्यापिटल लि. को अध्यक्ष	मिति २०७६/०५/१४ गतेबाट संचालक समिति सदस्य
६	भगवती तामिछाने	संस्थापक	६२	नेपाली	शिशुवा ४, कास्की	६३,८८८	साक्षर	घरगृहिणि	मिति २०७५/०५/१४ गतेबाट संस्थापक सदस्य
७	सौतम प्रसाद खनाल	संस्थापक	५१	नेपाली	बुडकोट ४, गोरखा	५६,६६६	स्नातक	विभिन्न समयमा बैंक तथा वित्तीय संस्थाको १२ वर्ष संचालक समिति सदस्य (बिर्वोण विकास बैंक, एन.एल.जि. इन्स्योरेन्स कम्पनी लि., जनता बैंक नेपाल लि.) हाल लगानी व्यवस्थापन सम्बन्धि आफ्नै व्यवसाय	मिति २०७८/११/१५ गतेबाट संस्थापक सदस्य

सञ्चालकहरुको विवरण :

क्र. सं.	नाम	पद	उमेर (वर्ष)	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव	प्रस्तावित व्यापार/व्यवसायमा अनुभव
१	भरतराज ढकाल	अध्यक्ष	४९	नेपाली	फापरथुम ४ स्याङ्जा	१,४८,०००	स्नातकोत्तर	समग्र व्यवस्थापनमा २० वर्ष भन्दा बढि (मुक्तिनाथ विकास बैंकको संस्थापक पुर्मुख कार्यकारी अधिकृत (२०६३ सालदेखि २०७४ सालसम्म, त्यसपश्चात हालसम्म अध्यक्ष ।	मिति २०७६/०५/१४ गतेबाट संचालक समिति अध्यक्ष
२	सितिराम काफ्ले	सञ्चालक	५२	नेपाली	का.म.न.पा. ३, काठमाण्डौं	७८,२२०	स्नातक	रोयल बहुउद्देश्यिय सहकारीमा २५ वर्षदेखि निरन्तर कार्यरत तथा विगत ४ वर्षदेखि मुक्तिनाथ क्यापिटल लि. को अध्यक्ष	मिति २०७६/०५/१४ गतेबाट संचालक समिति सदस्य
३	तुलसीराम ढकाल	सञ्चालक	५४	नेपाली	दमक ३ झापा	१,४०,२१७	स्नातक	हाल सफलपथ बचत तथा ऋण सहकारी संस्था लि.को अध्यक्ष, चिलिमे जलविद्युत कं. लि. र मध्य भोटकोशी जलविद्युत कम्पनी लि.को संचालक तथा लगानी व्यवस्थापनमा २० वर्षभन्दा बढिको अनुभव	मिति २०७६/०५/१४ गतेबाट संचालक समिति सदस्य
४	शिवा मास्के	सञ्चालक	३८	नेपाली	अनारमणि ८, झापा	२०,०००	स्नातकोत्तर	सिमिल क्यापिटल मार्केटको संचालक तथा एन मान्टिनेशन प्रा.लि. मा आवद्ध । १० वर्ष भन्दा बढिको अनुभव	मिति २०७८/१२/२७ देखि संचालक समिति सदस्य
५	मोहन कुमार वस्नेत	सञ्चालक	५३	नेपाली	रामेछाप ६	५,०००	स्नातक	कृषि वस्तुको बजारीकरणमा २० वर्ष भन्दा बढिको अनुभव (हाल, वत्सु तरकारी तथा फलफुल बजारको संचालक)	मिति २०७६/०५/१४ गतेबाट संचालक समिति सदस्य
६	गोविन्द बहादुर राउत	सञ्चालक	४९	नेपाली	सिसरनिया ०६, दाङ	३,०००	स्नातकोत्तर	२२ वर्षभन्दा बढि सामाजिक विकास, लघुवित्त र बैंकिङ्गमा अनुभव (हाल मुक्तिनाथ विकास बैंकमा सहायक प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत)	२०८०/०४/२६ गते देखि संचालक समिति सदस्य

१०. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	कर्मचारीको नाम	पद	शैक्षिक योग्यता	नियुक्ति मिति	शेयर कित्ता	कार्यानुभव
१.	भरतराज ढकाल	अध्यक्ष	स्नातकोत्तर	२०७७ पौष २० गते	१,४८,०००	२० वर्ष भन्दा बढि समग्र संस्था व्यवस्थापनमा अनुभव
२.	रामशरण तिमल्सिना	नायब महाप्रबन्धक	स्नातकोत्तर	२०७६ पौष २० गते	छैन	१० वर्षभन्दा बढि कृषि उत्पादन, प्रशोधन, प्रविधि प्रसार र बजारीकरणमा अनुभव
३.	दिपान्जली खकुरेल	वरिष्ठ प्रबन्धक (प्रशासन तथा जनशक्ति व्यवस्थापन)	स्नातकोत्तर	२०७९ वैशाख ०२ गते	१११,७९८	२० वर्ष भन्दा बढि बैंक तथा वित्तीय संस्थाहरुको प्रशासन, जनशक्ति व्यवस्थापन र बजारीकरणमा अनुभव

नोटः मुक्तिनाथ कृषि कम्पनी लि. को मिति २०८० असोज ११ गते सम्पन्न संचालक समितिको ६६ औं बैठकको निर्णय अनुसार श्री भरतराज ढकालले मिति २०८० असोज १० गते कार्यकारी प्रमुखबाट दिनुभएको राजिनामालाई स्विकृत गर्दै अर्को व्यवस्था नभएसम्मको लागि नायब महाप्रबन्धक श्री रामशरण तिमल्सिनालाई निमित्त कार्यकारी प्रमुखको जिम्मेवारी दिने निर्णय भएको ।

११. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

१२. सकारात्मक पक्षहरु :

- कृषिमा काम गर्ने बैंकको लगानी सहितको पहिलो तथा संस्थागत पब्लिक लिमिटेड कम्पनी रहेको ।
- मुक्तिनाथ विकास बैंक लि. को लगानी र बैंकको तर्फबाट संचालक पनि रहेको कारण कम्पनीको व्यवस्थापन व्यवस्थित र संस्थागत सुशासन कायम रहेको ।
- कृषि मूल्य श्रृङ्खलामा व्यवस्थापकिय कार्यहरु गर्ने मार्गदर्शन सिद्धान्त अवलम्बन गरेको कारण व्यवसायलाई तिव्र रूपमा बृद्धि गर्ने लक्ष्य रहेको ।
- कम्पनी संचालनको लागि व्यवस्थापकिय, प्राविधिक, बजारीकरण, वित्त व्यवस्थापन लगायतका योग्य, क्षमतावान र अनुभवि कर्मचारीहरु रहेको ।
- मुक्तिनाथ बैंक र संस्थापक शेयरधनीहरुको ठुलो नेटवर्कको कारण व्यवसाय विस्तारमा सहजिकरण भएको ।
- नयाँ नयाँ प्रविधि प्रयोग, विकास र प्रसारमा काम गरिरहेको ।
- अनुसन्धान सहित व्यवसाय विकास र विस्तारमा काम गरिरहेको ।
- ७० भन्दा बढि जिल्लाहरुमा वस्तु तथा सेवाहरुको विस्तार गरिसकेको ।
- ४०० भन्दा बढि प्रकारका कृषि सम्बन्धि वस्तु तथा सेवाहरु उपलब्ध रहेको कारण व्यवसाय विस्तार तिव्र गतिमा भइरहेको ।
- कृषिमा विशिष्टकृत वस्तु तथा सेवा विस्तार गर्ने अभिप्रायले सहायक कम्पनी स्थापना गरेको ।
- समुह तथा सहकारीहरु मार्फत संस्थागत रूपमा व्यवसाय बृद्धि गर्ने लक्ष्य लिएको ।
- नेपाली कृषि उपजहरुलाई निर्यात गरि विदेशि मुद्रा आर्जन गर्ने लक्ष्य लिएको ।

१३. धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनीको प्रवन्ध-पत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार स्वीकृत विवरणपत्र मार्फत जारी पूँजीको २० प्रतिशत अर्थात रु. १४ करोड रकम बराबरको प्रति शेयर मूल्य रु. १००/- अंकित दरका १४ लाख कित्ता साधारण शेयर सर्वसाधारणहरुको निमित्त छुट्टाइएकोमा सर्वसाधारणको समेत सहभागिता गराई निजहरुलाई लगानीको अवसर दिनु यस निष्काशनको मुख्य उद्देश्य हो ।

साथै धितोपत्र निष्काशन गर्नुको अन्य उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

- देशको अर्थतन्त्रको प्रमुख क्षेत्रको रुपमा रहेको कृषिमा सर्वसाधारणको लगानीलाई सुनिश्चित गर्न ।
- सर्वसाधारणमा कृषि क्षेत्रको महत्व र यस क्षेत्रमा आबद्ध हुनको लागि अभिप्रेरित गर्न ।
- कम्पनीको वस्तु तथा सेवाहरुलाई आम कृषक तथा उपभोक्ता सम्मको पहुँचलाई सशक्तिकरण गर्न ।
- कम्पनीको संस्थागत सुशासनलाई थप सबल बनाउँदै दिगो सेवा प्रवाह गर्न ।
- कम्पनीको वित्तीय आवश्यकताको दायरालाई फराकिलो बनाउन ।
- नीजि क्षेत्रको संस्थागत लगानीलाई आकर्षित गर्न ।

१४. धितोपत्र निष्काशनबाट प्राप्त पुँजीको उपयोग :

कम्पनीले आफ्नो जारी पूँजीको २० प्रतिशत अर्थात् रु. १४ करोड रकम बराबरको साधारण शेयर सर्वसाधारणलाई निष्काशन गर्नेछ । उक्त शेयर निष्कासन पश्चात् प्राप्त पूँजीको खर्चको विवरण देहाय बमोजिम हुनेछ ।

कम्पनीले लिएको संस्थागत मूल्य श्रृंखला व्यवस्थापन मार्फत कृषि चक्रको निर्माण गर्ने नीति बमोजिम सरकारी निकाय, गैरसरकारी संस्थाहरु, अन्य व्यवसायिक साझेदारहरुसंगको सहकार्य मार्फत कृषकको उत्पादन तथा उत्पादकत्व बृद्धि र उपभोक्ताहरुलाई गुणस्तरीय खाद्यान्नको पहुँच पुर्याउन बेयरहाउस, उद्योग लगायतका संरचनाहरु तयार गर्नुपर्ने हुन्छ । प्रायजसो कृषिजन्य उपजहरु छिटो नाश हुने प्रकृतिका हुने तथा उपभोक्ताहरुको दैनिक मागहरु मूल्य अभिबृद्धि गरिएका खाद्यान्नहरुमा पनि उल्लेख्य मात्रामा रहेको छ ।

साथै, उद्योगहरुको स्थापना गर्नुपूर्व तथा उत्पादन शुरु भए पश्चात् उत्पादनको परीक्षण, गुणस्तर निर्धारण, नियमित विकास र सुधारको लागि अनुसन्धान फार्म र परीक्षण ल्याबको स्थापना गर्नुपर्ने हुन्छ ।

कम्पनीले उल्लेखित आधारहरुलाई मध्यनजर गर्दै सार्वजनिक शेयर निष्काशनबाट प्राप्त हुने रकमलाई उद्योग संरचनाको विकास र अनुसन्धानमा उपयोग गर्ने योजना बनाएको छ ।

क्र.सं.	रकम	उपयोग गरिने योजना	परिमाण
१	१० करोड	कृषि सम्बन्धि उद्योगहरु (सिड, फर्टिलाइजर, फुड उद्योग, मेसिनरी, नर्सरी, पशु आहार इत्यादी) स्थापनाको लागि जग्गा खरीद, उपकरणहरु खरीद र संरचनाहरु निर्माणको लागि ।	घरेलु तथा साना उद्योगमा द

समृद्धिको साझेदार एनआरएन

नेपालीसरह एनआरएनलाई लगानी गर्न दिए त्यसले रोजगारी प्रवर्द्धन र आर्थिक वृद्धिमा सघाउ पुऱ्याई अर्थतन्त्र बलियो बनाउन सहयोग गर्छ



अर्थ संवाद

• महेशकुमार श्रेष्ठ

अध्ययन, व्यवसाय, रोजगारी र अन्य कामका सिलसिलामा नेपाली कहिलेदेखि विदेश जान थाले भन्ने ठोस प्रमाण छैन । सुगौली सन्धिलगत्तै विदेशी सेनामा आबद्ध हुन थालेपछि नेपाली बिदेसिने क्रम सुरु भएको पाइन्छ । मुलुकको अर्थतन्त्र बलियो बनाउन मात्र नभई सैनिक सेवाबाट निवृत्त भइसकेपछि सर्यौं लाहुरे स्वदेशमा आएर सञ्चित पुँजी, आर्जित ज्ञान र सीप लगानी गरेको पाइन्छ । सन् २००३ मा गैरआवसीय नेपाली संघ (एनआरएनए) स्थापना हुनुअघि विभिन्न संघसंस्थामार्फत लगानी नभित्रिएको होइन, तर त्यो पर्याप्त थिएन ।

एनआरएनए स्थापनाको दुई दशकको अवधिमा विदेशमा रहेका नेपालीले मुलुकको अर्थतन्त्रमा योगदान दिँदै आएका छन् । व्यक्तिगत, संस्थागत वा सामूहिक रूपमा कति लगानी भित्रियो भन्ने प्रस्ट नभएकाले यस विषयमा गहन खोज अनुसन्धान आवश्यक छ । यद्यपि, श्रम, अध्ययन र व्यवसायका लागि विदेशी भूमिमा रहेका नेपालीहरूले मुलुकको अर्थतन्त्र बलियो बनाउन योगदान गरिरहेको प्रस्ट छ । रेमिट्यान्समार्फत होस् या होटेल, पर्यटन, उद्योग, आधुनिक कृषि, जलविद्युत्, सूचना प्रविधि, बैंक तथा वित्तीय क्षेत्रमा गरेको लगानी किन नहोस्, एनआरएनए मुलुकको अर्थतन्त्रको एक प्रमुख साझेदार हो ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार देशभरका १५ लाख ५५ हजार ९६१ परिवारका सदस्य विदेशमा छन् । केन्द्रीय तथ्यांक विभागले विदेशमा लगभग २२ लाख नेपाली नागरिक रहेको अनुमान गरेको छ । फरक-फरक तथ्यांक आए पनि भारतबाहेक करिब ६० लाख नेपाली विदेशमा रहेको मानिन्छ । रोजगारीसहित अन्य कारणले विश्वका सयभन्दा बढी देशमा नेपाली बसोवास गरिरहेका छन् । विदेशमा रहेका नेपालीको साझा संस्था एनआरएनए ८७ देशमा विस्तार भइसकेको छ । ती देशमा रहेका गैरआवासीय नेपालीको कुनै न कुनै रूपमा स्वदेशमा लगानी छ । एनआरएनएले अघि बढाएका परियोजनामार्फत गैरआवासीय नेपालीको लगानी स्मरणयोग्य छ । संकट र विपत्तिका वेला मानवीय सहयोग अनुकरणीय छ ।

निजी क्षेत्रको अग्रणी संस्था (एफएनसिसिआई) ले तयार पारेको 'भिजन पेपर'मा सन् २०३० सम्ममा नेपालको अर्थतन्त्रको आकार करिब १०० अर्ब डलर पुऱ्याउने लक्ष्य राखेको छ । अहिले नेपाली अर्थतन्त्र ४० अर्ब डलरभन्दा केही बढी भएको अनुमान गरिएको छ । त्यसैले यो लक्ष्य महत्वाकांक्षी देखिन्छ, तर सम्भव नहुने भने होइन । गैरआवासीय नेपाली हुन् या स्वदेशमै रहेका व्यवसायी, यस्तो भिजनमा सहकार्य गर्न उत्सुक छन् । यसका लागि गम्भीर बहस, तथ्य र तथ्यांकमाथि विश्लेषण गरी विदेशमा भएका अभ्यासलाई आत्मसात् गर्दै अघि बढ्नुपर्ने आवश्यकता छ । केन्या, इथियोपिया, पोर्तोरिको, स्लोभाक गणतन्त्र र इक्वेडरजस्ता देश यही लक्ष्य प्राप्तिमा दौडिरहेका छन् । यी देशको अहिलेको अर्थतन्त्रको आकार करिब १०० अर्ब डलर छ । ती देशमध्ये पनि केन्या र इथियोपियाको दश वर्षअघिको जिडिपी लगभग अहिले नेपालको जिडिपीजत्तिकै थियो । केन्याको ३७ अर्ब र इथियोपियाको करिब २९ अर्ब डलर थियो । यही तथ्यांकलाई विश्लेषण र मूल्यांकन गर्ने हो भने १०० अर्ब डलर अर्थतन्त्रको लक्ष्य नेपालले प्राप्त गर्न नसक्ने भन्ने होइन । यसका लागि नीतिगत सुधार र सोहीअनुसारको वातावरण निर्माण गर्नु जरुरी छ । त्यसका अलावा विश्व बजारमा सम्भावना बोकेका सूचना प्रविधिजस्ता क्षेत्रलाई बढावा दिनुका साथै वस्तु तथा सेवाको उत्पादन र उत्पादित वस्तु तथा सेवाको अन्तर्राष्ट्रियस्तरमा बजारीकरण हुनु जरुरी छ ।

काठमाडौंस्थित अनुसन्धान संस्था, आइआईडिएसले हालै गरेको एक अध्ययनले नेपालका सूचना प्रविधि कम्पनीले एक वर्षमा झन्डै ६८ अर्ब रुपैयाँबराबरको सूचना प्रविधि सेवा निर्यात गरिरहेको देखाएको छ । आइटी सेवा निर्यातले नेपालको कुल गार्हस्थ्य उत्पादनमा १.४ प्रतिशत र कुल विदेशी मुद्रा आर्जनमा ५.५ प्रतिशत योगदान पुऱ्याएको पनि प्रतिवेदनमा भनिएको छ । यी त नयाँ क्षेत्र भए । यसबाहेक कृषिलाई आधुनिकीकरण तथा पर्यटन र औद्योगिक क्षेत्रलाई पुनरुत्थान गरेर हामीले अर्थतन्त्रलाई नयाँ गति दिन सक्छौं । देशभित्रै रोजगारी सिर्जना गर्न सक्छौं र दैनिक विदेश गइरहेका हजारौं युवायुवतीमध्ये धेरैलाई देशभित्रै सम्मानित रोजगारीको व्यवस्था गर्न सक्छौं ।

हाम्रो लक्ष्य : यतिवेला गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद् (एनआरएनए) ११औं महाधिवेशनको संघारमा छ । गैरआवासीय नेपालीको साझा र पवित्र संस्थामार्फत मुलुकमा लगानी भित्र्याउने विषय नेतृत्ववदायी भूमिकामा रहने व्यक्तिको सोच र भिजनले निर्धारण गर्ने हो । यसका लागि एक्सन प्लानलाई प्राथमिकतामा राखेर रणनीतिक रूपमा काम गर्नुपर्नेछ । संस्थाको महत्व, उद्देश्य, लक्ष्य र गर्विलो इतिहासलाई जोखाइराख्न र विश्वभरका गैरआवसीय नेपालीलाई एकताको सूत्रमा बाँधेर अघि बढ्न दृढ संकल्प आवश्यक देखिन्छ । भरोसायोग्य, विश्वसनीय र संगठित एनआरएनए बनाउन पवित्र मन र दृढता जरुरी छ ।

समृद्ध र समुन्नत नेपालको साझेदार बन्न 'सबल, साझा र एकताबद्ध एनआरएनए, परिणाममुखी, पारदर्शी र समावेशी एनआरएनए'को नारालाई सार्थक बनाउनैपर्छ । एनआरएनएले सहज र सरल ढंगले स्वदेशमा लगानी गर्ने वातावरण बन्यो भने मात्र वैदेशिक लगानी भित्रिने भएकाले लगानीको वातावरण बनाउने सवालमा सरकार गैरजिम्मेवार बन्न सक्दैन र बन्न मिल्दैन । सरकारले गैरआवासीय नेपाली नागरिकता कार्यान्वयनको सुरुवात गर्नु एउटा सकारात्मक पहल हो, तर वंशजका आधारमा प्राप्त नेपाली नागरिकताको निरन्तरताका लागि पनि नेपाली राजनीतिक दलहरू र सरकार सकारात्मक हुनुपर्छ ।

सरकारले समयमै कानुनी र नीतिगत सहजीकरण नगर्दा घोषणा गरिएका ठूला लगानीले मूर्त रूप पाउन सकेको छैन । यसको पछिल्लो उदाहरण गैरआवासीय नेपालीहरूको पुँजीलाई जन्मभूमिको विकासका लागि योगदान गर्ने उद्देश्यले सुरु गरिएको १० अर्ब रुपैयाँको सामूहिक लगानी कोष हो । यो कोष अबको दुई वर्षे कार्यकालमा कार्यान्वयन नगरी सुखै छैन । जन्मभूमिको विकासका लागि योगदान गर्न चाहने सबै गैरआवासीय नेपाली समेट्ने उद्देश्यले कोषमा न्यूनतम २५० डलर लगानीको अवसर प्रदान गर्नुपर्ने आवश्यक छ । गैरआवासीय नेपालीको लगानीलाई सुनिश्चित गर्न तथा वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई पनि लगानी कोषमा समेट्नका लागि आवश्यक कानुनहरूलाई समयाअनुकूल परिमार्जित तथा संशोधन गर्दै लगानीलाई समेत नेपालको धितोपत्र विनिमय बजारमा प्रवेश गराउन जरुरी देखिन्छ । देशको अर्थतन्त्र मजबुत बनाउने सवालमा दीर्घकालीन योजना र महत्वाकांक्षी सपना देख्नुपर्छ भन्ने मान्यताअनुरूप सन् २०३० सम्म १०० अर्ब डलरको अर्थतन्त्र बनाउन एउटा स्पष्ट खाकासहित संघले नेपाल सरकार तथा नेपालको निजी क्षेत्रसँग सहकार्य गर्ने, गैरआवासीय नेपालीहरूले विदेशमा आर्जन गरेका ज्ञान, सीप, प्रविधि र पुँजीलाई स्वदेशको विकास र समृद्धिका लागि उपयोग गर्न सरकारसँग सहकार्य गरी श्रम तथा सीप बैंक स्थापनालाई प्राथमिकतामा राख्नुपर्छ ।

संसारभरि रहेका एनआरएनए राष्ट्रिय समन्वय परिषद्हरूले आ-आफ्नो हिसाबले नेपालमा उत्पादन भएका चिया, कफी, वास्तुकला, हस्तकलाका सामग्रीहरूको बिक्री वितरणमा सघाउँदै आएका छन् । तर, नेपाली उत्पादनको गुणस्तर सुनिश्चित गर्दै रूपमा सुरक्षित नभएको प्रशस्त उदाहरण छन् । यसै विषयलाई मध्यनजर गर्दै वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका नेपाली श्रमिकको परिवारलाई वैदेशिक रोजगार बोर्डमार्फत उपलब्ध गराउँदै आएको आर्थिक सहायता कम्तीमा १५ लाख रुपैयाँ पुऱ्याउने व्यवस्था मिलाउन एनआरएनएको भूमिका आवश्यक छ । यसका साथै नेपाल सरकार, वैदेशिक रोजगार व्यवसायी संघ र दातृ निकायसँग समन्वय गरी १० करोडको श्रमिक कल्याणकारी कोष सञ्चालन हुनु जरुरी छ ।

सरकारले केही समयअघि वैदेशिक लगानीको सीमा ५ करोडबाट घटाएर २ करोड रुपैयाँमा ल्याएको छ । तर, हामी एनआरएनहरूका लागि वैदेशिक लगानीमा सीमा नतोकियोस् भन्ने चाहन्छौं । नेपालीसरह एनआरएनलाई पनि लगानी गर्न दिँदा त्यसले नेपालमा रोजगारी प्रवर्द्धन र आर्थिक गतिविधि वृद्धिमा सघाउ पुग्छ, नेपाली अर्थतन्त्र बलियो बनाउन सकिन्छ ।

स्वदेशमा पर्याप्त लगानी भित्रिन नसक्नुमा गैरआवासीय नेपाली नागरिकतामा ढिलाइ, डलर एकाउन्टलगायतका विषयमा कानुनी अस्पष्टता आदि कारण हुन् । यसका लागि एनआरएनए र नेपाल सरकारबीच निरन्तर छलफल जरुरी छ । नेपालको समृद्धिमा एनआरएनएको साझेदारी बलियो बनाउन भावी नीति, रणनीति, कार्ययोजना तथा दशवर्षे विस्तृत भिजनरी दस्तावेज तयार गर्न विशेषज्ञहरू सम्मिलित एक उच्चस्तरीय समिति गठन गरेर काम गर्ने लक्ष्य लिनुपर्छ । त्यसका साथै एक एनसिसी, एक परियोजना'लाई एनआरएनए फाउन्डेसनमार्फत एकीकृत रूपमा अघि बढाउन सकिन्छ ।

अध्ययन, रोजगारीका साथै अन्य कारणले बिदेसिनु हामी नेपालीको बाध्यताजस्तै छ । तर, संसारका जुनसुकै कुनामा पुगे पनि मातृभुमिको माटोप्रति अगाध प्रेम रहने गर्छ । विदेशमै बसेर जन्मभूमि अर्थात् मातृभूमिको प्रवर्द्धन र प्रचारका लागि गैरआवासीय नेपालीहरूको सक्रिय सहभागिता गराउनका लागि 'एक साथी नेपाल पठाउँ', 'नेपाली भाषा र संस्कृति जोगाऔं' अभियान गर्ने र नेपाल फेस्टिभलजस्ता कार्यक्रमलाई संसारभर सञ्चालन गर्न सके नेपालको दिगो विकास र समृद्धिमा सघाउ पुग्नेछ ।

प्रवासीहरूको तन, मन, धन, स्नेह र माया स्वदेशप्रति धेरै छ । यसको उदाहरण विनाशकारी महाभूकम्प, विश्वभर महामारीका रूपमा भित्रिएको कोरोना भाइरसका वेला पठाएको मानवीय, प्राविधिक र आर्थिक सहयोगबाट प्रस्ट हुन्छ । जलवायु परिवर्तनजस्ता समस्यासँग जुध्न पनि नेपाललाई अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता छ । एनआरएनएले अन्तर्राष्ट्रिय मञ्चमा नेपालजस्ता मुलुकहरूका चासो र चिन्ता मुखर गर्न सक्छ । त्यसैले अबको एनआरएनएले नेपालमा लगानी भित्र्याउन विदेशमा रहेका नेपालीहरूमा प्रोत्साहन र अवसर सिर्जना गर्नु जिम्मेवारी ठान्नुपर्छ । प्रवासमा रहेका नेपालीहरूको सम्मान र नेपाल र नेपालीको समृद्धि अबको महाअभियान हुनुपर्दछ । आफ्नो स्थापनाकालदेखि नै संघले नेपाल सरकारसँग साझेदारी गर्दै आएको छ । प्रवासी नेपालीको क्षमता र सामर्थ्य नेपालको हितमा परिचालन गर्न अब ढिलो गर्नुहुँदैन ।

(श्रेष्ठ गैरआवासीय नेपाली संघका उपाध्यक्ष हुन्)



> रेमिट्यान्समार्फत होस् या होटेल, पर्यटन, उद्योग, आधुनिक कृषि, जलविद्युत्, सूचना प्रविधि, बैंक तथा वित्तीय क्षेत्रमा गरेको लगानी, एनआरएनए मुलुकको अर्थतन्त्रको एक प्रमुख साझेदार हो

विश्वबजारमा नेपाली निर्यात वृद्धि गर्न नेपालका सरकारी निकाय तथा विदेशस्थित दूतावासँग निकट सहकार्य गर्न संघ तत्पर छ । नेपाल संघीय संरचनामा गइसकेको छ ।

स्थानीय, प्रदेश र संघीय सरकारसँग फरक-फरक कार्यक्रमअनुसार अघि बढ्ने नीतिअनुरूप तीनै तहका सरकार र निजी क्षेत्रसँगको सहकार्यमा उपयुक्त स्थान छनोट गरी एउटा व्यावसायिक तालिम केन्द्र स्थापना दुई वर्षभित्रै हुनुपर्ने देखिन्छ । पछिल्ला वर्ष वैदेशिक रोजगारी नेपालका लागि राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड बनेको छ । तर, विदेशी भूमिमा श्रमिकका रूपमा पुगेका नेपालीहरू भौतिक

अंक र अर्थ

पाँच वर्षयता केन्द्रीय सरकारले प्रदेश र स्थानीय तहका लागि छुट्याएको अनुदान रकम (रु. करोडमा)

आर्थिक वर्ष	समपूरक अनुदान	विशेष अनुदान
०७५/७६	०	०
०७६/७७	०	०
०७७/७८	९९६	९९६
०७८/७९	१२३७	१२४६
०७९/८०	१३५६	१३७१
०८०/८१	१३२६	१३१८
हालसम्मको जम्मा	४९५१	४९३१

बिजनेस @

प्रबलजंग पाण्डे, उद्यमी



नेपाललाई आर्थिक रूपले कमजोर गर्न खोजेर पनि नपुगेर नियोजित रूपमा सामाजिक सद्भाव खल्बल्याउन खोजिँदै छ । केही दिनअगाडिको धरानको घटना, व्यवसायी-व्यवसायीबीच नेपाली मूल र भारतीय मूलको कुरा र अहिलेको नेपालगन्ज घटना । यी सबै घटनाले हाम्रो सामाजिक सद्भाव बिगारेर हामीलाई कमजोर बनाउन खोजिँदै छ । यी तत्त्वलाई एउटा सचेत नागरिकको हैसियतले प्रश्रय नदिऔं र नेपाली-नेपालीबीच सद्भाव कायम राखेर देशको आर्थिक विकास गरौं ।

भेषराज शर्मा, योजना अधिकृत, राष्ट्रिय योजना आयोग



अनुरोधले कालोबजारी रोकिँदैन, अझ चाडबाडको वेला । धेरैले कमाउने हैन, लुट्ने तयारी गरेका छन् । अनुगमन गर्ने, कैफियत भेटिए ठाउँका ठाउँ कानुनी डन्डा चलाउने हो । सरकारी निकाय अनुगमनमा जाँदा सटर बन्द गर्ने निजी क्षेत्र हाम्रो देशमा छ । कैफियत भेटिएपछि नेता र उच्च प्रशासकको फोन पनि निषेध हुनुपर्छ ।

रेशम थापा, लगानीकर्ता



बजारप्रतिको सेन्टिमेन्ट हरेक दिन घट्दो क्रममा छ । पुँजी बजार मात्र हैन, उद्योगधन्दा, ट्रेडिङ बजार होस् वा रियल इस्टेट बजार, सबैतिरको सेन्टिमेन्ट घट्दो छ । ठूला सप्लायर्स, डिलरदेखि स-साना पसल हरेक दिन बन्द हुँदै गएका छन् । मान्छेको क्रयशक्ति घटेको छ । खर्च गर्ने इच्छा मात्र होइन, नेपालमा बस्ने इच्छा नै हराउँदै गएको छ । देशमा यस्तो अवस्था आउँदै छ कि पहिले श्रमिक पलायन हुन्थे, त्यसपछि विद्यार्थी पलायन हुन थाले, अब व्यवसायी पलायन हुन्छन् ।

अर्थ जानकारी

चाडबाडलक्षित सुपथ मूल्य पसल कहिलेबाट ?

हरके वर्षजस्तै सरकारले चाडपर्वकेन्द्रित सहुलियत (सुपथ) मूल्य पसल यो वर्ष २१ असोजबाट सञ्चालन गर्दै छ । उपभोक्ताले राहत दिन, आपूर्ति व्यवस्थापन सहज बनाउन र बजारमा हुन सक्ने मूल्यवृद्धि रोक्न सरकारी स्वामित्वका संस्थानहरूमार्फत सुपथ मूल्य पसल ३ मंसिरसम्म सञ्चालन हुनेछ ।

दसैं, तिहार तथा छठजस्ता चाडबाडका समयमा उपभोक्ता बजारमा निजी क्षेत्रको एकाधिकार हुन नदिन भन्दै सरकारले हरेक वर्ष सहुलियत मूल्य पसल सञ्चालन गर्दै आएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमातहतका खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन तथा कृषि तथा पशुपक्षी विकास मन्त्रालयमातहतको दुग्ध विकास संस्थानको सहकार्यमा सहुलियत मूल्य पसल सञ्चालन हुँदै आएको छ ।

के-के पाइन्छ सस्तोमा ?

सहुलियत मूल्य पसलमा सबै किसिमका चामल, दाल, गहुँ, आटा, पिठो, मैदा, तोरीको तेल, सनफ्लावर तेल, भटमासको तेल र चिउरामा बजार मूल्यभन्दा प्रतिकिलो सात रुपैयाँसम्म सस्तोमा बिक्री हुनेछ । त्यस्तै, कर्णालीको सिमी तथा गेडागुडी, फापरको दाना, चिनो, कागुनो र उवा, जिउँदो खसी, बोका तथा च्यांग्रामा प्रतिकिलो १० रुपैयाँ छुट दिइएको छ । सहुलियत मूल्य पसल सञ्चालनका लागि सरकारले खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई दुई करोड ३२ लाख २० हजार बजेट छुट्याएको छ ।

त्यस्तै, साल्ट ट्रेडिङमार्फत बिक्री हुने सामानमा सहुलियत दिन सरकारले एक करोड छुट्याएको छ । साल्ट ट्रेडिङ कर्पोरेसनले चिनी प्रतिकिलो ९७ मा बेच्नेछ भने बजार मूल्यको तुलनामा नुनमा प्रतिकिलो दुई र तेल तथा चिउरामा प्रतिकिलो सात रुपैयाँ छुट दिनेछ । त्यस्तै, दुग्ध विकास संस्थानले घिउमा प्रतिकिलो २०, पनिर प्रतिदुई सय ग्राममा २० र प्रतिपाँच सय ग्राममा ५० रुपैयाँ छुट दिनेछ ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङको काठमाडौं उपत्यकामा रहेका आठ बिक्री केन्द्र र तीन घुम्ती पसलसमेत गरी जम्मा ३५ स्थानमा बिक्रीस्थल रहनेछन् ।

त्यसबाहेक मोरङ, झापा, ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, दिक्तेल, भोजपुर, ओखलढुंगा, खोटाङ, सिराहा, जनकपुर, पर्सा, काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, तनहुँ, गोरखा, मनाङ, मुस्ताङ, रुपन्देही, बाँके, दाङ, बर्दिया, रुकुम-पूर्व र रुकुम-पश्चिममा खाद्य व्यवस्था कम्पनीले सहुलियत पसल सञ्चालन गर्नेछ । त्यस्तै रोल्पा, सुर्खेत, गुल्मी, दैलेख, डोल्पा, कालीकोट, हुम्ला, जाजरकोट, जुम्ला, मुगु, कैलाली, डडेल्धुरा, बाजुरा, बझाङ, अछाम, दार्चुला, महेन्द्रनगर गरी ४२ जिल्लाका ४८ स्थानमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीका सहुलियतपूर्ण पसल रहनेछन् ।

भारतको अटोमोबाइल क्रान्तिमा इभी


विद्युतीय कार (इभी) उत्पादन र त्यसको प्रविधिमा आएको निरन्तरको सुधारले अहिले भारतीय कार उद्योगलाई उचाइ दिइरहेको छ

अमेरिकामा एउटा सहर छ, डेट्रोइट । यो सहरलाई अमेरिकाको औद्योगिक कायापलट गर्ने श्रेय दिइन्छ । डेट्रोइट सहरमा अटोमोबाइल उद्योग तीव्र गतिमा बढ्यो । यही उद्योगले लाखौं मानिसलाई रोजगारी दियो । साथसाथै, अमेरिकी अर्थतन्त्रलाई थप गतिशीलसमेत बनायो । उद्यमी हेनरी फोर्डले यसको पहलकदमी लिए र दोस्रो विश्वयुद्धपछि त्यहाँ सवारी कारबाहेक व्यावसायिक सवारीसाधन पनि उत्पादन हुन थाल्यो । यही कारण यो सहरलाई विश्वले 'मोटर सिटी'का रूपमा चिन्दै आएको छ ।

अटोमोबाइल उद्योगमा कम्पनीले त नाफा आर्जन गर्छन् नै, साथसाथै ठूलो संख्यामा कामकाजी मान्छेले रोजगार पाउँछन् । अटोमोबाइल उद्योग बढ्दै जान थालेपछि डेट्रोइटमा अरू पनि उद्योग खुल्न थाले । पछि गएर विश्वका कैयौं कार कम्पनीले त्यहाँ कारखाना खोले । यसरी डेट्रोइटमा नयाँनयाँ प्रविधि पनि भित्रिँदै गयो । जसले गर्दा कार पहिलेभन्दा थप सुन्दर, मजबुत र तीव्र गतिमा कुद्ने हुन थाले ।

तर, भारतमा भने यो परिवर्तन निकै ढिला गरी आयो । कारण, भारतमा लाइन्सेन्स (अनुमतिपत्र) चाहिन्थ्यो । त्यतिवेला दुई-तीन कम्पनीले मात्रै कार बनाउने अनुमति पाए । तर, ८० को दशकपछि नयाँ सुरुवात भयो । र, सर्वप्रथम विदेशी कम्पनी सुजुकीले कार बनाउने अनुमति पायो । त्यसपछि भने एकपछि अर्को गर्दै कार र व्यावसायिक सवारीसाधन बनाउने कम्पनीको लस्कर लाग्यो । जति धेरै कम्पनी आए, कार उत्पादन पनि उसैगरी बढ्दै गयो । रोजगारी पनि सिर्जना हुँदै गयो । भारतमै कार बनाउने सरकारी नीति सफल बन्यो ।

कार उत्पादन गर्न भारत सरकारले गुजरात र



तामिलनाडुमा न्यूनतम मूल्यमा जमिन उपलब्ध गराउनुका साथै थुप्रै प्रकारका प्रोत्साहन दियो । यसबाहेक कार निर्यात गर्ने कम्पनीलाई लक्षित गरी सरकारले निर्यात प्रोत्साहन पनि दियो । यसरी भारत कार उत्पादन गर्ने देशबाट निर्यात गर्ने देशसम्म बन्यो । कार कम्पनीहरूबीच स्वस्थ प्रतिस्पर्धा हुन थालेपछि भारतको कार बजारको आकार फराकिलो बन्यो । ग्राहकसँग विकल्पहरू भए । बिस्तारै बैंकहरूले कार तथा दुईपांग्रे सवारीसाधन खरिद गर्न कर्जा दिन सुरु गरे । यसले सवारीसाधन खरिदलाई झन् सजिलो बनायो । कोभिड-१९ महामारीपछि भारत तंग्रियो । लगभग सबै उद्योगले गति लिन थाले । तर, सबैभन्दा बढी अटामोबाइल उद्योगमा तीव्रता आयो । अब

> अटोमोबाइल उद्योग बढ्दै जान थालेपछि डेट्रोइटमा अरू पनि उद्योग खुल्न थाले । पछि गएर विश्वका कैयौं कार कम्पनीले त्यहाँ कारखाना खोले । यसरी डेट्रोइटमा नयाँ-नयाँ प्रविधि पनि भित्रिँदै गयो । जसले गर्दा कार पहिलेभन्दा थप सुन्दर, मजबुत र तीव्र गतिमा कुद्ने हुन थाले ।

विद्युतीय कार (इभी) उत्पादन र त्यसको प्रविधिमा आएको निरन्तरको सुधारले भारतीय कार उद्योगलाई उचाइ दिइरहेको छ ।

आर्थिक वर्ष २०२२-०२३ मा भारतमा कुल २ ९ लाख कार उत्पादन भए । सन् २०३० सम्म तीन करोड इभी उत्पादन हुने आकलन गरिएको छ । यसरी भारतले इभी उत्पादनमा फड्को मारेको छ । टाटा मोटर्सले यसको सुरुवात गरेको छ । अब प्रत्येक अटोमोबाइल कम्पनी इभी उत्पादन गर्ने तयारीमा जुटेका छन् । टेस्लाजस्ता कार कम्पनी भारत आएर कार बनाउने तयारी गरेका छन् । कारसँगसँगै अब इभी ट्रक पनि बन्ने भएका छन् । यसले पेट्रोलियम पदार्थको आयात कम भई अर्थतन्त्रमा सहयोग पुऱ्याउनेछ ।

भारतको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)लाई बढावा दिनेमा अटोमोबाइल उद्योगको ठूलो योगदान छ । कुल जिडिपीमा यो क्षेत्रको योगदान ७.१ प्रतिशत छ भने पूर्वाधार जिडिपीमा ४९ प्रतिशत । यसले कम्तीमा पनि दुई करोड जनालाई रोजगारी दिएको छ । यदि अहिलेकै अवस्था रहेमा सन् २०३० सम्म अटोमोबाइल उद्योगले पाँच करोड रोजगारी सिर्जना गर्न सक्छ ।

भारत यतिवेला विश्वकै ठूलो ट्र्याक्टर उत्पादक हो । त्यस्तै, दोस्रो ठूलो बस उत्पादक र तेस्रो ठूलो हेभी ट्रक उत्पादन गर्ने देश हो । विभिन्न तथ्यांकले के संकेत गर्छ भने भारत आगामी केही वर्षमा इभी उत्पादन गर्ने तेस्रो नम्बरमा हुनेछ । कारको बिक्री बढ्नुको एउटा कारण इभी उत्पादनमा बढोत्तरी र त्यसको मूल्यमा आउने गिरावट हुनेछ । र, भारतमा इभीले नयाँ अटोमोबाइल क्रान्ति ल्याउनेछ, यसमा शंका छैन ।

- एजेन्सी

सेयर बजार

१७ असोज ०८०

नेप्से १,९६७.९७ ▲ ९.२४ ०.४७%

कारोबार रकम	जम्मा सेयर
१,१८,९९,३१,३८५.३७	४३,२३,०२१

अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं ।
email: arthapatrika@gmail.com

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार १८ असोज ०८०

नेवानिलाई वाइडबडी उडानबाटै १९ अर्बभन्दा बढी घाटा

न्यारोबडीमा भने नाफा, वाइडबडी र ट्विनअटर उडानमा निरन्तर घाटा, ग्राउन्ड ह्यान्डलिङले भरथेग

नवीन अर्याल / नयाँ पत्रिका

उपलब्ध जहाजहरूको कुशल व्यवस्थापन गर्न नसक्दा नेपाल वायुसेवा निगम (नेवानि)ले निरन्तर घाटा व्यहोर्दै आइरहेको छ। निगमलाई ६ वर्षको अवधिमा अन्तर्राष्ट्रिय र आन्तरिक उडानबाट २० अर्बभन्दा बढी घाटा भएको छ। जहाज उडाउँदा आम्दानीभन्दा खर्च बढी भएपछि निगमले आर्थिक नोक्सानी व्यहोर्नुपरेको हो।

पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीको संयोजकत्वमा गठित 'निगमको संरचनागत एवं व्यवस्थापकीय सुधार अध्ययन तथा सिफारिस समितिले पर्यटनमन्त्री सुदन किराँतीलाई बुझाएको प्रतिवेदनले निगमलाई सबैभन्दा ठूलो नोक्सानी वाइडबडी एयरबस-३२० उडानमा भइरहेको देखाएको छ। आर्थिक वर्ष ०७४/७५ देखि ०७९/८० (वैशाख) सम्म ६ वर्षको अवधिमै निगमलाई वाइडबडीबाट मात्रै १९ अर्ब १५ करोडभन्दा बढी घाटा भएको प्रतिवेदनमा उल्लेख छ। युरोपदेखि अमेरिकासम्म सीधा उडान गरेर पर्यटक बोक्ने योजनासहित चर्को ब्याजमा खरिद गरिएको वाइडबडी लामो दूरीमा उडाउन नसक्दा निगमले निरन्तर ठूलो घाटा व्यहोर्नुपरेको हो।

निगमले कोरिया, अस्ट्रेलिया, युरोप, अमेरिकाजस्ता लामो दूरीका गन्तव्यमा वाइडबडी उडाउन सकेको छैन। विगत १० वर्षयता युरोपेली युनियन (इयू)ले नेपालमा दर्ता भएका जहाजलाई आफ्नो आकाशमा प्रतिबन्ध लगाएको छ। सोहीकारण, अहिले लामो दूरीमा जापानको नारिता मात्र उडान भइरहेको छ। दुई सय ७४ सिटको वाइडबडी छोटो दूरीका भारत तथा खाडी देशमा मात्रै सीमित हुँदा नाफा कमाउन नसकिने विज्ञहरू बताउँछन्। गत आवको पहिलो १० महिना (साउन-वैशाख)मा वाइडबडी उडानबाट निगमलाई तीन अर्ब २८ करोडभन्दा बढी घाटा भएको देखिन्छ।

अन्तर्राष्ट्रिय उडानतर्फ न्यारोबडी ल्याएको तीन वर्षपछि निगमले १४ असार ०७५ मा पहिलो र १० साउन ०७५ मा दोस्रो वाइडबडी ल्याएको थियो। वाइडबडी नेपाली भूमिमा अवतरण गरेको ३३ र ९९ दिनपछि मात्र नियमित उडान सुरु गरिएको थियो। यसले पनि आर्थिक भार थपिनुका साथै निगमको साखमा समेत आँच आएको अध्ययन समितिको निष्कर्ष छ।


निगमलाई वाइडबडी र ट्विनअटर जहाज उडाउँदा निरन्तर घाटा भइरहेको छ भने न्यारोबडीबाट केही नाफा देखिन्छ। आव ०७४/७५ देखि ०७९/८० (वैशाख)सम्म न्यारोबडी उडानबाट एक अर्ब ७९ करोड नाफा भएको छ। तर, सोही अवधिमा आन्तरिकतर्फको उडानमा दुई अर्ब ७२ करोड घाटा भएको छ। गत आर्थिक वर्षको पहिलो १० महिना (साउन-वैशाख)मा न्यारोबडीबाट ९५ करोड ७८ लाख नाफा भएको छ भने ट्विनअटर उडानमा करिब ५१ करोड नोक्सानी भएको छ। ६ आर्थिक वर्षमा कोभिड महामारीको वेला (आव ०७६/७७ र ०७७/७८)बाहेक न्यारोबडी उडान नाफामै देखिन्छ।

निगमसँग आन्तरिकतर्फ चालू अवस्थाका दुईवटा ट्विनअटर विमान छन्, जसमध्ये एउटा मात्र निरन्तर उडानमा प्रयोग भइरहेको हुन्छ। दुईटा ट्विनअटर जहाज पूर्ण क्षमतामा सञ्चालन गर्न निगम व्यवस्थापन असफल भएको अध्ययन समितिको निष्कर्ष छ। 'विमान मर्मत सुनिश्चितता, सोहीअनुसारको बजार विस्तार र विमान चालकहरूबीच व्यवस्थापनको तारतम्यता मिलाउन नसक्नु व्यवस्थापकीय कमजोरी देखिन्छ' प्रतिवेदनमा उल्लेख छ।

■ थप जहाज खरिद योजनामा निगम

भइरहेकै जहाज पूर्ण क्षमतामा सञ्चालन गर्न नसकेको निगम व्यवस्थापनले तत्कालै तीनवटा स्टल र दुईवटा ट्रंक उडान गर्ने जहाज खरिद गर्ने योजना बनाएको छ। यस्तै, दीर्घकालमा अन्तर्राष्ट्रिय उडानतर्फ दुईवटा न्यारोबडी र एउटा वाइडबडी जहाज खरिद गर्ने योजना बनाएको छ। जब कि, वाइडबडी जहाज लामो दूरीमा उडाउन नसक्दा निगमको समग्र वित्तीय स्थिति नै नाजुक देखिन्छ।

निगमसँग चालू अवस्थाका जहाजहरू एयरबस ३२० दुई, एयरबस ३२० दुई र ट्विनअटर डिएचसी-६ दुईवटा गरी ६ वटा छन्। अन्तर्राष्ट्रिय उडान गर्ने एउटा बोइङ ७५७ र आन्तरिक उडान गर्ने पाँचवटा चिनियाँ (एमए-६०, वाई-१२ ई) तथा एउटा ट्विनअटर विमान त्रिभुवन विमानस्थलमा ग्राउन्डेड अवस्थामा छन्।



Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ कुन वर्ष कति घाटा ?

निगमलाई आन्तरिक र अन्तर्राष्ट्रिय उडानबाट आव ०७४/७५ मा एक अर्ब ३० करोड घाटा भएको छ। वाइडबडी भित्रिएपछि आव ०७५/७६ मा निगमको नोक्सानी दोब्बरभन्दा बढी भएर तीन अर्ब ८३ करोड पुगेको छ। यस्तै, आव ०७६/७७ मा कोभिड महामारीका कारण उडान गर्न नपाउँदा घाटा बढेर चार अर्ब ५८ करोड र आव ०७७/७८ मा चार अर्ब ८४ करोड पुगेको थियो। महामारी कम भएर अन्तर्राष्ट्रिय उडान खुला हुन थालेपछि आव ०७८/७९ मा आम्दानी बढेर निगमको घाटा पनि दुई अर्ब ६९ करोडमा झरेको देखिन्छ। गत आव ०७९/८० (वैशाखसम्म) जहाज उडानको घाटा दुई अर्ब ८३ करोड पुगेको तथ्यांक छ।

दुईवटा वाइडबडी, दुईवटा न्यारोबडी र चारवटा चिनियाँ जहाज खरिदका लागि लिएको ऋणको साँवा-ब्याज भुक्तानी गर्नुपर्दा निगममाथि अर्थिक भार छ। कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष तथा चिनियाँ सहुलियत ऋणको समयमै ब्याज भुक्तानी गर्न नसक्दा सञ्चित कुल ऋण ४८ अर्ब तीन करोड पुगेको प्रतिवेदनमा उल्लेख छ। जसको औसतमा १० प्रतिशतभन्दा बढीको दरले ब्याज तिर्नुपर्छ। धेरै कर्मचारी कार्यरत निगममा आन्तरिक सञ्चालन खर्चसमेत उच्च छ। अहिले निगमको सञ्चालन आम्दानीभन्दा दायित्व बढी रहेको प्रतिवेदनमा उल्लेख छ।

■ ग्राउन्ड ह्यान्डलिङमा पाँच अर्ब ६० करोड खुद नाफा

निगमले नेपालमा उडान गर्ने विदेशी वायुसेवालाई ग्राउन्ड ह्यान्डलिङ (भूमिस्थ) सेवा दिँदै आइरहेको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भूमिस्थ सेवा दिँदै आइरहेको निगमले गत वर्षदेखि भैरहवाको गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा पनि भूमिस्थ सेवा दिने अनुमति पाएको छ। निगमले यही भूमिस्थ सेवाबाट हुने आम्दानीले खर्च धानिरहेको तथ्यांकले प्रस्ट देखाएको छ।

निगमले ६ आर्थिक वर्षमा भूमिस्थ सेवाबाट सञ्चालन खर्च कटाएर पाँच अर्ब ६० करोड खुद नाफा कमाएको देखिन्छ। जसले गर्दा विमान सञ्चालनमा भएको ठूलो नोक्सानी कम गर्नसमेत मद्दत पुगेको छ। निगमलाई भूमिस्थ सेवाबाट आव ०७४/७५ मा एक अर्ब २६ करोड, ०७५/७६ मा एक अर्ब ३१ करोड, ०७६/७७ मा करिब ९५ करोड, ०७७/७८ मा ४३ करोड, ०७८/७९ मा ९८ करोड र आव ०७९/८० (वैशाखसम्म) ६६ करोड रुपैयाँ नाफा भएको छ।

वाइडबडी र ट्विनअटर उडानमा नोक्सानी भए पनि न्यारोबडी र भूमिस्थ सेवामा नाफा हुनाले समग्रमा ६ आर्थिक वर्षको घाटा पौने १५ अर्बमा सीमित भएको तथ्यांकले देखाउँछ। कुल आम्दानीभन्दा खर्च बढी हुँदा निगमलाई आव ०७४/७५ मा नौ करोड, ०७५/७६ मा दुई अर्ब ६३ करोड, ०७६/७७ मा तीन अर्ब ७७ करोड, ०७७/७८ मा चार अर्ब ४० करोड, ०७८/७९ मा एक अर्ब ७० करोड र ०७९/८० (दश महिना) मा दुई अर्ब १६ करोड घाटा भएको छ।

यस्तै, ग्राउन्डेड अवस्थामा राखिएका चिनियाँ जहाजहरूको मर्मत सम्भार, पार्किङ, ह्वासकट्टी र ब्याजसमेत जोड्दा वार्षिकक दुईवटा एमए-६० का लागि २८ करोड ३१ लाख र तीनवटा वाई-१२ई जहाजका लागि १९ करोड ७८ लाख खर्च हुने गरेको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

व्यवस्थापन चुस्त बनाए नाफामा जान्छ

● **दीपेन्द्रबहादुर क्षेत्री**, संयोजक, निगम संरचनागत एवं व्यवस्थापकीय अध्ययन तथा सिफारिस समिति



निगमले वाइडबडी लामो दूरीको गन्तव्यमा उडाउन पाएको भए बल्ल सर्भाइभ हुन्थ्यो। अहिलेको उडान ठूलो घाटामा छ। (इयूले नागरिक उड्डयन प्राधिकरणलाई नियामक र व्यवस्थापक छुट्याउन भनिरहेको छ। त्यो नहुँदासम्म इयूले कालोसूचीबाट हटाउँदैन र युरोपमा हामीले उडान गर्न पाउँदैनौं। त्यसतर्फ सरकारको ध्यान जानुपर्छ।

न्यारोबडी नाफामै चलिरहेको छ। तर, आन्तरिक उडान चिन्ताजनक देखिन्छ। चिनियाँ जहाजको आम्दानीभन्दा सञ्चालन खर्च धेरै भएर ग्राउन्डेड छन्। अझै अरू जहाज थप्ने योजना रहेछ। जहाज नथपी सुखै छैन, तर पूर्ण क्षमतामा उडाउनुपर्‍यो। निगमको चुक्ता पुँजी बढाएर २० अर्ब पुर्‍याउन सुझाव दिएका छौं। निगम सम्हाल्नै नसक्ने स्थितिमा पुगेको होइन। यदि व्यवस्थापन चुस्त बनाई काम गरेमा केही वर्षमै नाफामा लैजान सकिन्छ।

भूकम्पले भत्काएका खण्डहर कोठाबाट सञ्चालन भइरहेको छ कोदारी अध्यागमन

तातोपानी नाका सञ्चालनमा समस्याका चाङ

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

मानव आवतजावतसहित पूर्ण रूपमा खुला गरिएको तातोपानी नाका सञ्चालन गर्न कठिनाइ देखिएको छ। नाका हुँदै दैनिक ५०-६० जना चिनियाँ नेपाल प्रवेश गर्छन् भने सीमावर्ती क्षेत्रका चार सय सर्वसाधारण सामान किन्न पारी जाने गरेका छन्। मितेरीपुलनजिकै रहेको अध्यागमन कार्यालय कोदारीको आफ्नो भवन छैन। भूकम्पले भत्काएको खण्डहर कोठाबाट नै दैनिक काम सञ्चालन भइरहेको छ। विद्युतीय ब्याकअपसम्म नहुँदा नेपाल चिनियाँ पर्यटकलाई भिसा इन्ट्री गर्न नै घन्टौं कुर्नुपर्ने बाध्यता छ। नेपाली अध्यागमनको हालत देखेर चिनियाँहरू अचम्मित हुने भोटेकोसी चेम्बर अफ कमर्सका अध्यक्ष फुनु शेर्पाले बताए। चेकजाँचको तरिका पनि पर्यटक हतोत्साही बनाउने खालको भएको उनको भनाइ छ। नाका खुला भए पनि समस्याले घेरिएकाले स्थानीय बासिन्दा खुसी हुन नसकेको उनको गुनासो छ। 'ब्ल्यांकेट, खानेकुरा र घरायसी प्रयोजनका सामान्य सामग्री ल्याउँदा स्थानीयलाई सीमामा रोकेर दुःख दिइन्छ,' उनले भने। चिनियाँहरूले एकोहोरो आफ्नो सामान मात्रै बिक्री गरेका छन्। नेपालबाट कुनै पनि सामग्री चीनमा लान दिँदैनन्। सीमाक्षेत्रमा उत्पादित साग र अर्गानिक निगुरोसमेत चिनियाँ प्रहरीले पारि लान दिँदैनन्। उनीहरूको सामान बिक्री गर्ने चिनियाँ रणनीतिले नेपालीलाई फाइदा छैन। 'हामीले नेपालमा बनेको एक पोका चाउचाउ पनि पारि लान पाएका छैनौं,' नाकामा रहेको कैलाशमान सरोवर होटेलका सञ्चालक शेरबहादुर मगरले भने।



नेपालतर्फ क्वारेन्टिन व्यवस्थित छैन। आयातित वस्तु कुन गुणस्तरको हो चेकजाँच गर्ने कुनै उपकरण छैन। बाह्रबिसेदेखि लिपिडसम्म २६ किलोमिटर सडक जीर्ण छ। ४० फुटे चिनियाँ ट्रेलर गुड्दा जोखिम बढेकाले खासाबाट सुक्खा बन्दरगाह लार्चासम्म ट्रेलरले सामान ल्याउने र त्यहाँबाट पल्टी गरेर साबिक चलेका साना कन्टेनर भ्यानले राजधानीसम्म सामान ढुवानी गर्ने व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी रमेश न्यौपानेले बताए। जीर्ण सडकमा ठूला ट्रेलर गुड्दा एकातिर दुर्घटना हुने जोखिम र अर्कोतिर सडक किनारका स्थानीयले घर थर्किएको भनेर विरोध जनाएकाले यस्तो निर्णय गरिएको न्यौपाले बताइन्। चिनियाँ ट्रान्सपोर्ट कम्पनीले तातोपानी भन्सारसम्म सामान ल्याएर फर्किँदा नेपाली पक्षलाई फाइदा पुग्छ। भन्सार यार्डमा काम गर्ने ६ सय मजदुरले काम पाउने ट्रान्सपोर्ट कम्पनीहरूको भनाइ छ। यद्यपि, पुनर्निर्माणपछि कन्टेनर भ्यान खासा जान पाउनुपर्ने नेपाली पक्षले बताएका छन्। उनीहरूले चिनियाँ पक्षसँग यस विषयमा पटक-पटक निवेदन गरेका छन्। नेपाली गाडी खासा गएमा चिनियाँ ट्रान्सपोर्ट कम्पनीले पनि काठमाडौंसम्म सामान ढुवानी गर्न पाउनुपर्ने अडान राखेका छन्। नेपाल-चीन अधिकारीले नेपाली भ्यान खासा जाने र चिनियाँ टेलर सीधै काठमाडौं जाने प्रणाली लागू गरे भने सीमावर्ती क्षेत्रमा काम गर्ने ६ सय मजदुर कामविहीन हुन्छन्। चिनियाँ क्षेत्रमा आडो, तिब्बत सिल्क, मुसा र खासा नामका ट्रान्सपोर्ट कम्पनी छन्। नेपालपट्टि सिल्क, रेवाङ र नमस्ते रहेका छन्। भूकम्पअघि चलेका नेपाल कन्टेनर ढुवानी लिमिटेडमा आबद्ध कन्टेनर पनि सामान ओसार्न तातोपानी पुगेका छन्।

तातोपानी भन्सारको गोदाम भाडामा लिएको ट्रान्स-सिल्क जेभीले व्यवस्थापन गर्न नसक्दा ढुवानी कम्पनीबीच वेलावेलामा विवाद उत्पन्न हुने गरेको छ। वैशाखमा चीनबाट ल्याएको सात लाख बोरा रासायनिक मल गोदाममा भण्डारण गरिएकाले दसैंलगायत चाडपर्वका लागि खासाबाट आएको सामानको व्यवस्थापनमा समस्या भएको भन्सार कार्यालयले जनाएको छ।

'दसैंअघि सडक मर्मत सम्भार गर्न सकिन्न'

काठमाडौं / भौतिक, पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले दसैंअघि सडक मर्मत गर्न नसकिने बताएका छन्। बुधबार पूर्वाधार विकास समितिको बैठकमा उनले बजेट अभावका कारण तत्काल सडक मर्मत गर्न नसकिने बताएका हुन्।

बर्खाका कारण अहिले अधिकांश सडकमा खाल्टाखुल्टी रहेको र पहिरो पनि पूर्णरूपमा पन्छाइएको छैन। तर, दसैंपछि मात्रै सडक मर्मत गर्न सकिने उनले बताए। बजेट अभावकै कारण सडक विभागतर्फ गत आवको चार अर्ब दायित्व भुक्तानी गर्न बाँकी छ। यद्यपि, यात्रुहरूलाई सहज रूपमा गन्तव्यमा पुर्‍याउन सरकार तयार रहेको उनको भनाइ छ।

यसैबीच पूर्वाधार विकास समितिले निर्माण व्यवसायीको बक्यौता रकम यथाशीघ्र भुक्तानी गर्न सरकारलाई निर्देशन दिएको छ। साथै, ठेक्का सम्झौताअनुसार तोकिएको समय र गुणस्तरअनुसार काम गर्ने वातावरण मिलाउन पनि समितिले सरकारलाई निर्देशन दिएको छ। सडक दुर्घटनाका कारण बर्सेनि यात्रुले ज्यान गुमाउने अवस्थामा सुधार ल्याउन सडक सुरक्षा, सवारीसाधनको परीक्षण र सवारीसाधन सञ्चालनमा संलग्न जनशक्तिको व्यवहार सुधार गर्न, अनुगमन र कारबाहीलाई प्रभावकारी बनाउन सरकारलाई निर्देशन दिएको छ।

पूर्वाधार विकास समितिले दसैंमा विद्यार्थीका लागि स्कुल र कलेजका सवारीबाट सहुलियतदरमा गन्तव्यमा पुर्‍याउने व्यवस्था गर्न सरकारलाई निर्देशन दिएको छ। चाडपर्वको समयमा सार्वजनिक यातायातको अधिकतम उपयोग गरिने भएकाले भाडादर जथाभावी निर्धारण गर्ने, परिचयपत्र नभएका व्यक्तिले टिकट बेच्ने, यात्रु टिकटको जाँच गर्ने परिपाटि नहुने, यात्रुको सूची नराख्ने, सिट क्षमताभन्दा बढी यात्रु राख्नेलगायतका कानुनी प्रावधानको उल्लंघन हुन नदिन सम्बन्धित निकाय प्रभावकारी बनाउन पनि समितिले निर्देशन दिएको छ।

एमसिसी परियोजनाले अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्छ : प्रधानमन्त्री

जनतामा पर्ने सकारात्मक प्रभाव हेर्न आतुर छु : एमसिसी सिइओ



नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) अनुदानमा बन्ने परियोजनाका कारण नेपाली अर्थतन्त्रमा सकरात्मक प्रभाव पार्ने बताएका छन्। एमसिसीको ५० करोड डलर अनुदान र नेपाल सरकारको १९.७ करोड डलर लगानीमा चार प्रसारण लाइन, तीन सबस्टेसन र १३० किमि सडक मर्मत तथा स्तरोन्नति गरिँदै छ। यस्तो परियोजनाले नेपाली अर्थतन्त्रको विकासमा सहयोग पुग्ने बताउँदै प्रधानमन्त्री प्रचण्डले उक्त परियोजना सरकारको प्राथमिकतामा पनि रहेको बताए।

१३ भदौदेखि एमसिसी नेपाल कम्प्याक्ट कार्यान्वयन चरणमा प्रवेश गरेको अवसरमा मिलेनियम च्यालेन्ट एकाउन्ट (एमसिए) नेपालले बुधबार कामठाडौंमा आयोजना गरेको विशेष समारोहलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्। परियोजना कार्यान्वयनबाट नेपालको व्यापार सञ्जालालाई एसियासँग जोड्ने र नेपालको आर्थिक वृद्धि तथा गरिबी न्यूनीकरणमा महत्त्वपूर्ण सहयोग पुग्ने उनले बताए। यस्तै, एमसिसी परियोजनाको काम पाँच वर्षभित्र सम्पन्न गर्ने प्रतिबद्धता पनि उनले गरेका छन्।

> एमसिसीको ५० करोड डलर अनुदान र नेपाल सरकारको १९.७ करोड डलर लगानीमा चार प्रसारण लाइन, तीन सबस्टेसन र १३० किमि सडक मर्मत तथा स्तरोन्नति गरिँदै छ।

यस्तै, अर्थमन्त्री डा. प्रकाशशरण महतले यस आयोजनाबाट नेपालको विकासमा सघाउ पुग्ने बताए। एमसिसी नेपाल कम्प्याक्टले राम्रा सडक र थप भरपर्दो विद्युत् उपलब्ध गराएर नेपाली जनतालाई लाभान्वित बनाउने उनको भनाइ छ।

एमसिसी नेपाल कम्प्याक्टका परियोजना नेपालको पनि भएको उनले बताए। 'यसअन्तर्गतका परियोजनामा अमेरिकाको ५० करोड डलर सहयोग छ। त्यसमा थप नेपाल सरकारको पनि १९.७ करोड डलर लगानी छ,' उनले भने, 'तसर्थ, यस आयोजनाको निर्माणमा नेपालको पनि ठूलो आर्थिक योगदान छ। यसको कार्यान्वयनमा हामी सक्दो सहयोग गर्छौं।'

उक्त अवसरमा एमसिसीका प्रमुख कार्यकारी अधिकृत एलिस पी अल्ब्राइटले यसअन्तर्गतका परियोजनाबाट नेपाली जनतामा पर्ने सकारात्मक प्रभाव हेर्न आतुर रहेको बताइन्। 'नेपालका लागि महत्त्वपूर्ण आर्थिक उपलब्धि हासिल गर्न यस कार्यक्रमसम्बन्धी लक्ष्य निर्धारण गर्ने सन्दर्भमा हामीले नेपाल सरकारसँग सहकार्य गरेका थियौं। निश्चित चुनौती सामना गर्दै कार्यक्रमलाई सफल बनाउन हामी प्रतिबद्ध साझेदारका रूपमा उभिन तयार छौं। यस सन्दर्भमा नेपाल सरकारको नेतृत्व र यस कार्यक्रमको कार्यान्वयनका लागि जिम्मेवार निकाय एमसिए-नेपालप्रति पूर्ण विश्वस्त छौं,' उनले भनिन्, 'यस कार्यक्रमबाट नेपाली जनताको जीवनमा पर्ने सकारात्मक प्रभाव हेर्न म निकै आतुर छु।'

यस्तै, नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्पसनले एमसिसी नेपाल कम्प्याक्ट नेपाली जनताको आर्थिक विकासका लागि सहयोग पुर्‍याउने बताए।

आफ्नो तीनदिने नेपाल भ्रमणका क्रममा एमसिसीका प्रमुख कार्यकारी अधिकृत अल्ब्राइटले कम्प्याक्ट कार्यान्वयनसँग सम्बद्ध नेपाल सरकारका उच्च अधिकृतहरू एवं विभिन्न सरोकारवालासँग भेटनुका साथै जलवायु संरक्षणको महत्त्वमाथि जोड दिन वृक्षरोपण कार्यक्रममा सहभागी भएकी थिइन्। मर्मतका लागि सजिलो र वातावरणका लागि राम्रो सुरक्षित यातायात सञ्जाल निर्माण गर्नका लागि जलवायु एवं दिगो प्रविधि प्रयोग गर्ने सन्दर्भमा सडक विभागका प्रशिक्षार्थी इन्जिनियरबाट भइरहेको कार्यको पनि निरीक्षण गरेकी थिइन्।

नेपाल सरकार तथा एमसिसीबीच नेपालमा विद्युत् आपूर्तिको विश्वसनीयतामा वृद्धि गर्ने विद्युत् प्रसारण आयोजना र यातायातको लागत घटाउने सडक मर्मत आयोजनाका लागि आर्थिक सहयोगसम्बन्धी सम्झौता एमसिसी नेपाल कम्प्याक्टमा ०७४ साल भदौ २९ गते हस्ताक्षर भएको थियो।

मर्जर र एफपिओ कर लगाउने विषयमा कारण देखाऊ आदेश

नयाँ पत्रिका

सर्वोच्च अदालतको संवैधानिक अदालतले बैंक तथा वित्तीय संस्था मर्जर गर्दा प्राप्त लाभमा कर लगाउने सरकारी व्यवस्थाविरुद्ध कारण देखाउ आदेश जारी गरेको छ। बुधबार सर्वोच्चका प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, प्रकाशकुमार ढुंगाना र सुष्मालता माथेमाको संवैधानिक इजलासले विपक्षीका नाममा कारण देखाउ आदेश जारी गरेको हो। सर्वोच्चले अन्तरिम आदेशका लागि भने थप छलफल गर्ने भएको छ।

बैंक तथा वित्तीय संस्थाको मर्जर तथा एक्विजिसनको सौदाबाजीमा प्राप्त लाभ (बार्गेन पर्चेज गेन (बिपिजी)को रकममा कर लगाउने कानुनी व्यवस्थाविरुद्ध बैंकहरूले रिट दायर गरेका थिए। अर्थ मन्त्रालयले आर्थिक ऐनमार्फत गरेको व्यवस्थाविरुद्ध बैंकहरूले सर्वोच्चमा रिट दायर गरेका हुन्। पूर्ववत् कारोबार रकममा भूतप्रभावी कानुनमार्फत कर लगाएको भन्दै १४ वाणिज्य बैंकका तर्फबाट रिट दायर गरिएको थियो। यस्तै, सात वाणिज्य बैंकले फर्दर पब्लिक अफरिङ (एफपिओ)को करविरुद्ध समेत मुद्दा दायर गरेका थिए। रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग र संघीय संसद्लाई विपक्षी बनाइएको छ।

बिपिजीको रकम आयमा समावेश गर्ने कानुन नभएको अवस्थामा सरकारले सामयिक कर असुल ऐन २०१२ को दफा ३ अनुसार आदेश जारी गरेर ०७८/७९ सम्म भएका मर्जर र एक्विजिसनबाट प्राप्त लाभमा कर लगाउने निर्णय गरेको थियो। त्यस्तो कर ०८० मंसिर मसान्तभित्र दाखिला गरेमा शुल्क र ब्याज मिनाहा दिने व्यवस्था आर्थिक ऐनले गरेको थियो। आर्थिक ऐनको व्यवस्था संविधानको धारा ११५(१) विपरीत रहेको भन्दै बैंकहरूले बदरको माग गरेका हुन्।

'विद्यमान कानुनमा कर लाग्ने कुनै व्यवस्था नभएको र यस्तो व्यवस्था रहेको भनी देखाउन तथा उल्लेख गर्नसमेत नसकी केवल हचुवा तवरबाट निकाय गाभिँदा वा प्राप्तिमा सौदाबाजी गर्दा प्राप्त लाभको आयलाई कर प्रयोजनका लागि आयमा समावेश गरी कर दाखिला नगरेको भए त्यस्तो कर ०८० मंसिर मसान्तभित्र दाखिला गरेमा शुल्क र ब्याज मिनाहा दिने भनी गरिएको आर्थिक ऐन, २०८० को दफा २७ को व्यवस्था संविधानको धारा ११५(१) विपरीत रहेको छ' रिटमा उल्लेख छ। एफपिओबाट प्राप्त सेयर प्रिमियमको रकमबाट आर्थिक वर्ष ०७८/७९ सम्म जारी भएको बोनस सेयरको रकमलाई आयमा समावेश गरी कर, शुल्क तथा ब्याज लगाउने सम्भावना प्रबल रहेकाले रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गर्नुपर्ने माग निवेदनमा उल्लेख छ।

भूतप्रभावी कानुनबाट विगतमा नलागेको कर लगाउन नमिल्ने जिकिर रिटमा गरिएको छ। संविधानको धारा ११५ ले कानुनबमोजिम बाहेक कर लगाउन नपाउने व्यवस्था गरेको छ। मर्जर वा एक्विजिसनको बार्गेन पर्चेज गेनमा कर लाग्ने नभएकाले सूचनाद्वारा कर असुल गरिनु संविधान विपरीत भएको बैंकहरूले रिटमा दाबी गरेका छन्। अर्थ मन्त्रालयले बार्गेन पर्चेज गेनमा कर लाग्ने गरी सूचना जारी गरेको थियो। नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, एनएमबि बैंक, नबिल बैंक, सानिमा बैंक, सिद्धार्थ बैंक, सिटिजन्स बैंक इन्टरनेसनल, एनआइसी एसिया बैंक, कुमारी बैंक, हिमालयन बैंक, प्राइम कमर्सियल बैंक, प्रभु बैंक, ग्लोबल आइएमई बैंक, लक्ष्मी सनराइज बैंक र माछापुच्छ्रे बैंकका तर्फबाट अदालतमा रिट दायर गरिएको हो।

'किड्डी फेस अफ द इयर इन्टरनेसनल २०२३' का विजेता छानिए

काठमाडौं/ रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीले आयोजना गरेको 'किड्डी फेस अफ द इयर इन्टरनेसनल २०२३' का विजेता छानिएका छन्। सातौं संस्करणअन्तर्गत भएको कार्यक्रममा आरुष भट्टराई, ब्रबिम बराल, सायुरी कँडेल र अक्षयनी दाहाल 'किड्डी फेस अफ द इयर इन्टरनेसनल २०२३' का विजेता घोषित भएका हुन्।



काठमाडौंमा भएको प्रतियोगितामा सिनियर र जुनियरअन्तर्गत केटा र केटी गरेर चार विजेता चुनिएको आयोजकले जनाएको छ। प्रतियोगितामा सिनियर केटातर्फ आरुष भट्टराई र जुनियर केटातर्फ ब्रबिम बराल तथा सिनियर केटीतर्फ अक्षयनी दाहाल र जुनियर केटीतर्फ सायुरी कँडेलले उपाधि प्राप्त गर्न सफल भएको उल्लेख छ।

त्यस्तै, प्रतियोगितामा जुनियर केटातर्फ सम्भव जैन फर्स्ट रनरअप, आर्देन सुवेदी सेकेन्ड रनरअप, सिनियर केटातर्फ भियोम गोयल फर्स्ट रनरअप र आर्जय कोइराला सेकेन्ड रनरअप बन्न सफल भए।

प्रतियोगितामा सिनियर केटीतर्फ सावलिन महर्जन फर्स्ट रनरअप र दृष्टि शाह सेकेन्ड रनरअप बने भने जुनियर केटीतर्फ सदीक्षा जिसी फर्स्ट रनरअप र राधिका गोयल सेकेन्ड रनरअपको उपाधि प्राप्त गर्न सफल भएको जनाइएको छ।

विजेताहरूले अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा सहभागी हुने अवसर र दावा एचएमसी नेपाल प्रालिको तर्फबाट गिफ्ट ह्याम्पर प्राप्त गरेको जनाइएको छ।

सातदेखि १३ वर्षसम्मका बालबालिकाको सहभागिता रहेको प्रतियोगितामा डान्स कोरियोग्राफर संयुक्त स्थापित, कोरियोग्राफी अन्तर्राष्ट्रिय फेसन कोच राज फैजू, ड्रेस डिजाइन श्रीषा बैदारले गरेको जनाइएको छ।

दसैँअघि नै आफ्नै टिएमएस चलाउन ब्रोकरहरू तयार

भोजराज भण्डारी/नयाँ पत्रिका



३४ ब्रोकर कम्पनी आफ्नै टिएमएस चलाउन तयार भएका छन्। दसैँअघि नै आफ्नै टिएमएस चलाउन अहिले आन्तरिक परीक्षणलाई तीव्रता दिइएको नेपाल ब्रोकर एसोसिएसनका अध्यक्ष धर्मराज सापकोटाले जानकारी दिए। उनले भने, 'हाम्रोतर्फबाट सम्पूर्ण तयारी पूरा भइसकेको छ, नेप्सेबाट केही प्राविधिक सिस्टम मात्र मिलान गर्नुपर्नेछ, दसैँअघि हामी एक्टिभ गर्छौं।'

३३ ब्रोकरहरूले श्रीलंकाको 'आइरन' कम्पनीको र एक ब्रोकर कम्पनीले भारतीय 'डिएन ग्लोबल सोलुसन' कम्पनीको टिएमएस प्रयोग गर्ने विवरण आएको नेपाल स्टक एक्सचेन्जका प्रवक्ता मुराहरि पराजुलीले बताए। टिएमएस चलाउन ३४ ब्रोकर कम्पनी सम्पूर्ण रूपले तयारी अवस्थामा रहेको ब्रोकर एसोसिएसनका पूर्वअध्यक्ष सन्तोष मैनालीले बताए। उनले भने, 'हामीले पूर्वाधार निर्माणदेखि प्राविधिक काम पनि अन्तिम चरणमा पुऱ्याएका छौं, निरीक्षणपछि एपिआई पाउन बाँकी रहेको छ।' एपिआई नेप्से र ब्रोकर कारोबारसँग जोडिने वा कनेक्ट गर्ने काम हो।

धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ कार्यान्वयनमा आएसँगै ब्रोकरले आफ्नो इच्छाअनुसारको टिएमएस चलाउन पाउने भएका हुन्। गत वैशाखमा नेपाल धितोपत्र बोर्डले स्वीकृत गरेको धितोपत्र कारोबार सञ्चालन विनियमावलीमा टिएमएस विकासकर्ता कम्पनीसँग पाँच वर्षको कार्य अनुभव भएको, विगत तीन वर्षयता लगातार वार्षिक औसतमा सात करोड रुपैयाँको कारोबार गरेको कम्पनी हुनुपर्ने उल्लेख छ।

भारतीय कम्पनीको टिएमएस चलाउन इच्छुक एक मात्र ब्रोकर कम्पनी भने नासा सेक्युरिटिज ब्रोकर नम्बर ५८ हो। ब्रोकर कम्पनीहरूले छनोट गरेका कम्पनीको टिएमएसका बारेमा छुट्टै प्रस्तुतिसमेत दिनुपर्ने जानकारी नेप्सेले दिएको छ। नेप्सेले ती कम्पनीबारे जाँचबुझ गरी उपयुक्त देखेमा मात्र स्वीकृति दिने तयारी रहेको छ।

३३ ब्रोकर कम्पनीले रोजेको श्रीलंकन आइरन वान कम्पनी स्टक बजारसँग सम्बन्धित सफ्टवेयर उत्पादन गर्ने कम्पनी रहेको बताइएको छ। श्रीलंकाको कोलम्बोमा मुख्य कार्यालय रहेको यस कम्पनीले अन्तर्राष्ट्रियस्तरमा समेत आफ्नो शाखा विस्तार गरेको ब्रोकरहरू बताउँछन्।

हाल नेप्सेको अनलाइन कारोबार प्रणालीमा ३५ लाखभन्दा बढी लगानीकर्ता आबद्ध छन्। कारोबार प्रणालीलाई सहज बनाउन नेप्सेले स्वेच्छिक रूपमा टिएमएस चलाउन सकिने व्यवस्था लागू गरेको हो। हाल नेप्सेले वाइको कम्पनीले बनाएको टिएमएस सञ्चालन गरिरहेको छ। नेप्सेको टिएमएसमा विभिन्न समस्या आएको भन्दै ब्रोकर कम्पनीले आफ्नै टिएमएस चलाउन माग गर्दै आएका थिए। नेप्सेले ०७५ कात्तिक २० गतेदेखि नेपालको धितोपत्र दोस्रो बजारलाई पूर्ण अनलाइन प्रविधिमैत्री बनाउँदै आएको हो।

ब्रोकरहरूले अघिल्लो साता नै टिएमएसको परीक्षण सुरु गर्ने तयारी गरेका भए पनि नेप्सेले एप्लिकेसन प्रोग्रामिङ इन्टरफेस (एपिआई) लागू गरेकाले उक्त सिस्टममा आबद्ध भएर मात्रै परीक्षण सुरु गर्न लाग्दा यसमा केही दिन ढिलाइ भएको मैनालीको भनाइ छ। नेप्सेका प्रमुख कार्यकारी अधिकृत (सिइओ) कृष्णबहादुर कार्कीले ब्रोकरहरूलाई टिएमएस ल्याउन नेप्सेले स्वीकृति दिइसकेको बताए। उनले भने, 'हामीबाट कुनै समस्या छैन उहाँहरूले आफ्नै टिएमएस सञ्चालन गर्न बाटो खुलेको छ।'

■ नयाँ ब्रोकरले के गर्लान् ?

धितोपत्र बोर्डबाट भर्खरै लाइसेन्स पाएर सञ्चालनमा आएका १७ नयाँ ब्रोकर कम्पनीले तत्काल नयाँ टिएमएस नल्याउने बताएका छन्। न्यु ब्रोकर एसोसिएसनका अध्यक्ष सागर ढकालले तत्काल टिएमएस ल्याउन तयारी नभएको बताए। उनले भने,'हामी भर्खरै मात्र आएका छौं, यसबारेमा आन्तरिक छलफल गरेर अघि बढ्छौं।'

विज्ञापन व्यवसायी पौडेलको पुस्तक 'वेलकम आरोह अवरोह' सार्वजनिक

काठमाडौं/ विज्ञापन व्यवसायी निर्मलराज पौडेलको पुस्तक 'वेलकम आरोह-अवरोह' सार्वजनिक भएको छ। पौडेलले आफ्नै आत्मकथामा आधारित भोगाइका अतिरिक्त नेपालको सञ्चार क्षेत्रको अवस्था, विज्ञापन निर्माण र यसको बजारलगायतका विषय समेटिएको पुस्तक बजारमा ल्याएका हुन्।



घोस्ट राइटिङ नेपालले प्रकाशन गरेको पुस्तकमा लेखक पौडेलले पहिलेको काठमाडौं उपत्यकाको भौगोलिक तथा सामाजिक अवस्थाको चित्रणका साथै नेपालमा लामो समयदेखिको आमसञ्चार क्षेत्रको अवस्था र चुनौतीका साथै विज्ञापन निर्माण र वितरणको विगतको अवस्था र अब धारणा प्रस्तुत गरेका छन्।

नेपाल विज्ञापन एजेन्सी व्यवसायी संघको अध्यक्षसमेत रहिसकेका पौडेलले पुस्तकमा व्यावसायिक जीवनका आरोह-अवरोह, विज्ञापनलाई समाजले हेर्ने दृष्टिकोण र विज्ञापन व्यवसायमा आफूले भोग्नुपरेका सफलता, असफताका कथा पनि समेटेका छन्।

उनले विज्ञापन क्षेत्रमा नयाँपन ल्याउने आफ्नो प्रयाससँगै आफूले जाने-भोगेका विषयवस्तुलाई सार्वजनिक गरी नेपालको सञ्चार तथा विज्ञापन क्षेत्रमा लागिरहेका र यस क्षेत्रमा लाग्ने आगामी पुस्ताले थाहा पाउनुपर्ने आधारभुत विषयसमेत समेटेका छन्।

पुस्तकमा क्लिन फिडको अवधारणा, बाढीपीडितका लागि गरिएको पहिलो 'एसएमएस क्याम्पियन', भूकम्पका बेला विदेशमा रहेका नेपालीबाट एक डलर र स्वदेशमा रहेकाहरूबाट एक सय रुपैयाँ संकलनको अवधारणा र यसले पुऱ्याएको सहयोगको प्रसंग पनि राम्रोसँग उल्लेख गरिएको छ।

बन्दीपुर केबलकारको सेयर रजिस्ट्रारमा एसबिआई मर्चेन्ट बैंकिङ



काठमाडौं/ बन्दीपुर केबलकार एन्ड टुरिजम लिमिटेड र नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लिमिटेडबीच सेयर रजिस्ट्रारसम्बन्धी कार्य गर्नेसम्बन्धी सम्झौता भएको छ।

सम्झौतामा केबलकारका सञ्चालक शिवप्रसाद शर्मा र मर्चेन्ट बैंकिङका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत लेखनाथ पोखरेलले हस्ताक्षर गरेका हुन्।

सम्झौताअनुसार बन्दीपुर केबलकार एन्ड टुरिजम लिमिटेडको सेयर रजिस्ट्रारसम्बन्धी सम्पूर्ण कार्य नेपाल एसबिआई मर्चेन्ट बैंकिङमार्फत हुने जनाइएको छ।

सोफा हबको दसैँ-तिहार अफर

काठमाडौं/ सोफासेट उत्पादक कम्पनी सोफा हबले दसैँ, तिहार तथा छठ पर्वको अवसर पारेर उपहार योजना ल्याएको छ। 'सोफा लिने भनेकै सोफा हबको मात्र हो' भन्ने मूल नाराका साथ कम्पनीले उपहार योजना ल्याएको हो।

गुणस्तरीयलाई जोड दिँदै सहुलियत मूल्यमा उपलब्ध गराइएको सोफा किन्ने ग्राहकलाई लक्षित गरेर योजना सार्वजनिक गरिएको सोफा हबका म्यानेजिङ डाइरेक्टर तारालाल (हरि) धरेलले जानकारी दिए। काठमाडौं र चितवनमा उद्योग सञ्चालन गरिरहेको कम्पनीले उपहारअन्तर्गत इभी स्कुटर, इलेक्टिक जग, आइरन, बेडकभर, डोरम्याटलगायतका विभिन्न उपहार राखेको धरेलले बताए।

उनका अनुसार सोफा हबमा सोफा किन्न आउने हरेक ग्राहकलाई प्रदान गरिएको कुपन स्क्रयाच गर्दा विजेता ग्राहकलाई उपहार योजना प्रदान गरिने कम्पनीले जनाएको छ। सोफा हबको काठमाडौंको सामाखुसी रेडनस्थित कोइराला मार्ट, गोठाटार हाइट र चितवनको लंकुमा आउटलेट रहेको जनाइएको छ। कम्पनीले दक्ष कामदार र गुणस्तरीय सामान प्रयोग गरी ग्राहकको मागलाई मध्यनजर गर्दै आफ्ना उत्पादनमा पाँचदेखि १० वर्षसम्मको वारेन्टीसमेत दिनुका साथै ग्राहकको घरसम्म निःशुल्क डेलिभरीसमेत प्रदान गर्दै आएको कम्पनीले दाबी गरेको छ। कम्पनीले हाल एक सय ५० भन्दा बढीलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा रोजगारी दिएको जनाएको छ।

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०६/१८ गते

यस माछापुच्छे बैंक लि. नयाँ बजार, पोखरा शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गर्नु भएको कर्जाको साँवा, ब्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा ब्याज, थप ब्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले पैँतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटर तथा जमानी दिनेको नाम समेत कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउँदै यथाशिघ्र कर्जा भुक्तानी गर्न/गराउनुहुन विशेष अनुरोध गरिएको छ।

तपसिल

ऋणीको नाम, ठेगाना	धितोमा रहेको सम्पतिको विवरण
मिलन चौरेली ना.प्र.नं. ११३५५५, जि.प्र.का कास्की जारी मिति : ०५७/१२/०८ बाबु : हरि बहादुर चौरेली, बाजे : पदमलाल चौरेली ठेगाना : कास्की जिल्ला, लेखनाथ गा.वि.स./उ.म.न.पा. वडा नं. ५	धनी यस माछापुच्छे बैंक लि. र ऋणी मिलन चौरेलीको नाममा दर्ता कायम रहेको निम्न बमोजिमको सवारी साधन सवारी किसिम : Volkswagen New Polo 1.2 सवारी दर्ता नं. : बा १२ च ७१४० इन्जिन नं CJL086312, च्यासिस नं. WVWL1460XFT042840
व्यक्तिगत जमानतकर्ताहरु	
१. मिलन चौरेली ना.प्र.नं. ११३५५५, जि.प्र.का कास्की जारी मिति : ०५७/१२/०८ बाबु : हरि बहादुर चौरेली, बाजे : पदमलाल चौरेली ठेगाना : कास्की जिल्ला, लेखनाथ गा.वि.स./उ.म.न.पा. वडा नं. ५	**२. अनिता रानाभाट** ना.प्र.नं. १४३७१८, जि.प्र.का कास्की जारी मिति : २०६०/०९/२४ पति : मिलन चौरेली, ससुरा : हरि बहादुर चौरेली ठेगाना : कास्की जिल्ला, लेखनाथ गा.वि.स./उ.म.न.पा. वडा नं. ५

माछापुच्छे बैंक

सबल, उत्कृष्ट एवं विस्तारित

शाखा कार्यालय, नयाँ बजार, पोखरा

कृषि विकास बैंक लि. शाखा कार्यालय, चौतारा सिन्धुपाल्चोकको लागि घर भाडामा लिने सम्बन्धि १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०६/१८

कृषि विकास बैंक लि.शाखा कार्यालय चौताराको प्रयोजनको लागि घर भाडामा लिन आवश्यक भएकोले सिन्धुपाल्चोक जिल्ला चौतारा सांगाचोकगढी न.पा. वडा नं.५ कुबिन्डेचोकबाट करिब ४०० मिटर अगाडी बनदेवी मन्दीर तर्फ बनदेउ चौतारा मूल सडकमा पर्ने चौतारा मूख्य बजारको नजिक मुलसडकमा अर्बास्थित रहेको व्यवसायिक भवनको भुई तल्ला वा पहिलो तल्ला र बरिपरी मोहडा भएको तथा पर्याप्त पार्किङ्गको सुबिधा भएको भवनको भुई तल्ला वा पहिलो तल्ला र बरिपरी मोहडा भएको उपयुक्त स्थान र सडक मापदण्डभन्दा बाहिर रहेको भुकम्प प्रतिरोधी भवनको नक्सा पास भै भवन निर्माण कार्य भएको एउटै तल्लामा वा दुई तल्लामा गरी कम्तिमा २२०० ब.फि.देखी २५०० वर्गफिट सम्म क्षेत्रफल भएको घर कम्तिमा १० बर्ष वा सो भन्दा बढी अवधिका लागि भाडामा दिन ईच्छुक घरधनीहरुले निम्न शर्त/सुबिधाको अधिनमा रही घर भाडामा दिन प्रस्ताव आह्वान गरिन्छ।

शर्त तथा सुविधाहरु :

१. सिन्धुपाल्चोक जिल्ला चौतारा सांगाचोकगढी न.पा. वडा नं.५ कुबिन्डेचोकबाट करिब ४०० मिटर अगाडी बनदेवी मन्दीर तर्फ बनदेउ चौतारा मूल सडकमा पर्ने चौतारा मूख्य बजारको नजिक मुलसडकमा अर्बास्थित रहेको व्यवसायिक भवनको भुई तल्ला वा पहिलो तल्ला र बरिपरी मोहडा भएको तथा पर्याप्त पार्किङ्ग कम्तीमा १० देखी १५ वटा मोटरसाईकल र ५/७ वटा हल्का सवारी साधन कार पार्किङको सुबिधा भएको भवनको भुई तल्ला वा पहिलो तल्ला र बरिपरी मोहडा भएको उपयुक्त स्थान र सडक मापदण्डभन्दा बाहिर रहेको भुकम्प प्रतिरोधी भवनको नक्सा पास भै भवन निर्माण कार्य भएको एउटै तल्लामा वा दुई तल्लामा गरी कम्तिमा २२०० ब.फि.देखी २५०० वर्गफिट सम्म क्षेत्रफल भएको घर हुनुपर्ने छ।
२. प्रस्तावित घर आर.सि.सी. फ्रेम स्ट्रक्चरमा निर्माण भएको र स्थानिय निकायबाट नक्सा पास भएको प्रमाणपत्र पेश गर्नु पर्नेछ।
३. प्रस्तावित घरमा पानी, बत्तिबिजुली, टेलिफोन र इन्टरनेटको पहुँच हुनुपर्नेछ। एक भन्दा बढि तला भाडामा दिन प्रस्ताव गरेको भएमा प्रत्येक तलामा कम्तिमा एउटा शौचालय हुनुपर्नेछ। भाडामा दिन प्रस्ताव गरिएको घरमा, पार्किङ्गस्थल, जेनेरेटर तथा ए.टि.एम राख्ने स्थानको व्यवस्था भएको हुनुपर्ने छ।
४. बैंकलाई घरको भित्री संरचना परिवर्तन गर्न आवश्यक भएमा उक्त कार्य गर्न घरधनि मन्जुर हुनुपर्ने छ।
५. मासिक के कति रकममा घरभाडा दिन चाहेको हो, सोको प्रष्ट रुपमा अंक र अक्षर दुवैमा खुलाउनुपर्ने छ।
६. घर भाडा रकममा नियमानुसार लाग्ने कर कट्टी गरि बांकी रकम महिनाको अन्त्यमा घरधनिलाई भुक्तानी गरिनेछ। घर भाडामा लिए पश्चात् घर वहाल कर परिर्वतन भएमा परिर्वतन दरका आधारमा वहाल कर कट्टी गरिनेछ।
७. घर भाडा सम्बन्धि गोप्य सिलबन्दी प्रस्ताव शाखा चौतारा, सिन्धुपाल्चोक वा बागमती प्रदेश कार्यालय गौशाला काठमाडौंमा यो सूचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समय भित्र दर्ता गरि सक्नुपर्नेछ।
८. घर भाडा सम्बन्धी प्राप्त यो सूचना प्रकाशित मितिले १६ औं दिन दिनको ११.०० बजे प्रस्ताव र बैंकका पदाधिकारीहरुको उपस्थितिमा प्रदेश कार्यालय, काठमाडौंमा खोलिनेछ। उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगतै कार्यालय खुलेको दिन दिनको ११.०० बजे खोलिने छ। प्रस्ताव खोल्ने समयमा कारणवस कुनै वा सबै प्रस्तावकर्ता अनुपस्थित भए पनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन।
९. आवश्यकता अनुसार घरभाडा लिने स्थानमा गई निरिक्षण गरी घर रहेको स्थान, बाटोको अवस्था, घरको बनावट, क्षेत्रफल, भौतिक सुविधा, प्रस्ताव गरेको भाडा रकम लगाएत अन्य कुराहरुमा विश्लेषण गरी आवश्यक निर्णय गरिनेछ।
१०. घरभाडा सम्बन्धी प्राप्त प्रस्ताव कारण खोली वा नखोली स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार यस बैंकमा निहीत रहने छ।
११. अन्य कुराको हकमा यस बैंकको आर्थिक प्रशासन विनियमावली २०६४ (संशोधन सहित) र घरभाडा लिने सम्बन्धी निर्देशिका २०७१ बमोजिम हुनेछ।
१२. भाडामा दिने घर सम्बन्धी कुनै मुद्दामामिला नभएको हुनुपर्नेछ।
१३. यस विषयमा थप जानकारी आवश्यक परेमा बैंकको बागमती प्रदेश कार्यालय, गौशाला काठमाडौंमा सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लिमिटेड

बागमती प्रदेश कार्यालय,काठमाडौं।

खाँडादेवी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

माकादुम, रामेछाप

बागमती प्रदेश, नेपाल

नदिजन्य पदार्थको बिक्रिका लागि बढाबढ बोलपत्र आह्वान सम्बन्धी सूचना !!!

तेस्रो पटक सूचना प्रकाशन मिति : २०८०/०६/१८

खाँडादेवी गाउँपालिकाको सार्बजनिक खरिद नियमावली २०७६ को परिच्छेद- १२ को १३८(झ) मा व्यबस्था भए अनुसार खाँडादेवी गाउँपालिकाको २०८०/०६/१४ गते बसेको राजश्व परामर्श समितिको निर्णय बमोजिम पुनः तेस्रो पटक सार्वजनिक बढाबढको सूचना आह्वान गरि आन्तरिक आय संकलन गर्ने कार्य अन्तर्गत तामाकोशी तथा सुनकोशी नदिहरुको स्वीकृत घाटहरुबाट पूर्व-निर्धारित दुइ प्याकेजमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी खाँडादेवी गाउँपालिकाले तोकिएको दरमा बिक्री गर्ने गरि आर्थिक वर्ष २०८०/०८१ का लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र उपयुक्त बमोजिमको दस्तुर तिरी **www.bolpatra.gov.np** बाट कार्यालय समयमा खरिद गर्न सकिनेछ।
२. बोलपत्रसँग सम्बन्धित अन्य सम्पूर्ण जानकारीको लागि यस खाँडादेवी गाउँपालिकाको वेबसाइट **https://khandadevimun.gov.np** मा हेर्न सकिनेछ।
३. बोलपत्र सम्बन्धित अन्य कुरा बुझ्नु परेमा सम्पर्क नं. ९८६००७५२२५, ९८५४०४३७४०, ९८५२८४९४४९ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

नारायण लामिछाने

कुमारी बैंक लिमिटेड शाखा कार्यालय सिमरा, बाराको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०६/१८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय सिमरा, बाराबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैँतिस**) **दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीको विवरण:

युद्ध प्रसाद नेपालको नाति, दिपक प्रसाद नेपालको छोरा, मनिला श्रेष्ठको पती बारा जिल्ला, पिपरा गा.वि.स वडा नं. ०२ स्थायी ठेगाना भई हाल बारा जिल्ला, जितपुर सिमरा उप.म.न.पा. वडा नं. १ बस्ने **गौरव कुमार नेपाल** (ना.प्र.प.नं. ३३२०८१/२६७३६ जारी मिति २०६६/०४/२५ जिल्ला प्रशासन कार्यालय बारा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. मधुसुदन उपाध्यायको नातिनी, हिरा प्रसाद उपाध्यायको छोरी दिपक प्रसाद नेपालको पत्नी बारा जिल्ला, पिपरा गा.वि.स वडा नं. ०२ स्थायी ठेगाना भई हाल बारा जिल्ला, जितपुर सिमरा उप.म.न.पा. वडा नं. १, बस्ने **ममु देवी उपाध्यायनी** (ना.प्र.प. नं. ३०/००७८ जारी मिति २०४३/०९/०९ जिल्ला प्रशासन कार्यालय बारा)।
२. लाल बहादुर श्रेष्ठको नातिनी, लक्ष्मण कुमार श्रेष्ठको छोरी गौरव कुमार नेपालको पत्नी बारा जिल्ला पिपरा गा.वि.स वडा नं. ०३ स्थायी ठेगाना भई हाल बारा जिल्ला, जितपुर सिमरा उप.म.न.पा. वडा नं. १, बस्ने **मनिला श्रेष्ठ** (ना.प्र.प.नं. ३३२०८१/२४७२९, जारी मिति २०६५/०८/०९ जिल्ला प्रशासन कार्यालय बारा)।

धितो सुरक्षणको विवरण

१. **मनिला श्रेष्ठको** नाममा मालपोत कार्यालय बारामा दर्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमारा गा.वि.स वडा नं. २/घ१ स्थित कित्ता नं. ११८५ को क्षेत्रफल ०-०-१५(वि.क.धु) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत।

कुमारी बैंक लिमिटेड

KUMARI BANK LIMITED

सबैका लागि, सबैंका लागि

शाखा कार्यालय सिमरा, बारा फोन नं. ०५३-५२१८५२

कम्पनीको नाम परिवर्तन भएको सार्वजनिक सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८०/६/१८

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता मिति २०७३/११/२२ मा दर्ता नं. १६४९५५/०७३/०७४ मा दर्ता भै संचालनमा रहेको प्रकृति एग्रो फार्मस प्रा.लि. कम्पनीको मिति २०८०/०४/२१ मा बसेको विशेष साधारणसभाको निर्णय बमोजीम कम्पनीको नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनी एग्रीकल्चर प्राउड प्रा.लि.ले सकार्ने बेहार्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरको मिति २०८०/०५/१५ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गर्ने स्वीकृति तथा अभिलेख प्रदान गरेको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

जनस्वास्थ्य तथा प्राविधिक अध्ययन स्कुल

नीलकण्ठ, ०८, धादिङ

डिप्लोमा प्रमाणपत्र तह सामान्य चिकित्सा कार्यक्रमको पूर्ण शुल्कीय तर्फका रिक्त सिटहरूमा छनौटका लागि निवेदन दिने सम्बन्धी अत्यन्त जरूरी सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/०६/१८

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको मिति २०८०/०५/२४ गते प्रकाशित सूचना अनुसार मिति २०८०/०५/०९ गते संचालित पूर्ण शुल्कीय सामान्य चिकित्सा, फार्मेसी र नर्सिङ कार्यक्रमको प्रवेश परीक्षामा बागमती प्रदेश र अन्य प्रदेश कार्यालयले मुख्य उम्मेदवारका रुपमा छनौट गरी भर्ना सिफारिस भएका परीक्षार्थीहरु मध्ये देहायका कार्यक्रमहरुमा परीक्षार्थीहरु भर्ना हुन नआई सिट रिक्त रहेको हुदाँ उक्त सम्बन्धित कार्यक्रमहरुको उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुले प्रथामिकता पाउने गरी देशभरिका उत्तीर्ण सूचिमा रहेका परीक्षार्थीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ५ दिन भित्र यस शिक्षालयमा रितपुर्वकको निवेदन दिनुहुन अनुरोध छ। साथै, उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुबाट डिप्लोमा तथा प्रमाण-पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८० को दफा २४ बमोजिम छनौट गरी भर्ना गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

क्र.स.	कार्यक्रम	रिक्त बर्ग कोटा	रिक्त सिट संख्या
१.	सामान्य चिकित्सा	खुल्ला	२५

शिक्षालय प्रमुख

नेपाल-भारत सीमा विवाद : स्टिप नक्सालाई मान्यता दिएर वर्क परमिट लागू गर्न विज्ञको सुझाव

काठमाडौं / सीमाविद्हरूले नेपाल र भारतबीचको सीमानाका व्यवस्थित गर्न सुझाव दिएका छन् । राष्ट्रिय सभाअन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय समिति बैठकमा सांसदहरूको जिज्ञासामा विज्ञहरूले नेपाल-भारत सीमा व्यवस्थापन गर्न नाकामा अभिलेख राख्नुपर्ने र भारतीयले वर्क परमिट लिनुपर्ने प्रावधान लागू गराउनुपर्ने सुझाव दिएका हुन् । सुस्ता र कालापानीबाहेक सीमा विवाद हल गरिएको डिजिटल स्टिप नक्सालाई मान्यता दिएर लागू गर्नुपर्ने उनीहरूको राय छ ।

बैठकमा नापी विभागका पूर्वमहानिर्देशक तोयनाथ बरालले सन् १९९१ देखि २००७ सम्म २६ वर्ष लगाएर दुवै देशको सहमतिमा विवादित सुस्ता र कालापानीबाहेक सिमाना यकिन गरी तयार पारिएको एक सय ८२ थान नक्सा लागू गर्नुपर्ने धारणा राखे । दुवै देशका नापी विभागबाट स्वीकृत भएको यो स्टिप नक्सालाई भारतले आफ्नो सुरक्षा बल र स्थानीय प्रशासनलाई वितरण गरेर लागू गरेको उल्लेख गर्दै बरालले नेपालले पनि मान्यता दिएर कार्यान्वयनमा लैजानुपर्ने धारणा राखे । 'बोर्डरमा हाम्रो सशस्त्र प्रहरी बल खटिएको छ । उनीहरूका कमान्डरले हाम्रो सीमा कहाँसम्म हो भनेर मलाई फोन गरिरहेका हुन्छन्, उनीहरूले नक्सा पाएनन्, सीमा यकिन नभई सशस्त्र प्रहरीले कसरी सुरक्षा गर्छ ?' उनले प्रश्न गरे, 'नक्सालाई राज्यले स्विकारेर कार्यान्वयनमा लानुपर्छ । सुरक्षा बललाई नक्सा बाँड्नुपर्छ । त्यो हेरेर सीमा सुरक्षा गर्नुहुन्छ । यो नक्सा कार्यान्वयनमा आयो भने बोर्डरमा साधारण जिपिएस लिएर हिँड्न सकिन्छ ।'

बरालले स्टिप नक्साका आधारमा सीमामा तारबार गर्न मिल्नेसमेत जिकिर गरे । स्टिप नक्सा लागू नहुँदा सीमा व्यवस्थित हुन नसकेको र राजस्व चुहावटले अर्थतन्त्रमा असर परेको उनको तर्क थियो । सुस्ता र कालापानी विवाद समाधान गर्न विशिष्ट कूटनीति चाहिने बरालले उल्लेख गरे ।

नेपाल-भारत सीमा मामिला जानकार एवं प्रबुद्ध व्यक्ति समूह (इपिजी)का सदस्य सूर्यनाथ उपाध्यायले विवादित दुई ठाउँबाहेक सीमा निर्धारण गरिएको स्टिप नक्सा अनिर्णीत अवस्थामा राखेसम्म भारतसँग झन्झट रहिरहने बताए । 'स्टिप नक्सालाई आधिकारिकता किन नदिने ? दुई ठाउँको विवाद त हाम्रो जुनीमा सायदै सुल्झेला,' उनले भने, 'अहिले त अरू नक्सा पनि के हो भन्ने नै स्पष्ट छैन । हाम्रो सिमाना यही हो भन्ने आधिकारिकता पनि छैन, सीमा रक्षा गर्न समस्या छ । सीमा रक्षा गर्न पठाएको सुरक्षाकर्मीलाई नै सीमा कुन हो भन्ने थाहा छैन, त्यसैले सुरुमा सीमा निर्क्योल गरौं ।'

पूर्वजलस्रोतसचिवसमेत रहेका उपाध्यायले नेपाल-भारत सीमामा वर्क परमिट लिने व्यवस्था गर्न पनि सुझाए । 'भारतीयहरूले वर्क परमिट लिने व्यवस्था गर्नुपर्छ । संगठित होस् वा असंगठित, वर्क परमिट लागू हुनुपर्‍यो, यहाँ आउने भारतीयसहित हरेक विदेशीको रेकर्ड राख्नुपर्‍यो, स्थानीय तह वा वडामा अभिलेख राख्नुपर्‍यो । कति समय बस्यो भन्ने पनि हेर्नुपर्‍यो । परमिट लिएर निश्चित ठाउँबाट छिर्ने र अभिलेख राख्ने बन्दोबस्त हुनुपर्‍यो । आर्थिक कारोबार परमिट लिएर गर्नुपर्‍यो,' उनले भने । नेपाली गाडी भारतमा गुड्न अनुमति नपाइने गरेको, तर भारतीय गाडीहरू सात सयको टिकट काटेर नेपालमा जुनसुकै ठाउँमा निर्वाह पुगिरहेको भन्दै यसलाई नियन्त्रण गर्नुपर्ने धारणा राखे ।

खुला सीमाका कारण अवस्था संवेदनशील बन्दै गएको भन्दै उनले सीमाबाट आवतजावत गर्ने भारतीयसहित विदेशी नागरिकको अभिलेख राख्नुपर्ने धारणा राखे । 'जबसम्म संवेदनशीलता बुझेर नेपाल-भारत आवत-जावत गर्ने अभिलेख राखिँदैन, तबसम्म समस्या आइरहन्छ । सिमानालाई जबसम्म व्यवस्थित गर्दैनौं तबसम्म नेपाललाई खतरा रहिरहन्छ,' उनले भने, 'सीमालाई व्यवस्थापनमा लानुपर्‍यो, भारतलाई भन्नुपर्‍यो । यताको जग्गा उता परेको भए टुंग्याउनुपर्छ । क्रस होल्डिङको समस्या क्षतिपूर्ति लिएर समाधान गर्न सकिन्छ । सुस्ता र कालापानीबाहेक अन्यत्रको सीमालाई पनि भद्रगोल राखिरहँदा बाह्य दबाब र प्रभाव बढ्दै जान्छ ।'

सीमानाका व्यवस्थित गर्न सर्वोच्च अदालतले परमादेश नै दिएको उल्लेख गर्दै उपाध्यायले फैसला कार्यान्वयनका लागि सरकारले कारबाही अगाडि बढाउनुपर्नेमा जोड दिए । 'हालै सर्वोच्चले सीमा व्यवस्थित गर्न परमादेश गरेको छ । यो कुरा संसद्मा सुनाउनुपर्‍यो, जनतालाई अवगत गराउनुपर्‍यो, आदेश कार्यान्वयनका लागि नाकामा बन्दोबस्त गर्नुपर्‍यो, विभिन्न नाकाबाट अवैध सामान आइरहेको छ, राजस्व उठेको छैन, तत्काल सरकारले एक्सन लिनुपर्छ । होइन भने देश झन्झन् अप्ठ्यारोमा पर्छ,' उनले भने ।

इपिजीका सदस्यसमेत रहेका उपाध्यायले परराष्ट्र मन्त्रालयमा थन्किएको प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदन नेपालले एकलौटी रूपमा सार्वजनिक गर्नुपर्ने माग गरे ।

प्रधानमन्त्री कार्यालयमै ...

पृष्ठ १ बाट क्रमशः

अध्यक्ष डा. विष्णुराज उप्रेती कार्यालयमा सचिवहरूको छिटो सरुवाले निर्णय प्रक्रिया र सेवाप्रवाहमै असर पुगेको बताउँछन् । प्रधानमन्त्री कार्यालयमा आउने सचिवहरूको मानसिकता नै आफूलाई सजाय गरेर पठाइएको भन्नेजस्तो रहेको देखिने र उनीहरूको ध्याउन्न नै राम्रो मन्त्रालय कसरी जाने भन्ने तयारी गर्नमा हुने गरेको बताउँछन् । 'यसले गर्दा काममा उहाँहरूको लगाव नै हुँदैन । सरुवा भएर गएपछि विषय बुझ्नै पाएको हुँदैन, फ्याट्ट सरुवा हुन्छ । योजना बनाउन र त्यसको कार्यान्वयन तथा निर्णय लिनै पाउनुहुन्न,' उनले भने, 'यसले अन्ततः राज्यलाई नै क्षति हुन्छ । प्रधानमन्त्री कार्यालयको 'इमेज' नै ध्वस्त भयो ।'

कार्यालयका सचिवहरूको सरुवा प्रवृत्तिको अध्ययनका क्रममा प्रतिष्ठानको अध्ययन टोलीले आर्थिक वर्ष ०७६/७७ देखि ०७९/८० को चैत मसान्तसम्मको अवधिमा सरुवा भएर आउने तथा जाने सचिवहरूको संख्यात्मक विवरण नै उल्लेख गरेको छ । प्रतिवेदनअनुसार ३ वर्ष ९ महिनाको अवधिमा कार्यालयमा ४० जना सचिव कार्यरत रहेको देखिन्छ । उक्त अवधिमा १३ जना सचिव कार्यालयबाटै अवकाश भएका छन भने १९ को सरुवा र आठजना प्रतिवेदन तयार गर्दाको बखत कार्यालयमा कार्यरत रहेको देखिन्छ ।

उच्चपदस्थ कर्मचारीको बारम्बार सरुवा र जिम्मेवारी हेरफेर गरिँदा त्यसले कार्यालयको कार्यसम्पादनमा असर पुगेको प्रतिवेदनको ठहर छ ।

'कार्यालयमा डेस्कको नेतृत्व र जिम्मेवारी लिने सचिवको सरुवा ज्यादै छोटो अवधिमा हुने गरेको पाइएकाले डेस्कहरूबाट अपेक्षाअनुरूप कार्यसम्पादन हुन नसकेको तथा कार्यालयमा कार्यरत सहसचिवलगायत अन्य कर्मचारीहरूलाई आवश्यक नेतृत्व प्रदान गरी नतिजामुखी कार्यसम्पादन गर्न नसकिएको देखिन्छ,' प्रतिवेदनमा भनिएको छ । छिटोछिटो हुने सरुवाका कारण छोटो अवधिमा डेस्कको जिम्मेवारी लिने सचिवले कार्ययोजना बनाएर उच्च मनोबलका साथ कार्यसम्पादन गर्न कठिनाइ भई कार्यसम्पादन प्रभावकारी हुन नसकेको, सरुवा भएर आउने सचिवको पदसोपानका आधारमा कार्यालयमा व्यवस्थापन गर्दा कार्यालयको आन्तरिक जिम्मेवारीमा समेत परिवर्तन हुने भएकाले यसको प्रतिकूल प्रभाव कार्यसम्पादनमा परेको, छोटो अवधिमा सरुवा हुने भएकाले डेस्कको जिम्मेवारी लिने सचिवले अन्तरमन्त्रालय तथा अन्तरनिकायगत समन्वय र अनुगमन तथा मूल्यांकन गर्न कठिनाइ भएको, प्रदेशसँग गर्नुपर्ने समन्वयकारी भूमिका राम्रोसँग निर्वाह हुन नसक्दा प्रादेशिक समन्वय नतिजामुखी बन्न नसकेकोलगायतका समस्या प्रतिवेदनले औंल्याएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा काम गर्न पाउने अवसरलाई प्रतिष्ठाको विषय ठान्ने वातावरण निर्माण गर्न प्रतिष्ठानले भनेको छ ।

स्थानीय तहमा...

पृष्ठ १ बाट क्रमशः

यो संख्या सयभन्दा कम थियो । प्रमुख प्रशासकीय अधिकृतको अभावमा स्थानीय तहमा विकास निर्माणदेखि सेवा प्रवाहसमेत प्रभावित हुँदै आइरहेका छन् । संघीय मामिला मन्त्रालयका सचिव विनोदप्रकाश सिंहले पनि सरुवा निर्णय गरिएका केही प्रमुख प्रशासकीय फिर्ता भएको बताए । 'फिर्ता भएका केहीलाई अन्य स्थानीय तहमा पठाइएको छ भने केही संघमै फर्किएका छन्,' उनले भने । यसअघि मन्त्रालयले स्थानीय तहमा प्रमुख प्रशासकीय पठाउँदा गरेको सरुवा प्रक्रियामै केही त्रुटि रहेको पनि सचिव सिंहले औंल्याए । 'पठाइएका कर्मचारी फिर्ता हुनुमा विविध कारण छन् । कतिपयमा अवधि नपुगेका, पठाउनै नमिल्ने, स्वास्थ्य समस्या भएका, सेवा अवधि कम भएका, भौगोलिक क्षेत्रअनुसार सन्तुलन नमिलेका, एकै ठाउँमा दुईजना रहेको जस्ता समस्या पनि देखिए,' उनले भने, 'अब यी सबैलाई हेरेर प्रमुख प्रशासकीय अधिकृत पठाउनुपर्छ ।'

दुर्गमका दुर्गमै, पहुँचवाला सधैं सुगममै

गत ११ साउनमा मन्त्रालयले भौगोलिक क्षेत्रको अवधि पूरा गरेका कर्मचारीलाई सरुवा गर्न निवेदन मागेको थियो । निश्चित भौगोलिक क्षेत्रमा लामो समय कार्यरत कर्मचारीलाई अर्को भौगोलिक क्षेत्रमा सरुवा गर्ने उद्देश्यले यस्तो निवेदन मागिएको थियो । मन्त्रालयका तत्कालीन सहसचिव बलराम रिज्यालको संयोजकत्वमा गठित सरुवा व्यवस्थापन कार्यदलले ३१ असारमा बुझाएको प्रतिवेदनले निरन्तर तीन वर्ष वा सोभन्दा बढी अवधि काठमाडौं उपत्यकाभित्र कार्यरत कर्मचारीलाई कार्यावधिको ज्येष्ठताका आधारमा उपत्यकाबाहिर सरुवा गर्न सिफारिस गरेको थियो । शक्ति र पहुँचका आधारमा ठूलो संख्यामा कर्मचारी सिंहदरबार र काठमाडौं उपत्यकामा रहने, तर बाहिर अभाव हुने समस्या समाधानका लागि कार्यदलले यस्तो सिफारिस गरेको थियो । त्यही सिफारिसमा टेकेर मन्त्रालयले दुर्गम क्षेत्रमा कार्यरत कर्मचारीलाई सरुवा भई आउन चाहेको सुगम क्षेत्रका कार्यालय रोजेर निवेदन दिन आह्वान गरेको थियो ।

युरोपेली मुलुकसँग...

पृष्ठ १ बाट क्रमशः

आवेदन दिएका युवाहरूसँग अन्तर्वार्ता लिएर छनोट गरी पठाउन सक्नेछन् । नेपाल सरकारले रोमानिया जाने नेपाली श्रमिकका लागि मासिक सात सय युरो प्रस्ताव गरेको श्रम मन्त्रालयका रोजगार व्यवस्थापन महाशाखा प्रमुख पोखरेलले बताए । तर, अन्य सेवा-सुविधाको विषयमा भने श्रम सम्झौतामा नेपालले प्रस्ताव नगर्ने उनले बताए । 'यो श्रम सम्झौता अत्यन्तै प्रारम्भिक हो । त्यसैले यसमा सबै कुरा समेटिएको छैन । काम गर्दै जाँदा पछि समस्या पनि देखिँदै जालान् । त्यसपछि श्रम सम्झौता नवीकरण गर्दा ती समस्यालाई सम्बोधन हुने सर्त राख्न सकिनेछ,' उनले भने । त्यस्तै, रोमानिया सरकारले रोमानिया श्रम कानुनबमोजिम नेपाली श्रमिकलाई पनि सेवा-सुविधा दिने प्रतिबद्धता जनाएको उनले बताए ।

राम्रो आचरणका...

पृष्ठ १ बाट क्रमशः

भएको हो । मंगलबारको मन्त्रिपरिषद् बैठकले मापदण्ड पुगेका कैदीलाई प्यारोलमा राख्न सम्बन्धित कारागारकै प्रशासकलाई प्यारोल अधिकृत तोक्ने निर्णय गरेको छ । उनले भने, 'मापदण्ड पुगेका कैदीलाई सुपरिवेक्षणमा कारागारबाट छाड्ने कानुनी व्यवस्था छ । सर्वोच्चले पनि त्यस्ता कैदीलाई सुपरिवेक्षणमा छाड्न आदेश गरेको थियो । तर, त्यो कार्यान्वयनमा आउन सकेको थिएन । मंगलबार यस सम्बन्धमा मन्त्रिपरिषद् बैठकले निर्णय गऱ्यो,' कारागार व्यवस्थापन विभागका महानिर्देशक काशीराज दाहालले भने, 'निर्णयअनुसार प्यारोल अधिकृत सम्बन्धित कारागारका प्रशासकलाई नै तोक्ने भनेको छ । अब सोहीअनुसार कारबाही हुन्छ । र, प्यारोल सुविधा कार्यान्वयनमा आउँछ ।'

मन्त्रिपरिषद्को निर्णयअनुसार कैदीलाई प्यारोलमा राख्ने सर्वोच्चको आदेश १ कात्तिकबाटै कार्यान्वयनमा आउनेछ । त्यसअघि मन्त्रिपरिषद्को निर्णय राजपत्रमा प्रकाशित गरिनेछ, प्यारोल अधिकृत तोकिनेछ र सम्बन्धित अदालतको आदेशमा मापदण्ड पुगेका कैदीलाई प्यारोलमा राखिनेछ ।

विभागका प्रवक्ता कमलप्रसाद पाण्डेले मन्त्रिपरिषद्को निर्णय राजपत्रमा प्रकाशन भएलगत्तै अधिकृत तोक्ने र कैदीलाई प्यारोलमा पठाउने कार्य हुने बताए । 'आगामी १ कात्तिकदेखि नै लागू हुने गरी सम्बन्धित कारागारको प्रशासकीय अधिकृत तोक्ने निर्णय भएको छ । सोहीअनुसार कारबाही अघि बढाउन अब राजपत्रमा सूचना प्रकाशन हुन्छ । त्यसपछि अधिकृत तोकिनेछ र मापदण्ड पुगेका कैदीलाई प्यारोलमा राख्ने कार्य लगत्तै प्रारम्भ हुनेछ ।'

सर्वोच्चले २ मंसिर ०७८ मा मापदण्ड पूरा गरेका कैदीलाई प्राबेसन वा प्यारोलमा राख्न आवश्यक संरचना र त्यसका लागि आवश्यक बजेट तीन महिनाभित्र विनियोजन गर्न सरकारका नाममा आदेश गरेको थियो । साथै, सर्वोच्चले मातहतका सबै अदालतमा १५ दिनभित्र प्रोबेसन वा प्यारोल अधिकृत तोक्न पनि आदेश गरेको थियो । तर, तीन वर्ष बितिसक्दा पनि सरकारले सर्वोच्चको दुबै आदेश कार्यान्वयन गर्न सकेको थिएन ।

कैदीलाई प्यारोलमा राख्ने सम्बन्धमा प्यारोल बोर्ड गठन गर्ने कानुनी प्रावधान छ । कानुनअनुसार बोर्डको संयोजक महान्यायाधिवक्ता रहन्छन् भने सदस्यसचिव विभागको महानिर्देशक हुने व्यवस्था छ । सोही बोर्डले मापदण्ड पुगेका कैदीलाई प्यारोलमा राख्ने निर्णय गरेको थियो । निर्णय सदर गर्न बोर्डले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा प्रस्ताव लिएर गएको थियो । सोही प्रस्ताव मन्त्रालयले सदरार्थ मन्त्रिपरिषद् बैठकमा लगेको थियो ।

कार्यविधि नबन्दा मापदण्ड पूरा गरेका कैदीलाई खुला कारागारमा राख्ने, सामुदायिक सेवामा परिचालन गर्ने, पारिवारिक मिलान गराउने, सुधारगृहमा पठाउन सकिने, पुनर्स्थापना केन्द्रमा पठाउन सक्नेजस्ता कानुनले दिएका सुविधा कार्यान्वयनमा आउन सकेका छैनन् । त्योसँगै कानुनले मापदण्ड पूरा गरेका कैदीबन्दीलाई सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद सजाय भुक्तान गर्न सक्ने, कैदबापत शारीरिक श्रममा लगाउन सक्ने, कारागारबाहिर जान सक्ने, कैदकट्टा हुन सक्ने सुविधा पनि दिएको छ । कार्यविधि नबन्दा कानुनका यी व्यवस्था पनि कार्यान्वयनमा आउन सकेका छैनन् ।

सामाजिक असहिष्णुता...

पृष्ठ १ बाट क्रमशः

हिंसाका घटना बढ्दै जाँदा सेनालाई पनि खटाउनुपर्ने भएकाले उच्च सतर्क अवस्थामा रहन प्रधानमन्त्रीले निर्देशन दिएका छन् । बैठकमा सम्भावित अवस्थालाई हेरेर सबै तयारी अवलम्बन गर्ने विषयमा छलफल भएको छ । 'पछिल्ला केही दिनमा देशका केही स्थानहरूमा धार्मिक, साम्प्रदायिक असहिष्णुता बढाउने प्रकृति भएका गतिविधिहरू, विभिन्न प्रदेशको सुरक्षा स्थिति, बढ्दो सामाजिक सञ्जालको दुरुपयोगलगायतका राष्ट्रिय सुरक्षासँग सम्बन्धित विषय र घटनाहरू तथा त्यसको समाधान र न्यूनीकरणका लागि अपनाउनुपर्ने भावी रणनीतिसम्बन्धी छलफल भयो,' परिषद्को विज्ञप्तिमा भनिएको छ । परिषद्को ३१औं बैठकमा विभिन्न प्रदेशको सुरक्षा स्थिति, बढ्दो सामाजिक सञ्जालको दुरुपयोगलगायतका राष्ट्रिय सुरक्षासँग सम्बन्धित विषय र घटनाबारे छलफल भएको थियो ।

मोटरसाइकल हरायो

मिति २०८०/५/२९ गते अं. २०:०० बजेको समयमा का.जि. गोकर्णेश्वर न.पा.-६, नयाँबस्ती सर्वेश्वर मन्दिर नजिक घर अगाडी पार्किङबाट मेरो निम्न व्यहोरा भएको Gun Grey रंगको 346CC रोयल ईन्फिल्ड मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : साहिल तामाङ
मो.सा.नं.: बा. प्र. ०२-०४२ प ८९३८
चेसिस न. : ME3U3S5C1PB000010
इन्जिन न. : U3S5C1PA336263
सम्पर्क न. : 9828148972

सर्टिफिकेट हरायो

मिति २०८०/४/५ गते शंकरदेव देखि रत्नपार्कसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको शंकरदेव क्याम्पस २०७२ व्याजका स्नातकोत्तरको प्रोभिजन र ओरिजिनल सर्टिफिकेट हराएकोले भेटाउनुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाईदिनुहुन अनुरोध छ ।

नाम : सविना शाह
रजिस्ट्रेसन नं.: ७-२-५३०-८१-२०१२
सम्पर्क : ९८६६२६७५१७

Government of Sudur Pashchim Province
Ministry of Social Development
Province Health Logistic Management Center
Dhangadhi, Kailali Nepal

Notice For Bid Submission Date Extension

Date of publication: 2080/06/18 (Oct 05, 2023)

This notice has been published to inform all the concerned. In reference to Invitation for electronic bid, ***IFB No:- PHLMCSP/G/NCB-2.1/2080-081,The procurement, Supply & Delivery of Laboratory Equipments (Package-1)*** notice published on ***2080/05/19 (Sept 05,2023)*** the time deadline for submission of this bid has been extended as per below: Interested Eligible Bidders may obtain further information and inspect the bidding document Addendum at PPMO eGP system ***www.bolpatra.gov.np/egp.***
For more Information: Telephone +977-091-524982, ***email: phlmcsp@gmail.com***

Earlier Date of bid submission and Open	*Extended Date of Bid submission and Open*
2080/06/18 (Oct 05, 2023)	**2080/06/29 (Oct 16, 2023)**

Acting Director

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९०७/०८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, पर्सा वीरगंजमा घ. तथा सा.उ.का.प्रा.फ.पर्सा नं. ४९२६/०६६/६७ अन्तर्गत मिति २०६७/०२/१० मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ स्थित **ओम इलेक्ट्रीक वर्कसप** प्रोप्राईटर तथा जमानीकर्ता: राजेश्वर साह तेली

धितोको विवरण

१) ताराचन साह तेलीकी छोरी, जगरनाथ साह तेलीकी बुहारी, राजेश्वर साह तेलीकी पत्नी, पर्सा जिल्ला, हरपतगंज गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १३ बस्ने पुनम देवी साह तेलीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगातमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १६ (हाल वीरगंज म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. ८६० र ७५९ को क्षेत्रफल क्रमशः ०.००५४ र ०.००५५ (व.मी.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) ओम इलेक्ट्रीक वर्कसपको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) राजेश्वर साह तेली स्थायी ठेगाना : पर्सा जिल्ला, हरपतगंज गा.वि.स. वडा नं. २ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १३ बाबु : जगरनाथ साह तेली बाजे : भविकन साह तेली	२) पुनम देवी साह तेली स्थायी ठेगाना : पर्सा जिल्ला, हरपतगंज गा.वि.स. वडा नं. २ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १३ बाबु : ताराचन साह तेली ससुरा : जगरनाथ साह तेली पति : राजेश्वर साह तेली

	ऋणीको विवरण
२)	नेपाल सरकार, घरेलु तथा साना उद्योग विभाग, उद्योग विकाश शाखा, भरतपुर, लहान, सिरहामा, सा.फ.प्रा.फ.न.घ.उ.सि. ८२१५/०७४/०७५ स्थानिय व्यापार, अन्तर्गत मिति २०७५/०१/२१ मा साझेदारी ऐन, २०२० बमोजिम दर्ता भएको सिरहा जिल्ला, मल्हनिया खोरी गा.वि.स., वडा नं. २ (हाल सिरहा जिल्ला, मिर्चैया न.पा., वडा नं. २) स्थित **आनन्द एण्ड इुगेन्द्र मेटल उद्योग** प्रोप्राईटर तथा जमानतकर्ता: शिव शंकर साह प्रोप्राईटर तथा जमानतकर्ता: सुरेश कुमार साह

धितोको विवरण

१) विजुलीको नाति, महाविरको छोरा, सिरहा जिल्ला, रामपुर गा.प. वडा नं. ३ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा., वडा नं. २ बस्ने विल्दु साह तेलीको नाममा मालपोत कार्यालय सिराहाको लगातमा दर्ता कायम रहेको, सिराहा जिल्ला, मल्हनिया खोरी गा.वि.स., वडा नं. २ क (हाल मिर्चैया न.पा., वडा नं. २) स्थित कित्ता नं.३२३९ को क्षेत्रफल ०-१-१२-१ (विगाहा)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) देव नारायण साहकी छोरी, विल्दु साह तेलीकी बुहारी, सुरेश कुमार साहकी पत्नी, सिरहा जिल्ला, मल्हनिया खोरी गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा., वडा नं. २ बस्ने रत्न कला देवी साहको नाममा मालपोत कार्यालय सिराहाको लगातमा दर्ता कायम रहेको, सिरहा जिल्ला, मल्हनिया खोरी गा.वि.स., वडा नं. २ क (हाल मिर्चैया न.पा., वडा नं. २) स्थित कित्ता नं. ३२४०को क्षेत्रफल ०-०-१४-१२ (विगाहा)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
३) सवारी मोडल: MAHINDRA & MAHINDRA BOLERO CPR SC XL FB PS 2WD BS4 | च्यासिस नं.: MA1ZN2TBKK1G59202 | ईन्जिन नं.: TBK1G66101 | सवारी दर्ता नं.: प्रदेश नं. २-०१-००१ च ००२०
४) आनन्द एण्ड इुगेन्द्र मेटल उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) शिव शंकर साह स्थायी ठेगाना : सप्तरी जिल्ला, नरहा गा.वि.स. वडा नं. २ हालको ठेगाना : सप्तरी जिल्ला, डाफनेश्वरी न.पा. वडा नं. ३ बाबु : छोटेलाल साह बाजे : देबु साह	२) सुरेश कुमार साह स्थायी ठेगाना : सिरहा जिल्ला, मल्हनिया खोरी गा.वि.स., वडा नं. ३ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा., वडा नं. २ बाबु : विल्दु साह तेली बाजे : महाविर	३) राम बिचारी तेली स्थायी ठेगाना : सिरहा जिल्ला, रामपुर गा.प. वडा नं. ३ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा., वडा नं. २ बाबु : दर्बी ससुरा : महाविर पति : विल्दु साह तेली
४) रत्न कला देवी साह स्थायी ठेगाना : सिरहा जिल्ला, मल्हनिया खोरी गा.वि.स., वडा नं. ३ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा., वडा नं. ५ बाबु : देव नारायण साह ससुरा : विल्दु साह तेली पति : सुरेश कुमार साह	५) सावित्रि कुमारी साह स्थायी ठेगाना : सप्तरी जिल्ला, नरही गा.वि.स. वडा नं. २ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा., वडा नं. २ बाबु : राम गुलाम साह ससुरा : छोटेलाल साह पति : शिव शंकर साह	६) विल्दु साह तेली स्थायी ठेगाना : सिरहा जिल्ला, रामपुर गा.प. वडा नं. ३ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा., वडा नं. २ बाबु : महाविर बाजे : जंगी साह

	ऋणीको विवरण
३)	मधेश प्रदेश सरकार, उद्योग, पर्यटन, वन मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय रौतहट, गौरमा उद्योग दर्ता नं. २३५२/२१८ अन्तर्गत मिति २०६२/०३/२६ मा औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५ तथा औद्योगिक व्यवसाय नियमावली, २०७६ को नियम ४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, कठहरिया गा.वि.स. वडा नं. ५ स्थित **गणेश च्यूरा मिल** प्रोप्राईटर तथा जमानीकर्ता : बिन्देश्वरी साह तेली

धितोको विवरण

१) झुवु सा तेलीको नाती, महेन्द्र सा तेलीको छोरा, बारा जिल्ला, श्रीनगर बैरीया गा.वि.स. वडा नं. ७ बस्ने बिन्देश्वरी साह तेलीको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, कठहरिया गा.वि.स. वडा नं. ९ क (हाल कठहरिया न.पा. वडा नं. ५) स्थित कित्ता नं. २९२ को क्षेत्रफल ०-५-२-०

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार १८ असोज ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

१९औँ एसियाड

नेपालको कम्तीमा कांस्य पदक पक्का

पहिलोपटक सहभागी भएको महिला कबड्डीले कांस्य पक्का गरेको छ, सेमिफाइनलमा बलियो भारतलाई हराए स्वर्ण पदकका लागि खेल्ने

हाङझाउमा **श्रीलोचन राजोपाध्याय**
तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

१९औँ एसियन खेलकुद प्रतियोगिता (एसियाड) मा नेपालले कम्तीमा कांस्य पदक पक्का गरेको छ। नेपाली महिला कबड्डी टोली सेमिफाइनलमा प्रवेश गर्दै कम्तीमा कांस्य पदक निश्चित गरेको हो। प्रतियोतिगाअन्तर्गत बुधबार साबिकको स्वर्ण पदक विजेता इरानले बंगलादेशलाई समूह चरणमा हराएसँगै नेपालको पदक निश्चित भएको हो। इरानले एकपक्षीय खेलमा बंगलादेशलाई ५४-१६ ले पाखा लगायो।

आगामी शुक्रबार फाइनल प्रवेशका लागि नेपालले भारतसँग प्रतिस्पर्धा गर्ने भएको छ। नेपाल समूह 'बी'को उपविजेता रूपमा सेमिफाइनल प्रवेश गरेको हो। भारत समूह 'ए'को विजेता हो। नेपाल भारतसँग पराजित हुँदा पनि कांस्य पदक निश्चित छ। प्रतियोगिताको नियमअनुसार सेमिफाइनलिस्ट टोलीलाई संयुक्त रूपमा कांस्य पदक दिइनेछ।

पाँच वर्षअघि नेपाल र भारतबीच १३औँ एसियन खेलकुद प्रतियोगिता (साग)मा स्वर्ण पदकका लागि प्रतिस्पर्धा भएको थियो। घरेलु कोर्टमा नेपाल भारतसँग एकपक्षीय खेलमा ५०-१३ ले निराश भएको थियो। पाँच वर्षपछि पुनः महत्त्वपूर्ण भिडन्तमा भारत र नेपालबीच खेल हुन लागेको हो।

समूह 'ए'मा भारत, चाइनिज ताइपेई, दक्षिण कोरिया र थाइल्यान्ड रहे। नेपालको समूह 'बी'मा इरान र बंगलादेश रहेका थिए। नेपालले पहिलो खेलमा बंगलादेशलाई ३७-२४ ले पराजित गरेको थियो। दोस्रो खेलमा इरानले नेपालमाथि ४३-१९ ले जित हात पारेको थियो। बंगलादेश दुईवटै खेलमा पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको छ।

डेब्यु एसियाडमै पदक

नेपाली महिला कबड्डी टोलीले पहिलोपटक एसियाडमा सहभागिता जनाएको हो। डेब्यु एसियाडमै एक खेल जित्दै कांस्य पदकको एकदम नजिक पुगेको छ। 'हामीलाई डेब्यु सहभागितामै पदक जित्न अवसर पाउँदा निकै खुसी लागेको छ,' नेपाली टोलीका प्रशिक्षक विष्णुदत्त भट्टले भने, 'कम्तीमा यस खेलमा नेपाल खाली हात फर्कनुपर्ने अवस्था आएन।' उनले सेमिफाइनलमा विपक्षी टोलीलाई चुनौती दिने बताए।

'हामी फाइनल प्रवेशका लागि प्रयास गर्छौं,' उनले भने। एसियाडमा नेपालबाट सहभागी २९ खेलमध्ये पदकको आशा गरिएको मार्सल आर्टस् खेलहरू तेक्वान्दो, बक्सिङ, उसु र जुडोलगायतका खेलाडी पदकविहीन बनेका छन्। पुरुष क्रिकेटको सम्भावना पनि भारतसँग क्वार्टरफाइनलमा पराजित भएसँगै सकिएको थियो। नेपालले अब कराँते, डान्सिङ र कुस्तीका खेल खेल्न बाँकी छ।

नेपाली महिला कबड्डी टोली

मेनुका राजवंशी (कप्तान), अनुजा राई, जयन्ती बडू, गंगा घिमिरे, रविना चौधरी, अर्पना चौधरी, सिर्जनाकुमारी थारू, कलावती पन्त, ईशा राई, सुनीता थापा, नितु गुरुङ र मनमती विष्ट।



पदक तालिका

देश	स्वर्ण	रजत	कांस्य	जम्मा
चीन	१७१	९४	५१	३१६
जापान	३७	५१	५९	१४७
द. कोरिया	३३	४५	७०	१४८
भारत	१८	३१	३२	८१
उज्वेकिस्तान	१६	१७	२२	५४
चाइनिज ताइपेई	१२	१४	२०	४६
थाइल्यान्ड	१०	१२	२४	४६
उ. कोरिया	९	११	८	२८
बहराइन	९	१	५	१५
हङकङ	७	१५	२८	५०

रसिला प्रिक्वार्टरफाइनलमै सीमित

एसियाडअन्तर्गत ब्याडमिन्टनको महिला एकलतर्फ नेपालकी रसिला महर्जनको यात्रा प्रिक्वार्टरफाइनलमै सीमित भएको छ। रसिला बुधबार चीनकी बिङजिओ हेसँग २-० को सोझो सेटमा पराजित भइन्। १८ मिनेट चलेको खेल रसिलाले १०-२१ र ४-२१ ले गुमाएकी हुन्। उनले मंगलबार अन्तिम ३२ मा मंगोलियाकी म्याग्मार्टसेरेन गन्बाटारविरुद्ध २-० को सोझो सेटको जित निकालेकी थिइन्। यसैगरी, मिक्स डबल्समा विष्णु कटुवाल र नङसलदेवी तामाङ अन्तिम १६ मै रोकिए। दुवै खेलाडी चीनका सिवी झा र याकिओङ हुवाङको जोडीसँग २-० कै सोझो सेटमा पराजित भएका हुन्।२२ मिनेट चलेको खेलमा विष्णु र नङसल ४-२१ र ७-२१ ले पराजित भएका छन्। यो जोडी मंगोलियाका जोल्जाय मुन्खुबाटर र खेर्लेन डार्खानबाटरको जोडीलाई २१-१६ र २१-७ ले हराउँदै प्रिक्वार्टरफाइनलमा पुगेको थियो।

४९ वर्षपछि सिंगापुरलाई स्वर्ण

एसियाडमा सिंगापुरले ४९ वर्षपछि स्वर्ण पदक जितेको छ। दुई सय मिटर महिला फाइनलमा शान्ति पेरेरियाले २३.०९ सेकेन्डमा दौड पूरा गरी सिंगापुरलाई स्वर्ण पदक दिलाएकी हुन्। २७ वर्षीया शान्तिले एक दिनअघि पनि सिंगापुरलाई सय मिटर दौडमा रजत दिलाएकी थिइन्। शान्तिले स्वर्ण जितेको स्पर्धामा चीनकी ली युटिन दोस्रो र बहराइनकी ओडिओङ तेस्रो भएका थिए। शान्तिले दुई सय मिटरको अन्तिम क्षणमा पदक जितेको पक्का भएको थाहा पाएको बताएकी छिन्। 'जब मैले लास्ट ल्याप लिएँ, त्यसवेला देशका लागि स्वर्ण पदक पक्का भएको थाहा पाइसकेकी थिएँ,' उनले भनिन्, 'यो क्षणको बयान गर्न शब्द नै छैन,' उनले भनिन् 'सिंगापुरको एथलेटिक्स इतिहासमा मेरो नाममा अब स्वर्ण पदक रह्यो, एसियाडमा हामीले स्वर्ण जित्न ४९ वर्ष लाग्यो।' सन् १९७४ मा ची स्वि लीले महिला चार सय मिटर दौडमा सिंगापुरलाई पहिलो स्वर्ण दिलाएकी थिइन्। यो इरानको तेहरानमा भएको थियो।

एथलेटिक्समा पार्कीको समय सुधार

एथलेटिक्सको पुरुष ५ हजार मिटर दौडमा नेपालका गोपीचन्द्र पार्कीले आफ्नो व्यक्तिगत समयमा सुधार गरेका छन्। हाङझाउ ओलम्पिक स्पोर्टस् सेन्टर स्टेडियममा पार्कीले निर्धारित दूरी १४ मिनेट २२.१५ सेकेन्डमा पूरा गरेका हुन्। यसअघि पार्कीको व्यक्तिगत उत्कृष्ट टाइमिङ १४ मिनेट ५४.२० सेकेन्ड रहेको थियो। यो समय उनले नेपालमा भएको १३औँ दक्षिण एसियाली खेलकुदमा बनाएका थिए। १३औँ सागमा उनले सो समयमा दौड पूरा गर्दै स्वर्ण जितेका थिए। विभिन्न राष्ट्रका १८ धावक दौडेको दौडमा पार्की समग्रमा ११औँ स्थानमा रहे। २० जनाले नाम दर्ता गराए पनि इरान र थाइल्यान्डका खेलाडी दौडमा सहभागी भएनन्।

बहराइनका यमाताउ बलेउ बिरहानुले एसियन गेम्सको नयाँ कीर्तिमान बनाउँदै स्वर्ण जिते। उनले निर्धारित दूरी पूरा गर्न १३ मिनेट १७.४० सेकेन्ड समय खर्चे। उनले २०१४ को इन्चोन एसियाडमा कतारका मोहम्मद अलगार्नीले बनाएको १३ मिनेट २६.१३ सेकेन्डको एसियन गेम्सको कीर्तिमान भंग गरेका हुन्। भारतका मुकुन्द साब्ले १३ मिनेट २१.०९ सेकेन्ड समयका साथ दोस्रो तथा बहराइनका फिकादु अद्यासु दावित १३ मिनेट २५.६३ सेकेन्ड समयका साथ तेस्रो भए। नेपालका राजन रोकाया र पुष्पा भण्डारीले बिहीबार म्याराथनमा प्रतिस्पर्धा गर्नेछन्।



महिला भलिबलमा नेपाल भारतसँग पराजित



महिला भलिबलमा नेपाल भारतसँग ३-१ को सेटमा पराजित भएको छ। समूह चरणबाट बाहिरिएका टोलीहरूमध्ये नेपाल र भारत एक समूहमा थिए। एसियाडमा महिला भलिबलमा १३ टोली सहभागी भएकोमा नेपाल समूहको दुवै खेलमा भियतनाम र दक्षिण कोरियासँग पराजित भएको थियो। शीर्ष आठबाहेकका बाँकी स्थान छुट्याउन का लागि खेल हुने हुँदा नेपाली महिला टोलीले एसियाडमा थप खेल खेल्ने अवसर पाएको हो।

भारतसँग पराजित नेपालले अब ९-१२औँ स्थानको क्लासिफिकेसनका लागि अझै दुई खेल खेल्नेछ। नेपालले अर्को खेल हङकङसँग खेल्नेछ। हङकङलाई पराजित गरेमा नेपालले नवौँ स्थानका लागि खेल खेल्नेछ। यसमा पराजित भए नेपाल ११औँ स्थानका लागि अन्तिम खेल खेल्नेछ।

नर्मल युनिभर्सिटी कान्क्विन जिम्न्यासियममा नेपालले सुरुदेखि नै भारतविरुद्ध उत्कृष्ट प्रदर्शन गरेको थियो। तर, आफ्नै सामान्य गल्तीमा र निर्णायक क्षणमा चुक्दा नेपाल पराजित भयो।

पहिलो सेटमा नेपालले अग्रता लिए पनि २३-२३ को बराबरीपछि भारतले दुई अंक जोड्दै सेट आफ्नो पक्षमा पाऱ्यो। दोस्रो सेट नेपालले २८-२६ ले जित्दै खेल १-१ को बराबरी गऱ्यो। तेस्रो सेटमा नेपालले सुरुवातदेखि नै भारतमाथि अग्रता लियो। नेपाल कुनै समयमा २०-१५ को बलियो स्थितिमा थियो। नेपालले त्यसलाई कायम राख्न सकेन। भारतले २०-२० को बराबरी गर्दै सेट २५-२३ ले जित्दै २-१ को अग्रता बनायो। चौथो सेटमा पनि नेपालले भारतलाई टक्कर दिएको थियो। यस सेटमा नेपालले अनावश्यक गल्तीका कारण हारको सामना गऱ्यो।

कराँते आजदेखि
विश्व च्याम्पियनसिपपछि एसियाडमा नजर



१९औँ एसियन खेलकुद प्रतियोगिता (एसियाड) मा बिहीबारदेखि कराँते इभेन्ट सुरु हुँदै छ। राष्ट्रिय खेलकुद परिषद्को पदक जित्ने सम्भावित खेलमा कराँते पनि रहेको छ। यसअघि तेक्वान्दो र बक्सिङबाट पदकको आशा गरिएको थियो। ती खेलका खेलाडी क्वार्टरफाइनलभन्दा अगाडि बढ्न सकेनन्। धेरैजसो खेलाडी पहिलो बाउट वा पहिलो चरणबाटै बाहिरिएका थिए। मार्सल आर्टस् विधामा अब पदकको आशा कराँतेमा छ।

सन् २०१४ मा दक्षिण कोरियाको इन्चोन सहरमा भएको एसियाडमा कराँतेले नै नेपाललाई पदकविहीन हुनबाट जोगाएको थियो। यद्यपि, १९औँ एसियाडमा भने नेपाल पदकविहीन नहुने पक्का भइसकेको छ। बुधबार नेपाली महिला कबड्डी टोली सेमिफाइनलमा प्रवेश गरेसँगै नेपालको पदक पक्का भएको हो। प्रतियोगिताको नियमअनुसार सेमिफाइनलमा पुग्ने चारै टोली पदक हुनुपर्ने अवस्था छैन। दुई सेमिफाइनलिस्टले संयुक्त रूपमा कांस्य पदक हात पार्नेछन्।

कबड्डीले अनपेक्षित रूपमा दिलाएको पदकमाथि नै कराँतेले संख्या थप्ने योजना छ। गत वर्षको १५ चैतदेखि नै कराँतेले प्रशिक्षण थालेको थियो। सुरुमा ४८ जना खेलाडीलाई छनोट गरियो। त्यसपछि हाङझाउ एसियाडका लागि नेपाल कराँते महासंघले अन्तिम आठ खेलाडीलाई छनोट गरेको हो। महासंघले यी आठ खेलाडीलाई एसियाडको तयारीमा राख्यो।

विश्व च्याम्पियनसिपको अनुभव

नेपालबाट सन्तोष श्रेष्ठले ६७ केजीमुनिको तौलसमूह, मोहम्मद शेख आलमले ७५ केजी मुनिको तौलसमूह, विप्लवलाल श्रेष्ठले ८४ केजीमाथिको तौलसमूह र स्वर्णिम मानन्धरले एकल कातामा नेपालको चुनौती पेस गर्नेछन्। यसैगरी, सविना श्रेष्ठले ५० केजीमुनिको तौलसमूह, निरूपा तामाङले ६१ केजीमुनिको तौलसमूह, एरिका गुरुङले ६८ केजीमाथिको तौलसमूह र एलिसा रास्कोटी मगरले एकल कातामा नेपालका लागि खेल्नेछन्। हाङझाउमा उत्रनुअघि खेलाडीहरूले इन्डोनेसियामा भएको विश्व च्याम्पियनसिपमा सहभागिता जनाएका थिए, जहाँ नेपालले पदक हात पारेको थियो। इन्डोनेसियाको प्रदर्शन र त्यहाँ भएको क्लोज क्याम्पका कारण कराँतेमा पदकको सम्भावना रहेको प्रशिक्षक कुशल श्रेष्ठले नयाँ पत्रिकालाई बताएका छन्।

'हाङझाउ एसियाडका लागि हामी विश्व च्याम्पियनसिप खेलेर आएका हौँ, हाम्रो तयारी राम्रो छ,' प्रशिक्षक श्रेष्ठले भने, 'यहाँ नेपाल कराँतेमा पदकनजिक छ।' नेपालले कराँतेमा ६ जना कुमुते र दुईजना कातामा प्रतिस्पर्धा गर्नेछन्। यद्यपि, नेपालको पदक जित्ने अभियानमा विश्वका बलिया राष्ट्र जापान, इरान, काजकिस्तान र चीनजस्ता खेलाडीविरुद्ध खेल्नुपर्ने हुन्छ। बुधबार निकालिएको ड्रअनुसार नेपालका खेलाडीले उनीहरूविरुद्ध खेल्नुपर्छ। कातामा नेपालको पोलमै जापान रहेको छ। यद्यपि, नेपाली खेलाडीले विश्वस्तरका काताका खेलाडीहरूलाई चुनौती दिन सक्ने प्रशिक्षक श्रेष्ठको भनाइ छ। 'हाम्रो पोलमा जापानजस्तो बलियो राष्ट्र रहेको छ, यद्यपि हामी उनीहरूलाई चुनौती दिन सक्छौं,' आत्मविश्वासी श्रेष्ठले भने।

कुमुतेमा आशा

नेपाल कराँते महासंघले काताभन्दा पनि कुमुते (फाइट) स्पर्धामा पदकको आशा गरेको छ। इन्डोनेसियामा भएको डब्लुएसकेएफ वर्ल्ड च्याम्पियनसिपमा नेपाली खेलाडीको प्रदर्शन र त्यहाँ नै भएको प्रशिक्षणपछि एसियाडमा कराँतेले पदकको आशा गरेको हो। कुनै समय अन्तर्राष्ट्रियस्तरमा राम्रो नतिजा र प्रदर्शन गरिरहेको कराँते पछिल्लो समय निरन्तर ओरालो झर्दै आएको थियो। कराँते महासंघमा नयाँ नेतृत्वको आगमनसँगै कराँते पुरानै लय र गतिमा फर्कने विश्वास छ।

नेम्वाङले साधारणसभामा अविश्वास प्रस्ताव सामना गर्ने

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा) अध्यक्ष पंकजविक्रम नेम्वाङले आफूविरुद्ध दर्ता भएको अविश्वास प्रस्ताव २३ कात्तिकमा हेर्टौंडामा हुने साधारणसभामा सामना गर्ने भएका छन्। बुधबार बसेको एन्फाको आपत्कालीन बैठकबाट ४० प्रतिशत सदस्यले नेतृत्वविरुद्ध दिएको अविश्वासको प्रस्ताव विधानसम्मत रहेको जनाउँदै विशेष साधारणसभामा पेस गर्ने निर्णय भएको छ।

सातदोबाटोस्थित एन्फा मुख्यालयमा बसेको एन्फाको बैठक विवादमुक्त भने रहन सकेन। बिहान ११ बजे बोलाइएको बैठक २१ सदस्यीय कार्यसमितिका ११ सदस्यले बहिष्कार गरेपछि साढे ४ बजेपछि मात्रै सुरु भयो। अपराह्न ४ बजे सदस्य मनीष जोशी उपस्थित भएपछि संस्थापन पक्षले बैठक अगाडि बढाएको थियो। बिहानदेखि ४ बजेसम्म संस्थापनइतर पक्षलाई बहुमत पुऱ्याउन साथ दिएका जोशी अन्तिममा एन्फा मुख्यालय सुटुक्क पुगेर संस्थापन पक्षमा खुलेका थिए।

सोही बैठकबाट नेम्वाङले ८६ साधारणसभाका सदस्यमध्ये ४९ सदस्यले २५ भदौमा बुझाएको अविश्वास प्रस्ताव सामना गर्ने निर्णय गरेका हुन्। यद्यपि, ४९ सदस्यले महासचिव राईविरुद्ध पनि बर्खास्तीको प्रस्ताव दर्ता गराएका थिए। पहिलोपटक एन्फामा अध्यक्षविरुद्ध अविश्वासको प्रस्ताव दर्ता भएको हो। आपत्कालीन बैठकले महासचिवको बर्खास्ती निर्णय अध्यक्षको प्रस्तावमा मात्रै कार्यसमितिले निर्णय गर्ने अधिकार रहेको ठहर गरेको छ। साथै, महासचिवको बर्खास्ती प्रस्ताव साधारणसभामा पेस हुँदा संघको विधान उल्लंघन हुने दाबी गरेको छ।



'४० प्रतिशत सदस्यले अध्यक्ष र महासचिवको बर्खास्तीको प्रस्तावउपर छलफल गर्दा सदस्य संस्थाहरूको मागबमोजिम हेर्टौंडामा विशेष साधारणसभा आयोजना गरी एक मात्र विषय सूची अध्यक्षको बर्खास्ती सम्बन्धमा निर्णयार्थ पेस गर्ने निर्णय भएको छ,' एन्फाको निर्णयमा भनिएको छ। 'महासचिव किरण राईको बर्खास्तीको प्रस्तावका सम्बन्धमा एन्फाको विधानअनुरूप महासचिवको नियुक्ति र बर्खास्तीको सम्बन्धमा अध्यक्षको प्रस्तावमा मात्र कार्यसमितिले निर्णय गर्ने अधिकार क्षेत्रभित्र पर्ने भएको हुँदा महासचिवको बर्खास्तीको प्रस्ताव पेस हुँदा संघको विधान उल्लंघन हुने भएकाले उक्त प्रस्तावलाई विशेष साधारणसभामा प्रस्तुत नगर्ने निर्णय भएको छ,' एन्फाले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

यसअघि बैठकका लागि बिहान ११ बजे २१ सदस्यीय कार्यसमितिका १० जना एन्फा मुख्यालयमा उपस्थित भएका थिए। तर, बहुमतका लागि एक सदस्य नपुग्दा १ बजेसम्म बैठक बस्न सकेन। यसपछि नेतृत्वले एएफसी फुटसल एसियन कप छनोट खेल्न मंगोलिया प्रस्थान गर्ने टोलीको बिदाई गरेको थियो। बिदाई कार्यक्रम सकिएपछि पुनः नेतृत्वले कोरम पुऱ्याउन कसरत गरेको हो, जसमा नेतृत्व सफल भयो। बैठकमा अध्यक्ष नेम्वाङसहित दुई उपाध्यक्ष दीपक खतिवडा र दावा लामा तथा सदस्यहरू महेन्द्र क्षेत्री, विकास श्रेष्ठ, पुरुषोत्तम थापा, भरत बुढथापा, टीका लामा, सरिला श्रेष्ठ, दीपेन्द्र धिमाल र जोशी सहभागी भए।

पहिलोपटक संस्थापन पक्षबाट अलग्गिएका वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्का, दुई उपाध्यक्ष विराटजंग शाही र दीर्घबहादुर केसीसँगै सदस्यहरू रूपेश अधिकारी, रवीन्द्र चन्द, अनिल मल्ल, भोजराज शाही, रमेश व्यञ्जनकार, मणिराज विष्ट र पेमा लामा भने बैठकमा सहभागी भएनन्।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

सुजीको कारोवारमा मूल्य अभिवृद्धि कर छुट सुविधा सम्बन्धी जरूरी सूचना

आर्थिक ऐन, २०८० को दफा ३२ ले सुजी उत्पादन वा बिक्री वितरण गर्ने व्यक्तिले आर्थिक वर्ष २०७१/०७२ देखि संवत् २०७६ साल जेठ १४ गतेसम्मको कारोबार रकममा मूल्य अभिवृद्धि कर सङ्कलन र दाखिला नगरेको तथा कर लाग्ने कारोबारमा कर निर्धारण भई तिर्न बाँकी रहेको वा त्यस्तो कर निर्धारण उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा विचाराधीन रहेको मुद्दा फिर्ता लिई आर्थिक वर्ष २०७१/७२ देखि संवत् २०७६ साल जेठ १४ गतेसम्मको त्यस्तो कारोबार रकमको पाँच प्रतिशत रकम संवत् २०८० साल असोज मसान्तभित्र दाखिल गरेमा बाँकी कर, थप दस्तुर, ब्याज र जरिवाना मिनाहाको व्यवस्था भएको व्यहोरा सम्बन्धित करदाताहरुलाई यसै सूचनाद्वारा सूचित गरिएको छ।

यस विषयमा थप जानकारीको लागि विभागको वेबसाइट *www.ird.gov.np* मा राखिएको कार्यविधि अध्ययन गर्नु हुन वा सम्बन्धित कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com